# आदिवासी जनजाति आयोग

## छैटौं वार्षिक प्रतिवेदन

### आ.व. २०८१/०८२

**आदिवासी जनजाति आयोग**

पुल्चोक, ललितपुर, नेपाल

२०८२

छैटौं वार्षिक प्रतिवेदन - आ.व. २०८१/०८२

# आयोगका पदाधिकारी



माननीय रामबहादुर थापामगर
अध्यक्ष



माननीय डा. मीनबहादुर श्रीस
सदस्य



माननीय रीता राना
सदस्य



माननीय शरण राई
सदस्य



माननीय सूर्यबहादुर गुरुङ
सदस्य



श्री बुद्धबहादुर गुरुङ
सचिव

# आदिवासी जनजाति आयोग

## छैटौं वार्षिक प्रतिवेदन

(२०८१-०८२)




आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर, नेपाल

फोन: (+९७७)-१-५५२४७८८, ५५२४४२४

इमेल: inc.gov.np@gmail.com

# आदिवासी जनजाति आयोगको छैटौं वार्षिक प्रतिवेदन-२०८२


| | | |
|---|---|---|
| प्रकाशक | : | आदिवासी जनजाति आयोग<br>पुल्चोक, ललितपुर, नेपाल |
| प्रकाशन प्रति | : | १२०० प्रति |
| फोन नं. | : | ०१-५५२४७८८ |
| वेवसाइट | : | www.inc.gov.np |
| इमेल | : | inc.gov.np@gmail.com |
| सर्वाधिकार | : | © आदिवासी जनजाति आयोग |


नोटः यस पुस्तकबाट कुनै अंश वा तथ्यांक साभार गर्दा स्रोत आदिवासी जनजाति आयोगको प्रतिवेदन २०८२ उल्लेख गर्नुपर्नेछ।

# आदिवासी जनजाति आयोग
## INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर


पत्र संख्या :

चलानी नं. :

मिति: २०८२।०६।३१

**विषय:- छैठौं वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू,
राष्ट्रपतिको कार्यालय,
महाराजगञ्ज, काठमाण्डौ।

आदिवासी जनजाति आयोगले आर्थिक वर्ष २०८१/८२ (२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म) मा सम्पादन गरेका कार्यहरुको गतिविधि र नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने सिफारिसहरुसमेत राखी तयार गरिएको वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीयज्यू समक्ष प्रस्तुत गरेका छौं।

भवदीय,

| | | | | |
|---|---|---|---|---|
| मा. सुर्यबहादुर गुरुङ | मा. शरण राई | मा. रीना राना | मा.डा. मीनबहादुर श्रीस | मा. रामबहादुर थापामगर |
| (सदस्य) | (सदस्य) | (सदस्य) | (सदस्य) | (अध्यक्ष) |


टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

# आभार

आदिवासी जनजाति समुदायका हकअधिकार संरक्षण र सम्बर्द्धनका लागि स्थापित संवैधानिक निकाय आदिवासी जनजाति आयोगले संविधान र आदिवासी जनजाति आयोग ऐनलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही आदिवासी जनजाति समुदायका हक अधिकार कार्यान्वयनको लागि अनुगमन, मूल्याङ्कन र विभिन्न कार्यक्रम (अध्ययन अनुसन्धानलगायत) गर्नु आयोगको संवैधानिक तथा कानुनी दायित्व हो । संविधान र कानुनको पालना एवं समुदायप्रतिको उत्तरदायित्वको बोध गर्दै आफूले गरेको कार्यक्रमको वार्षिक रूपमा सम्बन्धित सबैलाई सुसूचीत गर्न र संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न आयोगले यो वार्षिक प्रतिवेदन तयार गरिएको हो ।

यो प्रकाशन केवल नियमित गरिने कार्य मात्रै नभएर आयोग र आदिवासी जनजाति समुदायको महत्वपूर्ण ऐतिहासिक दस्तावेज पनि हो । आयोगले वर्षभरी गरेका कार्यक्रमको फेहरिस्त मात्रै होइन यो प्रतिवेदनमा आयोगले वर्षभरी आदिवासी जनजाति समुदायको हक अधिकार कार्यान्वयनको अनुगमनका क्रममा सामना गर्दा संवैधानिक, कानुनी, आर्थिक, प्रशासनिकलगायतका बाधा अड्चनका विषयलाई राज्यले गर्नुपर्ने कामहरूलाई सिफारिसको रूपमा पनि प्रतिवेदनमा समावेश गरिन्छ । यो महत्वपूर्ण कार्यको प्रतिफल हो । आयोगको सिफारिस आयोग आफैले अध्ययन अनुगमन गरी प्राप्त तथ्य तथ्याङ्कको आधारमा तयार गरिएको हो । प्रचलित कानुनले व्यवस्था नगरेको तर संविधानको अक्षर र भावनाले आत्मसात् गरेको विषयलाई पनि आयोगले कार्यान्वयन गर्नका लागि सरकारलाई सिफारिस गर्न सक्दछ । यदि आदिवासी जनजातिको परम्परागत दर्शन र प्रचलनलाई संविधान र कानुनले कुण्ठित गर्‍यो भने संविधान र कानुनका त्यस्ता विषयलाई संशोधनका लागि सरकारलाई सिफारिस गर्ने अधिकार आयोगको संवैधानिक अधिकार हो । यसर्थ, आयोगको सिफारिस महत्वपूर्ण हुन्छ । यही मूल्य र मान्यतामा आधारित भएर आयोगले वार्षिक प्रतिवेदनमा आदिवासी जनजातिका हक अधिकारसम्बन्धी विभिन्न विषयका सिफारिस गर्दछ र गर्दैआएको छ ।

प्रतिवेदनको प्रकाशन सम्पादनसँग जोडिएको र सम्पादन कार्य प्राविधिक भएकोले यसको लागि धेरैको योगदान आवश्यक हुन्छ । प्रकाशन संस्थागत या व्यक्तिगत भएपनि सम्पादनका प्राविधिक पक्षहरू वैयक्तिक पनि हुन्छन् । प्रतिवेदन तयार गर्न आवश्यक विषयदेखि सिफारिससम्मका सामग्रीलाई उपलब्ध, संयोजन र मार्गनिर्देशन दिनुहुने सबैलाई धन्यवाद व्यक्त गर्दछु । यो प्रकाशनका लागि सम्पादन कलाका विज्ञ र व्यवसायिक सीप र दक्षता भएका व्यक्तिबाट नभई आयोगले आफैभित्र रहेका ज्ञान र सीपलाई प्रयोग गरेर प्रकाशन गरेको हो । प्रतिवेदनमा भएको त्रुटीप्रति आयोग आफै जिम्मेवार हुने जानकारी गराउँदै प्रतिवेदन तयारीमा योगदान दिनुहुने आयोगका माननीय सदस्य र सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

३१ असोज २०८२
पुल्चोक, ललितपुर, नेपाल ।

**रामबहादुर थापामगर**
(अध्यक्ष)
आदिवासी जनजाति आयोग

# प्रतिवेदनको कार्यकारी सारांश

आदिवासी जनजाति समुदायको गौरवमय इतिहास, पहिचान र अधिकारको लागि ती समुदायले गरेका संघर्ष र बलिदानको उपलब्धिस्वरूप संविधानको धारा २६१ बमोजिम स्थापित आदिवासी जनजाति आयोगले संविधान र आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आर्थिक वर्ष २०८१।०८२ मा गरेका महत्वपूर्ण कार्यको विवरण र नेपाल सरकारले गर्नु पर्ने सिफारिससहित संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न तयार गरिएको आयोगको वार्षिक प्रतिवेदनको कार्यकारी सारांश यसप्रकार छः

प्रतिवेदनको पहिलो परिच्छेद-१ मा आदिवासी जनजाति समुदायले लामो समयदेखि आफ्नो हक अधिकारको लागि गरेको संघर्षको पृष्ठभूमिसहित आयोगको परिचय, गठन, काम, कर्तव्य, अधिकार र आदिवासी जनजाति समुदायलाई संविधान, आदिवासी जनजाति आयोग ऐनसहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनप्रदत्त हक अधिकारबारे संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

परिच्छेद-२ मा नेपाल सरकारद्वारा सूचीकृत ६० आदिवासी जनजाति समुदायको संक्षिप्त परिचयसहित जनसंख्या, शैक्षिक अवस्था, उनीहरूले बोल्ने मातृभाषाको अवस्था, सम्पन्नताको पंचमक विवरण, विकासको आधारमा समूहको बर्गिकरण र आदिवासी जनजातिको संवैधानिक तथा राष्ट्रिय अन्तर्राष्ट्रिय अधिकार र ती अधिकारसम्बन्धी नेपालको संविधान, कानुन र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र घोषणापत्रमा भएको अधिकारबारे संक्षिप्तमा उल्लेख छ । नेपालको कुल जनसंख्याको ३४.८७ प्रतिशत आदिवासी जनजातिको जनसङ्ख्या १ करोड १ लाख ६८ हजार ८ सय ४४ छ । तथ्याङ्क अनुसार ७० लाख ७ हजार २७ जना अर्थात ६८.९ प्रतिशतले आ-आफ्नो मातृभाषा बोल्दछन् । औसतमा आदिवासी जनजातिको साक्षरता दर ७८.२ देखिए पनि डोल्पो आदिवासी समुदायको साक्षरता दर ४८.२ मात्र छ जुन नेपालको औषत ७६.२ भन्दा २८.१ प्रतिशत कम हो । आदिवासी जनजातिको अधिकारसम्बन्धी सङ्युक्त राष्ट्रसङ्घीय घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय कानुनलाई नेपाल सकारले अनुमोदन गरी सर्वोच्च अदालतले समेत परमादेश र फैसला गरिसक्दा पनि नेपाल सरकारले कार्यान्वयन नगरेकोले आदिवासी जनजाति समुदाय आफ्नो हक अधिकारबाट वञ्चित हुनु परेको छ ।

परिच्छेद-३ मा आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्वको बारे उल्लेख छ । गणतन्त्रपछि गठन भएको २०६४ को संविधानसभामा मात्रै आदिवासी जनजातिको पूर्ण समानुपातिक प्रतिनिधित्व ३५.९४ प्रतिशत थियो तर गणतन्त्र कार्यान्वयनपछि नीति निर्माणको उच्च निकाय संघीय संसदमा आदिवासी जनजातिको प्रतिनिधित्व निरन्तर खस्कँदो छ । २०७९ मा निर्वाचित हाल विघटित प्रतिनिधिसभामा आदिवासी जनजातिको ३० प्रतिशत थियो तर समावेशी नामले परिचित राष्ट्रियसभामा हाल आदिवासी जनजातिको प्रतिनिधित्व १३.५ प्रतिशत मात्र छ । संघीयता कार्यान्वयन गर्ने प्रदेशसभामा ३३.२७ प्रतिशत मात्र छ र स्थानीय सरकारमा आशलाग्दो प्रतिनिधित्व ३५.९८ प्रतिशत छ ।

परिच्छेद-४ मा सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्वलाई विश्लेषण गरिएको छ । आयोगको अध्ययन (२०८१) अनुसार विगतको तुलनामा केही बढेपनि विधायिका निर्मित कानुनको कार्यान्वयन गर्ने स्थायी सरकार मानिएको निजामती सेवामा आदिवासी जनजातिको प्रतिनिधित्व १६.९ प्रतिशत र, शिक्षक सेवामा ११.३ प्रतिशत मात्र छ । यो तथ्याङ्कले समावेशी लोकतन्त्र कार्यान्वयनको दुई दशकको अभ्यासले पनि आदिवासी जनजाति समुदाय किनाराकृत रही समावेशी राज्य निर्माण हुन सकेको छैन ।

आदिवासी जनजाति आयोग ऐनको दफा १२ (२)मा आयोगको प्रदेश कार्यालय स्थापना गर्ने प्रावधान भएपनि आयोगको कार्यालय स्थापनामा सरकार उदासिन भएकोले प्रदेशस्तरमा आयोगको काम प्रभावकारी हुन सकेको छैन । संवैधानिक प्रावधान अनुसार हरेक वर्ष प्रदेश प्रमुखलाई वार्षिक प्रतिवेदन पेश गरेपनि प्रदेशसभाहरूमा प्रतिवेदनमाथि आजसम्म छलफल हुन सकेको छैन । आयोगले आफ्नो सीमित श्रोत साधान र समयको बाबजुद हरेक प्रदेशमा आफ्नो गतिविधि गर्दैआएको छ । प्रदेशमा गरिएको कार्यक्रमहरूको प्रदेशगत विवरण प्रतिवेदनको परिच्छेद-५ मा उल्लेख गरिएको छ जहाँ आदिवासी जनजातिको जनसंख्या, भाषा, संस्कृतिको अवस्था र राजनीतिक प्रतिनिधित्वको विश्लेषण छ ।

प्रतिवेदनको परिच्छेद-६ मा आयोगको कार्यसम्पादन र मूल्याङ्कन तथा आयोगमा परेका महत्वपूर्ण उजुरी र आयोगले गरेका महत्वपूर्ण कार्यहरूको विवरण समावेश छ । आयोगमा परेका उजुरीमध्ये आर्थिक, प्रशासनिक तथा गहन अध्ययनको दृष्टिकोणले समय नपुगी स्थगन भएका तर कार्य प्रगतिमा भएका ८ बाहेक अन्य उजुरीलाई आयोगले समाधान गरेको र आयोगले गरेको ३० वटा महत्वपूर्ण कार्यको विवरण उल्लेख छ ।

परिच्छेद-७ मा आयोगले विगतका प्रतिवेदनमा सम्माननीय राष्ट्रपतिज्यूमार्फत् नेपाल सरकारलाई कार्यान्वयनको लागि गरिएको ७७ वटा सिफारिस र त्यसको कार्यान्वयनको अवस्थाबारे उल्लेख छ । सिफारिसमध्ये केहीको आँशिक कार्यान्वयन भएपनि ९० प्रतिशत सिफारिसको कार्यान्वयन भएको छैन ।

परिच्छेद-८ मा आयोगले आफ्नो कार्यसम्पादन गर्दा सामना गरेको कानुनी तथा संवैधानिक, प्रशासनिक र आर्थिक समस्या र ती समस्याले ल्याएको चुनौती र विगतमा जस्तै यो आर्थिक वर्षमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष गरिएको विभिन्न विषयका ७ वटा सिफारिस छ । ज्यादै न्यून आर्थिक तथा भौतिक र मानवीय समस्या नै आयोगको मुख्य समस्या र आयोगको सिफारिस सरकारले कार्यान्वयन नगर्दा संविधान र कानुनप्रदत्त हकअधिकार आदिवासी जनजाति समुदायले उपभोग गर्न नपाएर राज्यलाई समुदायले अपनत्व नलिँदा राज्य र समुदायबीच हुने असामन्जस्यता समन्वयन गर्नुपर्ने चुनौती छ ।

प्रतिवेदनको अन्तिम-९ परिच्छेदमा संविधान र कानुनले दिएको अधिकार र कर्तव्यलाई प्रयोग गरी आदिवासी जनजाति समुदायको उत्थान र विकासका लागि आयोगले आगामी दिनमा गर्ने कार्यक्रमको विषयसहितको विवरण राखिएको छ । र, प्रतिवेदनको अन्त्यमा आयोगले गरेका मुख्य कार्यक्रम सभा समारोह र अन्तर्राष्ट्रिय सम्बन्धमा भएका समझदारी पत्र एवं वक्तव्य र तस्विरहरू राखिएको छ ।

•••

## विषय – सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| आभार | |
| प्रतिवेदनको कार्यकारी सारांश | |
| **परिच्छेद - एक : आदिवासी जनजाति आयोगको परिचय** | **१-२** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको गठन | १ |
| १.३ काम कर्तव्य र अधिकार | २ |
| १.४ आयोगको संगठन, संरचना तथा दरवन्दी | २ |
| १.५ प्रतिवेदन सम्बन्धी व्यवस्था | २ |
| **परिच्छेद - दुई : आदिवासी जनजाति परिचय** | **३-२१** |
| २.१ पृष्ठभूमी | ३ |
| २.२ आदिवासी जनजातिको परिचय | ४ |
| २.३ आदिवासी जनजाति समुदायको जनसंख्या वितरण | ४ |
| २.४ आदिवासी जनजाति समुदायको मातृभाषा | ७ |
| २.५ आदिवासी जनजाति समुदायको साक्षरताको अवस्था ९ | |
| २.६ आदिवासी जनजाति समुदायको जनसंख्या अनुसारको सम्पन्नताको विवरण | ११ |
| २.७ आदिवासी जनजाति समुदायको परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण | १३ |
| २.८ सूचीकृत आदि वासी जनजाति समुदायको समूह वर्गीकरण | १५ |
| २.९ नेपालको संविधानमा आदिवासी जनजाति समुदायका अधिकार | १८ |
| २.१० आदिवासी जनजाति सम्बन्धी कानुनी व्यवस्था | २० |
| २.११ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था | २० |
| **परिच्छेद - तीन : आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व** | **२२-२५** |
| ३.१ पृष्ठभूमि | २२ |
| ३.१ संविधान सभामा आदिवासी जनजातिको प्रतिनिधित्व | २२ |
| ३.२ राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व | २३ |
| ३.३ प्रतिनिधि सभामा आदिवासी जनजातिको प्रतिनिधित्व | २३ |
| ३.४ प्रदेश सभामा आदिवासी जनजातिको प्रतिनिधित्व | २४ |
| ३.५ स्थानीय तह निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व | २४ |
| **परिच्छेद - चार : आदिवासी जनजातिको सार्वजनिक निकायहरुमा प्रतिनिधित्व** | **२६-३६** |
| ४.१ पृष्ठभूमी | २६ |
| ४.१ नेपाल निजामती सेवा | २६ |
| ४.२ शिक्षक सेवा | २८ |
| ४.३ नेपाली सेना | २८ |
| ४.४ नेपाल प्रहरी | २९ |
| ४.५ सशस्त्र प्रहरी बल नेपाल | ३० |
| ४.६ सामावेशी विज्ञापनमार्फत सिफारिस भएका आदिवासी जनजाति | ३२ |
| ४.७ आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवार | ३२ |
| ४.८ अध्ययनमा समावेश सार्वजनिक निकायहरूमा आदिवासी जनजातिको समग्र प्रतिनिधित्व | ३५ |
| ४.९ सार्वजनिक निकायहरूमा आदिवासी जनजातिको समग्र प्रतिनिधित्व अध्ययनको निश्कर्ष | ३५ |

**परिच्छेद - पाँच : प्रदेशगत परिचय तथा विवरण** **३७-७६**
५.१ पृष्ठभूमी ३७
५.२ कोशी प्रदेश ३९
५.३ मधेश प्रदेश ४५
५.४ बागमती प्रदेश ४९
५.५ गण्डकी प्रदेश ५६
५ .६ लुम्बिनी प्रदेश ६३
५.७ कर्णाली प्रदेश ६९
५.८ सुदुर पश्चिम प्रदेश ७३
**परिच्छेद - छ : आयोगको कार्यसम्पादन र कार्यप्रगति विवरण** **७७-८०**
६.१ पृष्ठभूमि ७७
६.२ वित्तीय प्रगति तथा विवरण ७७
६.३ उजुरी तथा गुनासो व्यवस्थापन ७७
६.४ अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु ७८
६.५ अन्तर्राष्ट्रिय सहभागिता र प्रतिनिधित्व ७९
६.६ आयोगको बैठकका निर्णयहरु ८०
६.७ आयोगका प्रकाशनहरु ८०
**परिच्छेद - सात : आयोगले गरेका विगतका सिफारिस र कार्यान्वयनको अवस्था** **८१-८९**
७.१ पृष्ठभूमि ८१
७.२ आयोगका विगतका सिफारिसहरु र कार्यान्वयन अवस्था ८१
**परिच्छेद - आठ : आयोगका समस्या तथा चुनौती र सिफारिस** **९०-९२**
८.१ पृष्ठभूमि ९०
८.२ आयोगका समस्या तथा चुनौती ९०
८.३ नेपाल सरकारलाई आयोगको सिफारिस ९१
**परिच्छेद - नौ : आयोगको आगामी कार्यदिशा** **९३-९५**
९.१ पृष्ठभूमि ९३
९ .२ आयोगको आगामी कार्यदिशा ९३
**अनुसूचीहरु**
**अनुसूचि - १ :** आदिवासी जनजाती आयोगको संगठन संरचना ९६
आ.ब. २०८१/८२को खर्चको फाँटवारी ९७
आ.ब. २०८१/८२ को खर्चको फाँटवारी ९८
आ.ब. २०८१/८२ को खर्चको फाँटवारी १००
**अनुसूची - ३ :** आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम १०१
**अनूसुची - ४ :** आदिवासी जनजाति आयोग र जनवादी गणतन्त्र चीनको जातीय मामिला आयोगबीच मिति २०८१ फागुन १३ गते हस्ताक्षर भएको समझदारी पत्र १०२
**अनूसुची - ५ :** माननीय रामबहादुर थापामगरले दुवै आयोगको सङ्युक्त बैठकमा दिनुभएको मन्तव्य १०४
**अनूसुची - ६ :** Statement by Hon'ble Rina Rana, Member of the Indigenous Nationalities Commission of Nepal at the 24th Session of the United Nations Permanent Forum on Indigenous Issues १०८
**अनुसूची - ७ :** केही महत्वपूर्ण कार्यक्रमका तस्वीरहरु १०९

परिच्छेद - एक

# आदिवासी जनजाति आयोगको परिचय

## १.१ पृष्ठभूमि

किनाराकृत समुदायले राज्यको हरेक निकायमा प्रतिनिधित्व गर्न पाउनुपर्ने मुद्दा उठेपछि आर्थिक, सामाजिक र राजनीतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हकको सुनिश्चितता नेपालको संविधान (२०७२) ले गरेको छ। नेपाल सरकारले आदिवासी जनजातिका अधिकार सम्बद्ध अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि (ILO) नं. १६९, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) २००७, जैविक विविधता सम्बन्धी महासन्धि र १९९२ अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी संरक्षण महासन्धि, २००३ समेतलाई सरकारले अनुमोदन गरेको छ। यी प्रतिबद्धता कार्यान्वयन गर्दै समावेशी लोकतन्त्रको माध्यमबाट नेपाललाई समृद्ध बनाउन संविधानको धारा २६१ मा आदिवासी जनजाति समुदायको हक अधिकार संरक्षण र प्रवर्द्धनको लागि आदिवासी जनजाति आयोगको व्यवस्था छ।

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ र नियमावली, २०७९ लगायतका संवैधानिक र कानुनी जगमा संचालन भएको आदिवासी जनजाति आयोगको प्रमुख जिम्मेवारी आदिवासी जनजातिको अवस्था अध्ययन अनुसन्धान गरी नीतिगत सुधार गर्न, उनीहरुको हक अधिकार उल्लंघन भएमा उजुरी संकलन गरी छानबिन तथा तहकिकात गर्न र कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयनको लागि सिफारिस गर्ने रहेको छ। आयोगले हालसम्म ५ वटा वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरी तीनै तहका सरकारलाई आदिवासी जनजातिको हकहितको संरक्षण, प्रबर्द्धन र सम्बर्द्धन गर्न नीति, कानुन एवं नियम बनाई लागू गर्न सिफारिस गरेको छ। तर आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्था सन्तोषजनक छैन। यसबाट आदिवासी जनजाति समुदायको हक, हित र अधिकारप्रति सरकार गम्भीर हुन सकेको देखिँदैन। आयोगका सिफारिस कार्यान्वयनमा सरकारले उदासिनता देखाउँदा आर्थिक तथा सामाजिक रुपमा आदिवासी जनजाति थप वञ्चितिकरणमा पर्ने भएकोले सिफारिस कार्यान्वयनलाई विशेष प्राथमिकता दिन आवश्यक देखिन्छ।

## १.२ आयोगको गठन

आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृति, हकहितको संरक्षण र सम्वर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरणका लागि संविधानको धारा २६१ बमोजिम एक स्वतन्त्र संवैधानिक अंगको रुपमा आदिवासी जनजाति आयोगको व्यवस्था छ। संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त हुने आयोगमा ६ वर्षको लागि १ अध्यक्ष र ४ सदस्यसहित ५ जना पदाधिकारी रहने व्यवस्था छ।

आयोगको कार्यालयको स्थापना २०७५ साल चैत्रमा भएको हो। आदिवासी जनजाति आयोग ऐन, २०७४ को परिच्छेद २ को दफा ३ मा आयोगको पदाधिकारीमा नियुक्त हुन आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण वा मानव अधिकार वा कानुनको क्षेत्रमा कम्तीमा दश वर्ष योगदान गरेको, मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको, नियुक्त हुँदाका बखत कुनै पनि राजनीतिक दलको सदस्य नरहेको, पैँतालीस वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र भएको योग्यता तोकिएको छ। सोहि प्रावधान अनुसार आयोगको गठन तथा पदाधिकारीको पदस्थापना मिति २०७७।१०।२१ मा भएको हो।

### १.३ काम कर्तव्य र अधिकार

आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा ७ बमोजिम आयोगको मुख्य काम ,कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ:-

क. आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत ,कानुनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ख. आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ग. आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

घ. आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानुनी ,नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

ङ. आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा ,अनुगमन तथा मूल्याङ्कन गर्ने,

च. आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

छ. आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

ज. आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

झ. आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी जाति तथा थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

### १.४ आयोगको संगठन संरचना तथा दरवन्दी

आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारी रहने व्यवस्था छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगबाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका व्यवस्थापकीय कार्यहरु सम्पादन गर्नको लागि प्रशासन, योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तीकरण इकाई गरी २ वटा शाखाहरु रहेका छन्। आयोगको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज अनुसूची- १ मा छ।

### १.५ प्रतिवेदनसम्बन्धी व्यवस्था

संविधानको धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदनबारे उल्लेख छ। आयोगले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउनेछ।

# आदिवासी जनजाति परिचय

## २.१ पृष्ठभूमि

ऐतिहासिक कालखण्डदेखि बसोबास गर्दै आएका आफ्नै मौलिक संस्कार, संस्कृति, मातृभाषा, निश्चित भूगोल, प्रथा, लिखित वा अलिखित परम्परा र इतिहास भएको जाति तथा समुदाय आदिवासी जनजाति हुन् । नेपालका आदिवासी जनजाति समुदायले सामुहिक पद्धतिमा आधारित आफ्नै प्रकारको प्रथाजनित कानुनी प्रणाली लागू गर्दै आएका छन् । मुलुकी ऐन,१९१० लागू हुनु भन्दा अगाडि नेवार समुदायको गुठी, शेर्पाको न्ववा, छन्त्यालको कचरी, बरामको पाङदुरे, तामाङको चोहो, मगरको भेजा, किरात राईको यायोक्खा, लिम्बुको याक्थुङ चुम्लुङ, गुरुङको नाल सभा र नोगोर (पालो पीलो), थारुको वरघर, थकालीको ढिकुर प्रथा उदाहरणको रुपमा लिन सकिन्छ । 'गुठी' को प्रचलन लिच्छविकालदेखि शुरु भएको भन्ने वि.सं. ५१७ को शिलालेखमा उल्लेख भएको पाइन्छ ।

नेपालका आदिवासी जनजाति समुदायको लामो समयदेखि राज्यका निकायमा न्यून प्रतिनिधित्वका कारण बहिष्करणमा पर्दै आएका छन् । शासन व्यवस्थाको संरचनाले नेपालको जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक विविधतालाई आत्मसात् गर्न नसक्दा आदिवासी जनजाति राज्यका मूल प्रवाहबाट वञ्चित भए । नेपालको पहिलो मुलुकी ऐन, १९१० ले समाजलाई उच्च र नीच जातमा विभाजन गर्दै जातीय भेदभावलाई कानुनी रूपमा संस्थागत गर्‍यो । यस व्यवस्थाले गैर-खस आर्य समुदायलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा दोस्रो दर्जाको नागरिकका रूपमा राख्यो । नेपाल सरकार वैधानिक कानुन, २००४ जारी गरिए पनि व्यवहारमा कुनै परिवर्तन भएन । २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि जारी अन्तरिम शासन विधान, २००७ ले नागरिक अधिकारका केही आधार तयार पार्ने प्रयत्न गरे तापनि जातीय विभेदको अन्त्य गर्ने दिशामा कुनै ठोस प्रयास भएन । वि.सं. २०१५ सालमा नेपाल अधिराज्यको संविधान जारी भएपश्चात केही मौलिक हकको प्रावधान थियो । तर, यी अधिकार सबै नागरिकका लागि समान रूपमा लागू हुने स्थिति थिएन । वि.सं. २०१७ सालमा राजा महेन्द्रले संसद विघटन गरी प्रत्यक्ष राजतन्त्र लागू गरेपछि आदिवासी जनजाति झन् बढी बहिष्करणमा परे। वि.सं. २०१९ सालको संविधानले समावेशिताको नारा दिए पनि व्यवहारिक रूपमा केही निश्चित जाति, समुदाय र वर्गलाई मात्र अवसर सुनिश्चित गर्‍यो ।

राजनीतिक संरचनाले मूलरूपमा खस आर्य समुदायको प्रभुत्वलाई संस्थागत गर्दा आदिवासी जनजातिका हक र पहिचान ओझेलमा परे। जातीय विभेदकै आधारमा बनेको मुलुकी ऐन, १९१० लाई अन्त्य गर्दै वि.सं. २०२० सालमा नयाँ मुलुकी ऐन लागू गरिए पनि व्यवहारिक रूपमा यसको प्रभाव सीमित रह्यो । पञ्चायती व्यवस्थाले सामाजिक संघ संस्था दर्ता ऐन, २०३४ मार्फत संघसंस्था खोल्ने बाटो खुला गरे तापनि प्रशासनिक नियन्त्रणका कारण आदिवासी जनजातिका संगठनहरू स्वतन्त्र रूपमा काम गर्न सकेनन्। वि.सं. २०४६ सालको जनआन्दोलनपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले वाक स्वतन्त्रता, संघसंस्था खोल्ने अधिकार र नागरिक अधिकार सुनिश्चित गर्‍यो । यसबाट आदिवासी जनजातिका मुद्दाहरू खुलेर उठाउने अवसर मिल्यो। राजनीतिकरूपमा समान पहुँचको माग गर्दै आदिवासी जनजाति संगठित भए, जसले उनीहरूको पहिचान, भाषा, धर्म तथा सांस्कृतिक अधिकारबारे व्यापक बहस सुरु गरायो ।

विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनहरूसँगै आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न नेपाल सरकारले वि.सं. २०५२ सालमा जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गर्‍यो । त्यसपछि वि.सं. २०५४ सालमा राष्ट्रिय जनजाति विकास समिति स्थापना भयो र वि.सं. २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन जारी भयो । यो ऐन मार्फत ५९ जातिलाई आदिवासी जनजातिको सूचीमा समावेश गरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना भयो । वि.सं. २०७७।०२।०५ को राजपत्रमा प्रकाशित सूचनाद्वारा थप रानाथारु गरी जम्मा ६० समुदाय सूचीकृत भएको छ । संविधानले

औपचारिक रूपमा आदिवासी जनजातिको पहिचान स्वीकार गरे पनि राज्यका विभिन्न निकायमा उनीहरूको सहभागिता बढाउने ठोस उपाय अपनाइएन। वि.सं. २०६२/०६३ को दोस्रो जनआन्दोलनपछि नेपालको अन्तरिम संविधान, २०६३ जारी भएसँगै आदिवासी जनजातिको आवाज मूलधारमा समावेश हुन थाल्यो। संविधानसभामा ३८ आदिवासी जनजातिका २१६ जना सभासद निर्वाचित भए। यी सभासदहरूले आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न संविधानमै विशेष प्रावधान राख्न माग गर्दै आदिवासी जनजाति सभासद सभा निर्माण गरे। सभाले आदिवासी जनजातिका अधिकार सुरक्षित गर्न समानुपातिक प्रतिनिधित्वको व्यवस्था तथा संवैधानिक आयोगको स्थापनाको माग गर्‍यो।

नेपालको संविधान (२०७२) मा आदिवासी जनजाति आयोगलाई संवैधानिक निकायको रुपमा व्यवस्था गरियो। वि.सं. २०७४ सालमा आदिवासी जनजाति आयोग ऐन जारी भइ सोको अधीनमा रही आदिवासी जनजाति आयोगको स्थापना भयो। वि.सं. २०७७ सालमा संवैधानिक परिषद्को सिफारिसमा आदिवासी जनजाति आयोगका पदाधिकारीहरू नियुक्त भई आयोग औपचारिक रूपमा कार्यान्वयनमा आयो। नेपालको संविधानले आदिवासी जनजातिका भाषा, संस्कृति, पहिचान र अधिकारलाई संविधानमै समेट्दै समानुपातिक प्रतिनिधित्वको प्रावधान सुनिश्चित गर्‍यो। यद्यपि व्यवहारिक रूपमा आदिवासी जनजातिको सहभागिता अझै पनि पूर्ण समानुपातिक हुन सकेको छैन।

नेपालको शासन व्यवस्थाले आदिवासी जनजातिको अधिकारलाई संवैधानिक रूपमा संस्थागत गरे तापनि नीति निर्माणमा उनीहरूको प्रभावकारी सहभागिता अझै सुनिश्चित हुन सकेको छैन। संविधानले आदिवासी जनजातिको अधिकारको रक्षा गर्ने व्यवस्था गरे तापनि नीति कार्यान्वयनको स्तरमा चुनौती कायम छ। समानुपातिक प्रतिनिधित्व र समावेशीकरणको माध्यमबाट बहिष्करण अन्त्य गर्ने प्रयासले केही आदिवासी जनजातिको अवस्था सुधार गरे पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा गरिब, कमजोर र पछाडि परेका आदिवासी जनजातिको अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन।

### २.२ आदिवासी जनजातिको परिचय

मानव जातिको उत्पत्ति र विकासक्रम अफ्रिकाबाट फैलिएको भन्ने मान्यता भएता पनि नेपालका आदिवासी जनजाति समुदाय आदिमकालदेखि यही भूगोलमा बसोबास गर्दै आएको, आफ्नै मातृभाषा, रीतिरिवाज, संस्कार र संस्कृतिको विकास गरी आएका समुदाय हुन्। समुदायको मानव विकासको प्रारम्भिक कालदेखि नै यही भूगोलमा भएकोले यिनीहरुलाई आदिवासी जनजाति भनिएको हो। नेपालको कुल जनसंख्या २,९१,६४,५५८ मध्ये १,०१,६८,८४४ आदिवासी जनजातिको जनसंख्या रहेको छ जुन कुल जनसंख्याको ३४.८७ प्रतिशत हो। आदिवासी जनजातिमध्ये धैरै जनसंख्या भएको जाति मगरको २०,१३,४९८ र कम कुशुण्डाको जनसंख्या २५३ छ। सूचीकृत ६० जाति आदिवासी जनजाति सूचीमा सूचीकृत छन्। सूचीकृतमध्ये धैरै जातिको मानव विकास सूचकांङ्क औसतभन्दा कम रहेकोले अति सीमान्तकृत र लोपोन्मुख जातिलाई राज्यको मूलधारमा ल्याउन राज्यले विशेष नीति बनाउन जरुरी देखिएको छ।

**आदिवासी जनजातिको परिभाषा**

आदिवासी जनजातिलाई कुनै भूगोल, देश वा स्थानमा पहिलेदेखि बसोबास गर्दै आएको जाति, आदिम निवासी, आदिम जाति भन्ने सम्झनु पर्दछ, **(नेपाली बृहत् शव्दकोष)**। "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित अलिखित इतिहास भएको अनुसूची वमोजिमका जाति वा समुदाय सम्झनु पर्दछ" **(आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८)**।

### २.३ आदिवासी जनजाति समुदायको जनसंख्या वितरण

सूचीकृत ६० जनजातिमध्ये राष्ट्रिय जनगणना, २०७८ मा सियार, थुदाम, छैरोतन, ताङवे, तीनगाउँले थकाली, बाह्रगाउँले र

मार्फाली थकालीको जनसंख्या उल्लेख छैन। नेपालका आदिवासी जनजाति समुदायमा केही समुदायको जनसंख्या स्थिर रहेको वा थोरै मात्र वृद्धि भएको देखिन्छ भने केही समुदायको जनसंख्या घट्दो अवस्थामा रहेको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार आदिवासी जनजाति समुदायको कुल जनसंख्या ९४,८७,६४२ (३५.८१%) थियो भने दस वर्ष पछि (वि. सं. २०७८) मा यो संख्या १,०१,६८,८४४ (३४.८७%) पुगेको छ। आदिवासी जनजाति समुदायको बसोबास नेपालको हिमाल, पहाड र तराई तीनै भौगोलिक क्षेत्रमा रहेको छ। प्रदेशगत रूपमा हेर्दा बागमती प्रदेशमा ५३.९%, कोशी प्रदेशमा ४९.७%, गण्डकी प्रदेशमा ४४.७%, लुम्बिनी प्रदेशमा ३३.१%, सुदूरपश्चिम प्रदेशमा २१.१%, कर्णाली प्रदेशमा १४.१% तथा मधेश प्रदेशमा १४.०% आदिवासी जनजाति जनसंख्या रहेको छ।

जातिगत रूपमा हेर्दा तामाङ समुदायको जनसंख्या २०६८ मा १६.२३% थियो भने २०७८ मा १६.१३% भएको छ। प्रतिशतमा सामान्य गिरावट भए पनि तामाङ समुदायको जनसंख्या धेरै देखिन्छ। मगर समुदायको जनसंख्या २०६८ र २०७८ दुवै वर्षमा १९.९०% मा स्थिर रहेको देखिन्छ। गुरुङ समुदायको जनसंख्या २०६८ मा ५.५१% थियो भने २०७८ मा यो ५.३५% मा रहेको छ। शेर्पा समुदायको जनसंख्या २०६८ मा १.१९% थियो। २०७८ मा वृद्धि भई १.२८% पुगेको छ। भोटे समुदायको जनसंख्या दस वर्षको अन्तरालमा ०.१४% बाट बढेर ०.१६% पुगेको छ। थारू समुदायको जनसंख्या २०६८ मा १८.३१% थियो। २०७८ मा यो घटेर १७.७७% मा भएको छ। चेपाङ समुदायको जनसंख्या ०.७२% बाट बढेर ०.८३% पुगेको छ।

दस वर्षको अन्तरालमा (वि.सं. २०६८ देखि २०७८), नेवार समुदायको जनसंख्या १३.९३% बाट १३.१९% मा भएको छ भने राई समुदायको जनसंख्या ६.५३% बाट घटेर ६.३०% मा पुगेको छ। याक्खा समुदायको जनसंख्या ०.२६% बाट घटेर ०.१७% र ल्होपा समुदायको जनसंख्या ०.०३% बाट घटेर ०.०१% मा भएको छ। थामी समुदायको जनसंख्या ०.३०% बाट बढेर ०.३२% पुगेको छ भने सुनुवार समुदायको जनसंख्या ०.५९% बाट ०.७८% मा वृद्धि भएको छ। माझी समुदायको जनसंख्या ०.८८% बाट १.१०% मा वृद्धि भएको देखिन्छ। त्यस्तै, राजवंशी समुदायको जनसंख्या १.२१% बाट बढेर १.३०% मा पुगेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०६८ र २०७८)। यी तथ्यांकले केही आदिवासी जनजाति समुदायमा सकारात्मक जनसंख्या वृद्धिको संकेत गरे पनि केही समुदायको जनसंख्या घट्दो प्रवृत्तिमा रहेको देखिन्छ (तालिका २.१)।

**तालिका २.१: आदिवासी जनजाति समुदायको जनसंख्या वितरण**

| आदिवासी जनजाति समुदाय | जनगणना वर्ष (वि. सं.) | | | |
|---|---|---|---|---|
| | २०६८ | | २०७८ | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छैरोतन | | ०.०० | | ०.०० |
| डोल्पो | ४,१०७ | ०.०४ | ५,८१८ | ०.०६ |
| ताङ्वे | | ०.०० | | ०.०० |
| तोप्केगोला | १,५२३ | ०.०२ | ६४२ | ०.०१ |
| थुदाम | | ०.०० | | ०.०० |
| थकाली | १३,२१५ | ०.१४ | ११,७४१ | ०.१२ |
| तीनगाउँले थकाली | | ०.०० | | ०.०० |
| बाह्रगाउँले | | ०.०० | | ०.०० |
| मार्फाली थकाली | | ०.०० | | ०.०० |
| वालुङ | १,२४९ | ०.०१ | ४८१ | ०.०० |
| व्यासी | ३,८९५ | ०.०४ | ५,७१८ | ०.०६ |

| | | | | |
|---|---|---|---|---|
| भोटे | १३,३९७ | ०.१४ | १५,८१८. | ०.१६ |
| मुगाली | | ०.०० | २,१२४ | ०.०२ |
| लार्के | | ०.०० | ४,४१४ | ०.०४ |
| ल्होपा | २,६२४ | ०.०३ | १,३९० | ०.०१ |
| ल्होमी(शिङसावा) | १,६१४ | ०.०२ | ३५५ | ०.०० |
| शेर्पा | १,१२,९४६ | १.१९ | १,३०,६३७ | १.२८ |
| सियार | | ०.०० | | ०.०० |
| कुसुण्डा | २७३ | ०.०० | २५३ | ०.०० |
| गुरुङ | ५,२२,६४१ | ५.५१ | ५,४३,७९० | ५.३५ |
| चेपाङ(प्रजा) | ६८,३९९ | ०.७२ | ८४,३६४ | ०.८३ |
| छन्त्याल | ११,८१० | ०.१२ | ११,९६३ | ०.१२ |
| जिरेल | ५,७७४ | ०.०६ | ६०३१ | ०.०६ |
| तामाङ | १५,३९,८३० | १६.२३ | १६,३९,८६६ | १६.१३ |
| थामी | २८,६७१ | ०.३० | ३२,७४३ | ०.३२ |
| दुरा | ५,३९४ | ०.०६ | ५,५८१ | ०.०५ |
| नेवार | १,३२१,९३३ | १३.९३ | १३,४१,३६३ | १३.१९ |
| पहारी | १३,६१५ | ०.१४ | १५,०१५ | ०.१५ |
| फ्री | | ०.०० | ९२१ | ०.०१ |
| बनकरिया | | ०.०० | १८० | ०.०० |
| बरामो(बराम) | ८,१४० | ०.०९ | ७,८५९ | ०.०८ |
| भुजेल | ११८,६५० | १.२५ | १,२०,२४५ | १.१८ |
| मगर | १,८८७,७३३ | १९.९० | २०,२३,३२५ | १९.९० |
| याक्खा | २४,३३६ | ०.२६ | १७,४६० | ०.१७ |
| राई | ६,२०,००४ | ६.५३ | ६,४०,६७४ | ६.३० |
| राउटे | ६१८ | ०.०१ | ५६६ | ०.०१ |
| लिम्बू | ३,८७,३०० | ४.०८ | ४,१४,७०४ | ४.०८ |
| लेप्चा | ३,४४५ | ०.०४ | ३,५७८ | ०.०४ |
| सुनुवार(कोइँच) | ५५,७१२ | ०.५९ | ७८,९१० | ०.७८ |
| सुरेल | | ०.०० | ३१८ | ०.०० |
| हाय | २,९२५ | ०.०३ | ३,०६९ | ०.०३ |
| ह्योल्मो | १०,७५२ | ०.११ | ९,८१९ | ०.१० |
| कुमाल | १,२१,१९६ | १.२८ | १,२९,७०२ | १.२८ |
| दनुवार | ८४,११५ | ०.८९ | ८२,७८४ | ०.८१ |
| दराई | १६,७८९ | ०.१८ | १८,६९५ | ०.१८ |
| बोटे | १०,३९७ | ०.११ | ११,२५८ | ०.११ |
| माझी | ८३,७२७ | ०.८८ | १,११,३५२ | १.१० |

| | | | | |
|---|---|---|---|---|
| राझी/राजी | ४,२३५ | ०.०४ | ५,१२५ | ०.०५ |
| किसान | १,७३९ | ०.०२ | १,४७९ | ०.०१ |
| कुशवाडिया (पत्थरकट्टा) | ३,१८२ | ०.०३ | ३,३४३ | ०.०३ |
| गनगाई | ३६,९८८ | ०.३९ | ४१,४४६ | ०.४१ |
| झाँगड (उराँव) | ३७,४२४ | ०.३९ | ४६,८४० | ०.४६ |
| ताजपुरिया | १९,२१३ | ०.२० | २,०९८९ | ०.२१ |
| थारू | १७,३७,४७० | १८.३१ | १८,०७,१२४ | १७.७७ |
| धानुक (राजवंशी) | २,१९,८०८ | २.३२ | २,५२,१०५ | २.४८ |
| धिमाल | २६,२९८ | ०.२८ | २५,६४३ | ०.२५ |
| मेचे (वोडो) | ४,८६७ | ०.०५ | ५,१९३ | ०.०५ |
| राजवंशी (कोच) | १,१५,२४२ | १.२१ | १,३२,५६४ | १.३० |
| सतार (सन्थाल) | ५१,७३५ | ०.५५ | ५७,३१० | ०.५६ |
| रानाथारु | | ०.०० | ८३,३०८ | ०.८२ |
| अन्य शीर्षकमा देखाइएको | १,२०,६९२ | १.२७ | १,५०,८४९ | १.४८ |
| कुल जम्मा | ९४,८७,६४२ | १०० | १,०१,६८,८४४ | १०० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८, २०७८

**२.४ आदिवासी जनजाति समुदायको मातृभाषा**

राष्ट्रिय जनगणना, २०७८ अनुसार ७०,०७,०२७ जनसंख्याले विभिन्न आदिवासी जनजाति भाषालाई मातृभाषाका रूपमा बोल्छन् । सबैभन्दा धेरै थारु समुदायको २४.४६% संख्याले थारू भाषा मातृभाषाका रूपमा प्रयोग गर्छन् । तामाङ भाषा बोल्नेको संख्या २०.३१%, मगर भाषा बोल्नेको १२.८९% र नेवारी भाषा बोल्नेको संख्या १२.३२% रहेको छ । लिम्बू भाषा ५%, गुरुङ भाषा ४.६८% र शेर्पा भाषा १.६८% संख्याले मातृभाषाका रूपमा प्रयोग गर्छन् । त्यस्तै, राई भाषा २.०६% र राजवंशी (कोच) भाषा १.८६% संख्याले बोल्ने गरेका छन् । चेपाङ (प्रजा) भाषा ०.८३% र याक्खा भाषा ०.२०% संख्याले मातृभाषाका रूपमा प्रयोग गर्छन्। भोटे, मुगाली, ल्होपा र ह्योल्मो भाषा क्रमशः ०.१८%, ०.०४%, ०.०३% र ०.१४% संख्याले बोल्ने गरेका छन् । कुसुण्डा, सुरेल र राउटे जस्ता लोपोन्मुख समुदायका मातृभाषाको प्रयोग न्यून छ ।

**तालिका २.२ : आदिवासी जनजाति समुदायको मातृभाषा वक्ता प्रतिशत**

| **आदिवासी जनजाति समुदाय** | **जनगणना वर्ष** | |
|---|---|---|
| | **२०७८** | |
| | **वक्ता संख्या** | **प्रतिशत** |
| छैरोतन | | ०.०० |
| डोल्पो | ३,२४४ | ०.०५ |
| ताङ्वे | | ०.०० |
| तोप्केगोला | | ०.०० |
| थुदाम | | ०.०० |
| थकाली | ४,२२० | ०.०६ |
| तीनगाउँलेथकाली | | ०.०० |

| | | |
|---|---|---|
| बाह्रगाउँले | | ०.०० |
| मार्फालीथकाली | | ०.०० |
| वालुङ | ५४५ | ०.०१ |
| व्यासी | १,७०६ | ०.०२ |
| भोटे | १२,८९५ | ०.१८ |
| मुगाली | २,८३४ | ०.०४ |
| लार्के | ४,२८४ | ०.०६ |
| ल्होपा | २,३४८ | ०.०३ |
| ल्होमी(शिङसावा) | ४१३ | ०.०१ |
| शेर्पा | १,१७,८९६ | १.६८ |
| सियार | | ०.०० |
| कुसुण्डा | २३ | ०.०० |
| गुरुङ | ३,२८,०७४ | ४.६८ |
| चेपाङ(प्रजा) | ५८,३९२ | ०.८३ |
| छन्त्याल | ४,२८२ | ०.०६ |
| जिरेल | ५१६७. | ०.०७ |
| तामाङ | १४,२३,०७५ | २०.३१ |
| थामी | २६,८०५. | ०.३८ |
| दुरा | १,९९१. | ०.०३ |
| नेवार | ८,६३,३८० | १२.३२ |
| पहारी | ५,९४६. | ०.०८ |
| फ्री | | ०.०० |
| बनकरिया | ८६ | ०.०० |
| बरामो(बराम) | १,५३९ | ०.०२ |
| भुजेल | १३,०८६ | ०.१९ |
| मगर | ९,०३,२९३ | १२.८९ |
| याक्खा | १४,२४१. | ०.२० |
| राई | १,४४,५१२ | २.०६ |
| राउटे | ७४१ | ०.०१ |
| लिम्बू | ३,५०,४३६ | ५.०० |
| लेप्चा | २,२४० | ०.०३ |
| सुनुवार(कोइँच) | ३२,७०८ | ०.४७ |
| सुरेल | १७४ | ०.०० |
| हाय | १,१३३ | ०.०२ |
| ह्योल्मो | ९,६५८ | ०.१४ |
| कुमाल | १८,४३५ | ०.२६ |
| दनुवार | ४९,९९२ | ०.७१ |

| | | |
|---|---|---|
| दराई | १२,१५६ | ०.१७ |
| बोटे | ७,६८७ | ०.११ |
| माझी | ३२,९१७ | ०.४७ |
| राझी/राजी | ४,२४७ | ०.०६ |
| किसान | १,००४ | ०.०१ |
| कुशवाडिया(पत्थरकट्टा) | | ०.०० |
| गनगाई | २६,२८१ | ०.३८ |
| झाँगड(उराँव) | ३८,८७३ | ०.५५ |
| ताजपुरिया | २०,३४९ | ०.२९ |
| थारू | १७,१४,०९१ | २४.४६ |
| धानुक(राजवंशी) | | ०.०० |
| धिमाल | २०,५८३ | ०.२९ |
| मेचे(वोडो) | ४,२०३ | ०.०६ |
| राजवंशी(कोच) | १,३०,१६३ | १.८६ |
| सतार(सन्थाल) | ५३,६७७ | ०.७७ |
| रानाथारु | ७७,७६६ | १.११ |
| अन्य शीर्षकमा देखाइएको | ४,५३,२३६ | ६.४७ |
| जम्मा | ७०,०७,०२७ | १०० |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

## २. ५ आदिवासी जनजाति समुदायको साक्षरताको अवस्था

आदिवासी जनजातिको साक्षरता दरको अवस्था हेर्दा राष्ट्रिय जनगणना, २०७८ अनुसार आदिवासी जनजातिको मानव विकासको अवस्था केही जातिको राष्ट्रिय औसतभन्दा धैरै माथि र केही जातिको निकै तल छ । शिक्षा र साक्षरताको अवस्था पनि केही जातिको अवस्था राम्रो र केही जातिको सुधार गर्नुपर्ने अवस्था रहेको तलको तालिकाबाट देखिन्छ ।

**तालिका नं :२.३: आदिवासी जनजातिको जनसंख्या अनुसारको साक्षरता विवरण**

| आदिवासी / जनजाति | जम्मा | पढ्न र लेख्न दुवै जानेको | पढ्न मात्र जानेको | पढ्न लेख्न नजानेको | नखुलेको | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|
| मगर | १८,६०,६३४ | १५,०५,४७२ | १०,३०२ | ३,४३,६९७ | १,१६३ | ८०.९ |
| थारु | १६,७७,८५२ | १२,६५,७४८ | १०,९५९ | ४,००,६६८ | ४७७ | ७५.४ |
| तामाङ | १५,११,२२१ | ११,१५,४३१ | ५,८७० | ३,८९,७५६ | १६४ | ७३.८ |
| नेवा: (नेवार) | १२,६७,६८० | १०,७७,९७९ | ५,०९७ | १,८४,३६५ | २३९ | ८५.० |
| राई | ५,९६,०४० | ४,९२,५१६ | १,७५४ | १,०१,७३३ | ३७ | ८२.६ |
| गुरुङ | ५,११,७४८ | ४,१४,३८८ | ३,२३१ | ९३,६२६ | ५०३ | ८१.० |
| याक्थुङ /लिम्बु | ३,८४,१५३ | ३,२३,६०६ | ९४६ | ५९,५८२ | १९ | ८४.२ |
| धानुक | २,२६,२५६ | १,४६,१५५ | ५३१ | ७९,५४८ | २२ | ६४.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजवंशी | १,२२,९४५ | ९३,१२५ | २९८ | २९,५१५ | ७ | ७५.७ |
| शेर्पा | १,२१,५२१ | ९३,८९२ | ५२६ | २७,०९५ | ८ | ७७.३ |
| कुमाल | १,१८,५३० | ८९,५४१ | ६९० | २८,२२० | ७९ | ७५.५ |
| घर्ती /भुजेल | १,११,३०८ | ८६,५३९ | ५२० | २४,२०६ | ४३ | ७७.७ |
| माझी | १,०१,७४९ | ६५,०४९ | ३७१ | ३६,३१८ | ११ | ६३.९ |
| रानाथारु | ७७,३९४ | ५७,२०१ | ८०६ | १९,३६५ | २२ | ७३.९ |
| दनुवार | ७५,२३७ | ५३,४७५ | २१४ | २१,५३५ | १३ | ७१.१ |
| चेपाङ /प्रजा | ७४,४१७ | ५१,२३६ | ३४२ | २२,८२० | १९ | ६८.८ |
| सुनुवार | ७२,९०५ | ५८,५५४ | ३३७ | १३,९९४ | २० | ८०.३ |
| सन्थाल | ५१,८३८ | ३३,६८५ | १२८ | १८,०१७ | ८ | ६५.० |
| उराव/कुडुख | ४२,४५६ | २७,५६० | ७६ | १४,८१३ | ७ | ६४.९ |
| गनगाई | ३८,०३० | २८,५८४ | ३७ | ९,४०८ | १ | ७५.२ |
| थामी | २९,६४१ | २१,५५७ | २६४ | ७,८१९ | १ | ७२.७ |
| धिमाल | २३,८७८ | १८,३५६ | १११ | ५,४०८ | ३ | ७६.९ |
| ताजपुरिया | १९,२७७ | १४,१४३ | ७३ | ५,०६० | १ | ७३.४ |
| दराई | १७,३०८ | १३,५१८ | १०८ | ३,६६३ | १९ | ७८.१ |
| याक्खा | १६,२५५ | १३,३२८ | २५ | २,९०१ | १ | ८२.० |
| भोटे | १४,७३१ | १०,०५७ | ५९ | ४,५७८ | ३७ | ६८.३ |
| पहारी | १३,८६७ | ९९६३ | २६ | ३,८७७ | १ | ७१.८ |
| छन्त्याल/छन्तेल | ११,२११ | ९,१३९ | ७६ | १,९९२ | ४ | ८१.५ |
| थकाली | ११,१९० | ९,६८५ | १०२ | १,३८९ | १४ | ८६.६ |
| बोटे | १०,३३९ | ७,६०२ | ५८ | २,६७४ | ५ | ७३.५ |
| ह्योल्मो/योल्मोपा | ९,२४५ | ६,२७५ | ४४ | २,९२४ | २ | ६७.९ |
| बराम /बरामु | ७,३०० | ५,४०२ | ८३ | १,८०७ | ८ | ७४.० |
| जिरेल | ५,६५६ | ४,५१४ | १५ | १,१२७ | ० | ७९.८ |
| डोल्पो | ५,५३६ | २,६६३ | १३४ | २,७३६ | ३ | ४८.१ |
| दुरा | ५,३०७ | ४,३८८ | ३१ | ८८५ | ३ | ८२.७ |
| ब्यासी/सौका | ५,१४७ | ३,६६९ | १६ | १,४५९ | ३ | ७१.३ |
| मेचे | ४,८१० | ३,७५४ | ८ | १,०४८ | ० | ७८.० |
| लेप्चा | ३,३४६ | २,८०४ | १ | ५४१ | ० | ८३.८ |
| पथरकट/कुशवाडीया | २,९६६ | १,५७५ | २९ | १,३६० | २ | ५३.१ |
| हायु | २,८४२ | २,१२७ | ४ | ७११ | ० | ७४.८ |
| मुगाल /मुगुम | २,००० | १,१६० | ४ | ८३६ | ० | ५८.० |
| किसान | १,३७५ | ९०५ | ७ | ४६३ | ० | ६५.८ |
| ल्होपा | १,३१३ | ७०५ | २० | ५८४ | ४ | ५३.७ |
| फ्री | ८४० | ६७४ | ६ | १६० | ० | ८०.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तोप्केगोला | ५७८ | ४२६ | ३ | १४९ | ० | ७३.७ |
| राउटे | ५०८ | २९२ | ० | २१६ | ० | ५७.५ |
| वालुङ | ४५८ | ३६० | ६ | ९२ | ० | ७८.६ |
| ल्होमी | ३२५ | २६५ | २ | ५८ | ० | ८१.५ |
| सुरेल | ३०१ | २६७ | ३ | ३१ | ० | ८८.७ |
| कुसुण्डा | २३४ | १७८ | ० | ५६ | ० | ७६.१ |
| बनकरिया | १६० | १३५ | ० | २५ | ० | ८४.४ |
| जम्मा आदिवासी | ९२,७१,८५८ | ७२,४९,६२२ | ४४,३५३ | १९,७४,९१० | २,९७३ | ७८.२ |
| अन्य | १,७४,५३,४३७ | १,३१,२८,३५८ | ६९,९७८ | ४२,४८,१५१ | ६,९५० | ७५.२ |
| नेपाल (राष्ट्रिय तह) | २,६७,२५,२९५ | २,०३,७७,९८० | १,१४,३३१ | ६२,२३,०६१ | ९,९२३ | ७६.२ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

माथिको तालिका अध्ययन गर्दा नेपालका ६० आदिवासी जनजातिमध्ये सुरेल जाति सबै भन्दा बढी साक्षर रहेको देखिन्छ, जसको साक्षरता ८८.७% रहेको छ भने डोल्पो जातिको साक्षरता सबैभन्दा कम रहेको देखिन्छ जुन ४८.१% रहेको छ।

## २.६ आदिवासी जनजाति समुदायको जनसंख्या अनुसारको सम्पन्नताको विवरण

राष्ट्रिय जनगणना, २०७८ ले घरको संरचना बनोट (जग, पर्खाल, छानो, भुई), खानेपानीको मुख्य स्रोत, खाना पकाउन र बत्ती बाल्न प्रयोग हुने इन्धन, शौचालयको सुविधा र अन्य घरायसी चल, अचल सम्पत्तिको स्वामित्व र भोगचलनको आधारमा हाल देशमा बसोबास गर्ने परिवारको सम्पन्नताको पञ्चमक वर्गीकरण (Wealth Quintile) निर्धारण गरेको छ। जस अनुसार आदिवासी जनजाति समुदायको जनसंख्या तथा परिवार अनुसारको सम्पन्नताको विवरण तलको तालिकाहरुमा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २.४: आदिवासी जनजातिको जनसंख्या अनुसारको सम्पन्नताको पञ्चमक विवरण**

| आदिवासी / जनजाति | जम्मा | अति न्युन | न्युन | मध्यम | उच्च | अति उच्च |
|---|---|---|---|---|---|---|
| मगर | २०,१३,४९८ | ४,७०,७३५ | ५,२१,७६४ | ३,६२,०६३ | ३,४५,८९४ | ३,१३,०४२ |
| थारु | १८,०७,१२४ | २,८४,९२७ | ४,५१,०२६ | ४,९३,०५५ | ३,८२,३६९ | १,९५,७४७ |
| तामाङ | १६,३९,८६६ | ३,२८,५११ | ३,४४,११८ | ३,६८,६२५ | ३,५४,१६९ | २,४४,४४३ |
| नेवार | १३,४१,३६३ | ६३,७१५ | ९५,८६२ | १,६४,६२७ | २,६५,२५७ | ७,५१,९०२ |
| राई | ६,४०,६७४ | १,५७,८९९ | १,५२,३४८ | १,१८,५७६ | १,१२,३८५ | ९९,४६६ |
| गुरुङ | ५,४३,७९० | ६५,९८६ | ९१,०९३ | ९३,२७२ | १,१०,७२१ | १,८२,७१८ |
| याक्थुङ /लिम्बु | ४,१४,७०४ | ९०,५६१ | १,१६,३२८ | ७८,२४४ | ६५,३२४ | ६४,२४७ |
| धानुक | २,५२,१०५ | ६०,११८ | ६५,१५३ | ६८,०२७ | ४३,१३४ | १५,६७३ |
| राजवंशी | १३,२,५६४ | १६,७७६ | २८,२४२ | ३६,४५५ | ३४,२८० | १६,८११ |
| शेर्पा | १,३०,६३७ | २९,८७९ | ३४,६८६ | २२,३४६ | १७,८७४ | २५,८५२ |
| कुमाल | १,२९,७०२ | २७,०९४ | २८,४८७ | ३१,२९७ | २८,७६४ | १४,०६० |
| घर्ती /भुजेल | १,२०,२४५ | २४,४२१ | २६,८३१ | २६,८४४ | २३,७५९ | १८,३९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माझी | १,११,३५२ | ३२,४६७ | २४,५४१ | २७,६८७ | १९,३९७ | ७,२६० |
| चेपाङ /प्रजा | ८४,३६४ | ४८,९०८ | १५,६३८ | १२,२९२ | ५,६०७ | १,९१९ |
| रानाथारु | ८३,३०८ | १५,३२१ | २६,७३७ | २५,४७८ | ११,५९५ | ४,१७७ |
| दनुवार | ८२,७८४ | १५,६७१ | २१,३६७ | २३,९०० | १६,२७४ | ५,५७२ |
| सुनुवार | ७८,९१० | १८,७४८ | १८,७०६ | १५,०४५ | १४,२५८ | १२,१५३ |
| सन्थाल | ५७,३१० | २५,५३७ | १६,००७ | १०,०२७ | ४,६२० | १,११९ |
| उराव/कुडुख | ४६,८४० | १७,२५१ | १५,४५७ | ९,४१४ | ३,६२० | १,०९८ |
| गनगाई | ४१,४४६ | ८,३४६ | १२,९५४ | ११,२९५ | ६,३१२ | २,५३९ |
| थामी | ३२,७४३ | ९,३२६ | १०,८१६ | ८,४४६ | ३,२३० | ९२५ |
| धिमाल | २५,६४३ | १,७६१ | ३,६८० | ६,२५८ | ८,७८९ | ५,१५५ |
| ताजपुरिया | २०,९८९ | ५,६६५ | ६,३६४ | ४,६१० | ३,२८७ | १,०६३ |
| दराई | १८,६९५ | १,४०७ | २,०६३ | ४,३८१ | ६,२८२ | ४,५६२ |
| याक्खा | १७,४६० | ३,७८९ | ५,६५६ | ३,७५२ | १,९२४ | २,३३९ |
| भोटे | १५,८१८ | ८,४४६ | ३,०५९ | १,२५० | १,२४८ | १,८१५ |
| पहारी | १५,०१५ | ४,१४५ | ३,२६४ | ३,९९२ | २,१५१ | १,४६३ |
| छन्त्याल/छन्तेल | ११,९६३ | २,०८० | ३,३७३ | १,५८४ | १,९२४ | ३,००२ |
| थकाली | ११,७४१ | ८१४ | १,००३ | १,४९५ | १,७५२ | ६,६७७ |
| बोटे | ११,२५८ | २,२९६ | २,१५८ | ३,१४७ | २,६१० | १,०४७ |
| ह्योल्मो/योल्मोपा | ९,८१९ | ७२२ | ९३४ | ३,१९५ | १,७६१ | ३,२०७ |
| बराम /बरामु | ७,८५९ | १,१९४ | १,९०८ | २,९३९ | १,३४२ | ४७६ |
| जिरेल | ६,०३१ | ३५८ | १,०७० | २,३०० | १,३६८ | ९३५ |
| डोल्पो | ५,८१८ | ५,१२० | ४२६ | ४७ | ६७ | १५८ |
| ब्यासी/सौका | ५,७१८ | ३,९९८ | ४४९ | २३९ | ४९८ | ५३४ |
| दुरा | ५,५८१ | ७३४ | १,१९४ | ८३८ | १,१२२ | १,६९३ |
| मेचे | ५,१९३ | २१६ | ४६८ | १,४६५ | १,७६१ | १,२८३ |
| लेप्चा | ३,५७८ | ५७६ | १,०२७ | १,०३३ | ५८९ | ३५३ |
| पथरकट/कुशवाडीया | ३,३४३ | १,०८३ | ६९८ | ९८५ | ४८३ | ९४ |
| हायु | ३,०६९ | १,०७३ | ८८२ | ६४५ | २९० | १७९ |
| मुगाल /मुगुम | २,१२४ | १,६७४ | १५३ | ५७ | २९ | २११ |
| किसान | १,४७९ | ३४३ | २८१ | ४२० | ३६५ | ७० |
| ल्होपा | १३,९० | ३८३ | ५४६ | ३४३ | २३ | ९५ |
| फ्री | ९२१ | २५९ | ४९९ | ९२ | ५८ | १३ |
| ताप्केगोला | ६४२ | ४५८ | १५१ | ९ | ० | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राउटे | ५६६ | २२७ | १४२ | १९० | ४ | ३ |
| वालुंग | ४८१ | ३८ | ८७ | ९२ | ४३ | २२१ |
| ल्होमी | ३५५ | ५२ | ७५ | २२ | ४८ | १५८ |
| सुरेल | ३१८ | १८ | ५९ | ९९ | ७३ | ६९ |
| कुशुन्डा | २५३ | ४८ | ७० | ३४ | ५५ | ४६ |
| बनकरिया | १८० | ३६ | ६ | ५ | ३२ | १०१ |
| जम्मा आदिवासी जनजाति | ९९,९८,६२९ | १८,६१,२१० | २१,५९,९०६ | २०,५२,५३३ | १९,०८,८२१ | २०,१६,१५९ |
| अन्य | १,९१,६५,९४९ | ४१,३६,५७८ | ३७,४७,७४२ | ३९३०,९६२ | ३५,६२,९८१ | ३७,८७,६८६ |
| नेपाल | २,९१,६४,५७८ | ५९,९७,७८८ | ५९,०७,६४८ | ५९,८३,४९५ | ५४,७१,८०२ | ५८,०३,८४५ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

## २.७ आदिवासी जनजाति समुदायको परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण

**तालिका नं. २.५: आदिवासी जनजातिको परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण**

| आदिवासी /जनजाति | जम्मा | अति न्युन | न्युन | मध्यम | उच्च | अति उच्च |
|---|---|---|---|---|---|---|
| मगर | ४,९३,६२५ | १,१२,९०६ | १,२०,९४२ | ८८,०७९ | ९६,२७० | ७५,४२८ |
| तामाङ | ४,१०,७१९ | ८२,०९६ | ८२,९४७ | ९२,४११ | ९५,७७९ | ५७,४८६ |
| थारु | ४,००,९१४ | ६७,१३७ | ९९,३९४ | १,०६,२०० | ८६,८१५ | ४१,३६८ |
| नेवार | ३,३१,६३० | १६,६६७ | २५,७८१ | ४४,०४४ | ७२,२३७ | १,७२,९०१ |
| राई | १,६२,०२१ | ४०,१८६ | ३६,४४८ | २९,५२२ | ३१,५६० | २४,३०५ |
| गुरुङ | १,४४,५१८ | १७,६९० | २३,९८६ | २४,८९१ | ३२,१३७ | ४५,८१४ |
| याक्थुङ /लिम्बु | १,०४,१७४ | २३,६१७ | २७,४३८ | १९,०६० | १८,३३३ | १५,७२६ |
| धानुक | ४८,५१८ | १२,५६१ | १२,४८१ | १२,७२८ | ७,९८२ | २,७६६ |
| राजवंशी | ३२,८०२ | ४,७७९ | ७,११४ | ८,८२९ | ८,२४४ | ३,८३६ |
| शेर्पा | ३२,२६८ | ७,०३० | ८,०९३ | ५,६७२ | ५,१९६ | ६,२७७ |
| कुमाल | ३१,८४० | ६,८८७ | ६,९३५ | ७,६४७ | ७,२०४ | ३,१६७ |
| घर्ती /भुजेल | ३,०२६० | ६,२८७ | ६,६७३ | ६,७१८ | ६,२५७ | ४,३२५ |
| माझी | २५,३२७ | ७,२८३ | ५,३८७ | ६,३४४ | ४,७५४ | १,५५९ |
| सुनुवार | १९,२८१ | ४,५२८ | ४,३८७ | ३,६५८ | ३,८१७ | २,८९१ |
| दनुवार | १८,२०१ | ३,७१६ | ४,६१९ | ५,१४२ | ३,५९० | १,१३४ |
| चेपाङ /प्रजा | १६,०७३ | ९,०४५ | २,८९१ | २,५२७ | १,३०१ | ३०९ |
| रानाथारु | १५,३५५ | ३,३३३ | ४,८६८ | ४,२५८ | २,१४९ | ७४७ |
| सन्थाल | १२,५५२ | ५,९०१ | ३,३३० | २,१०४ | १,०२७ | १९० |
| उराव/कुडुख | ९,९८६ | ३,९३० | ३,१८६ | १,९०२ | ७५४ | २१४ |
| गनगाई | ९,७५३ | २,२९३ | ३,०१५ | २,५३१ | १,३८० | ५३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| थामी | ८,५५४ | २,६९६ | २,७१६ | २,०५९ | ८७५ | २०८ |
| धिमाल | ६,५५६ | ५२० | ९४७ | १,६२१ | २,२४५ | १,२२३ |
| ताजपुरिया | ५,३२२ | १,५६६ | १,५८१ | १,११४ | ८११ | २५० |
| दराई | ४,५११ | ३६० | ५१९ | १,१०४ | १,५४० | ९८८ |
| याक्खा | ४,४६७ | १,०७५ | १,४०२ | ८९४ | ५३१ | ५६५ |
| भोटे | ३,८८९ | १,९६३ | ७८३ | ३५० | ३८४ | ४०९ |
| पहारी | ३,६५८ | १,०४५ | ७८४ | ९५७ | ५४० | ३३२ |
| थकाली | ३,३५२ | २३४ | ३०४ | ४५० | ५५२ | १,८१२ |
| छन्त्याल/ छन्तेल | २,९४७ | ६१३ | ७७५ | ३६९ | ५१२ | ६७८ |
| बोटे | २,७८८ | ५९१ | ५२८ | ७९० | ६३७ | २४२ |
| ह्योल्मो/योल्मोपा | २,६५४ | १८७ | २७४ | ९३७ | ५०२ | ७५४ |
| बराम /बरामु | २,२०६ | ३४२ | ५३४ | ८२३ | ३८१ | १२६ |
| जिरेल | १,७०१ | ११६ | ३१२ | ६४२ | ३९० | २४१ |
| दुरा | १,४८४ | १९७ | ३१८ | २३८ | ३२५ | ४०६ |
| ब्यासी/सौका | १,३०२ | ८७७ | १०९ | ६३ | १२८ | १२५ |
| डोल्पो | १,२१९ | १०६३ | ९६ | ९ | २१ | ३० |
| मेचे | १,२०७ | ५० | १२१ | ३४९ | ४१२ | २७५ |
| लेप्चा | ८८६ | १६२ | २४५ | २४६ | १५५ | ७८ |
| हायु | ६५२ | २१५ | १८५ | १३५ | ७५ | ४२ |
| पथरकट/ कुशवाडीया | ६५० | २११ | १४४ | १९२ | ८७ | १६ |
| मुगाल /मुगुम | ४१७ | ३२९ | ३३ | १५ | ८ | ३२ |
| ल्होपा | ४०५ | १०३ | १७४ | ९३ | ८ | २७ |
| किसान | ३६८ | ९८ | ६७ | १०२ | ८७ | १४ |
| फ्री | २२० | ७० | १०९ | २२ | १४ | ५ |
| तोप्केगोला | १५२ | १११ | ३५ | २ | ० | ४ |
| राउटे | १३१ | ६१ | २८ | ४० | १ | १ |
| वालुङ | १२८ | १३ | २८ | २६ | १३ | ४८ |
| सुरेल | ९६ | ९ | १८ | २५ | २४ | २० |
| ल्होमी | ८८ | १३ | १६ | ९ | १४ | ३६ |
| कुसुण्डा | ६४ | १३ | १९ | १० | १३ | ९ |
| बनकरिया | ४५ | १० | १ | ४ | ९ | २१ |
| जम्मा आदिवासी | २४,११,९३६ | ४,५२,७८५ | ५,०३,१२० | ४,८७,९५७ | ४,९८,०८० | ४,६९,९९४ |
| अन्य | ४२,५५,००१ | ९,०२,७५० | ८,०९,५०० | ८,४४,८४८ | ८,३७,२०८ | ८,६०,६९५ |
| नेपाल | ६६,६६,९३७ | १३,५५,५३५ | १३,१२,६२० | १३,३२,८०५ | १३,३५,२८८ | १३,३०,६८९ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

### २.८ आदिवासी जनजाति समुदायको वर्गीकरण

#### २.८.१ लोपोन्मुख समूह

किसान, कुशबाडिया (पथरकट्टा), कुसुण्डा, वनकरिया, मेचे (बोडो), राउटे, राजी/राझी, लेप्चा, सुरेल र हायु गरी १० आदिवासी जनजाति समुदायलाई लोपोन्मुख समूहमा वर्गीकृत गरिएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यी लोपोन्मुख समूहको जनसंख्या अत्यन्तै न्यून रहेको देखिन्छ। कुल २३,१०४ जनसंख्या रहेको यो समूह नेपालको कुल आदिवासी जनजाति जनसंख्याको ०.२२% हो। लोपोन्मुख समूहमा सबैभन्दा कम जनसंख्या बनकरिया समुदायको रहेको छ, जसमा मात्र १८० जना छन्। सबैभन्दा बढी जनसंख्या मेचे (बोडो) समुदायको रहेको छ जसको जनसंख्या ५,१९३ छ । राजी समुदायको जनसंख्या ५,१२५ तथा कुशबाडिया (पथरकट्टा) समुदायको जनसंख्या ३,३४३ रहेको छ। लेप्चा समुदायमा ३,५७८, किसान समुदायमा १,४७९ तथा हायु समुदायमा ३,०६९ जनसंख्या रहेका छन्। कुसुण्डा समुदायको जनसंख्या मात्र २५३ रहेको देखिन्छ। त्यस्तै, सुरेल समुदायमा ३१८ तथा राउटे समुदायमा ५६६ जना रहेका छन् (तालिका २.६) । यी तथ्यांकले लोपोन्मुख समुदायको जनसंख्या गम्भीर अवस्था रहेको संकेत गर्छन्। अधिकांश समुदायको जनसंख्या पाँच हजारभन्दा कम रहेको देखिन्छ।

**तालिका २.६: लोपोन्मुख समूह**

| जातीय समुदाय | जनसंख्या | | मातृभाषा वक्ता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| किसान | १,४७९ | ०.०१ | १,००४ | ०.०० |
| कुशबाडिया (पथरकट्टा) | ३,३४३ | ०.०१ | | ०.०० |
| कुसुण्डा | २५३ | ०.०० | २३ | ०.०० |
| वनकरिया | १८० | ०.०० | ८६ | ०.०० |
| मेचे (बोडो) | ५,१९३ | ०.०२ | ४,२०३ | ०.०१ |
| राउटे | ५६६ | ०.०० | ७४१ | ०.०० |
| राजी/राझी | ५,१२५ | ०.०२ | ४,२४७ | ०.०१ |
| लेप्चा | ३,५७८ | ०.०१ | २,२४० | ०.०१ |
| सुरेल | ३१८ | ०.०० | १७४ | ०.०० |
| हायु | ३,०६९ | ०.०१ | १,१३३ | ०.०० |
| जम्मा | २३,१०४ | ०.०७ | १३,८५१ | ०.०४ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

#### २.८.२ अति सीमान्तकृत समूह

चेपाङ (प्रजा), झाँगड (उराँव), थामी, थुदाम, दनुवार, धानुक (राजवंशी), बरामो (बराम), बोटे, माझी, सतार (सन्थाल), सियार (चुम्बा) र ल्होमी (शिङ्सावा) गरी १२ समुदायलाई अति सीमान्तकृत समूहमा वर्गीकृत गरिएको छ।

**तालिका २.७: अति सीमान्तकृत समूह**

| जातीय समुदाय | जनसंख्या | | मातृभाषा वक्ता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| चेपाङ (प्रजा) | ८४,३६४ | ०.२९ | ५८,३९२ | ०.०२ |
| झाँगड (उराँव) | ४६,८४० | ०.१६ | ३८,८७३ | ०.१३ |
| थामी | ३२,७४३ | ०.११ | २६,८०५ | ०.०९ |

| | | | | |
|---|---|---|---|---|
| थुदाम | | | | |
| दनुवार | ८२,७८४ | ०.२८ | ४९,९९२ | ०.१७ |
| धानुक (राजवंशी) | २,५२,१०५ | ०.८६ | | |
| बरामो (बराम) | ७,८५९ | ०.०३ | १,५३९ | ०.०१ |
| बोटे | ११,२५८ | ०.०४ | ७,६८७ | ०.०३ |
| माझी | १,११,३५२ | ०.३८ | ३२,९१७ | ०.११ |
| सतार (सन्थाल) | ५७,३१० | ०.०२ | ५३,६७७ | ०.१८ |
| सियार (चुम्बा) | | | | |
| ल्होमी (शिङ्सावा) | ३५५ | ०.०० | ४१३ | ० |
| जम्मा | ६,८६,९ ७० | २.३५ | २,७०,२९५ | ०.९ २ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार अति सीमान्तकृत समूहको कुल जनसंख्या ६,८६,९७० रहेको छ । यो संख्या नेपालका कुल आदिवासी जनसंख्याको ६.७५% हो । अति सीमान्तकृत समूहमध्ये सबैभन्दा बढी जनसंख्या धानुक (राजवंशी) समुदायको रहेको छ । यस समुदायका २,५२,१०५ जना रहेका छन् । सबैभन्दा कम जनसंख्या ल्होमी (शिङ्सावा) समुदायको छ । यस समुदायका ३५५ जना मात्र रहेका छन् । माझी समुदायको जनसंख्या १,११,३५२ रहेको छ । चेपाङ (प्रजा) समुदायको जनसंख्या ८४,३६४ तथा दनुवार समुदायको जनसंख्या ८२,७८४ रहेको देखिन्छ । सतार (सन्थाल) समुदायको जनसंख्या ५७,३१० तथा झाँगड (उराँव) समुदायको जनसंख्या ४६,८४० छ । थामी समुदायमा ३२,७४३, बोटे समुदायमा ११,२५८ तथा बरामो (बराम) समुदायमा ७,८५९ जना रहेका छन् (तालिका २.७) ।

### २.८.३ सीमान्तकृत समूह

कुमाल, गनगाई, डोल्पो, ताजपुरिया, तामाङ, तोप्केगोला, थारू, दराई, दुरा, धिमाल, पहारी, भुजेल, भोटे, मुगाली (मुगुम्पा), राजवंशी (कोच), लार्के (नुब्री), वालुङ, सुनुवार (कोइँच), ल्होपा र फ्री गरी २० आदिवासी जनजाति समुदायलाई सीमान्तकृत समूहमा वर्गीकृत गरिएको छ ।

**तालिका २.८: सीमान्तकृत समूह**

| जातीय समुदाय | जनसंख्या | | मातृभाषा वक्ता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कुमाल | १,२९,७०२ | ०.४४ | १८,४३५ | ०.०६ |
| गनगाई | ४१,४४६ | ०.१४ | २६,२८१ | ०.०९ |
| डोल्पो | ५,८१८ | ०.०२ | ३,२४४ | ०.०१ |
| ताजपुरिया | २०,९८९ | ०.०७ | २०,३४९ | ०.०७ |
| तामाङ | १६,३९,८६६ | ५.६२ | १४,२३,०७५ | ४.८८ |
| तोप्केगोला | ६४२ | ०.०० | | |
| थारू | १८,०७,१२४ | ६.२० | १७,१४,०९१ | ५.८८ |
| दराई | १८,६९५ | ०.०६ | १२,१५६ | ०.०४ |
| दुरा | ५,५८१ | ०.०२ | १,९९१ | ०.०१ |
| धिमाल | २५,६४३ | ०.०९ | २०,५८३ | ०.०७ |

| | | | | |
|---|---|---|---|---|
| पहारी | १५,०१५ | ०.०५ | ५,९४६ | ०.०२ |
| भुजेल | १,२०,२४५ | ०.४१ | १३,०८६ | ०.०४ |
| भोटे | १५,८१८ | ०.०५ | १२,८९५ | ०.०४ |
| मुगाली (मुगुम्पा) | २,१२४ | ०.०१ | २,८३४ | ०.०१ |
| राजवंशी (कोच) | १,३२,५६४ | ०.४५ | १,३०,१६३ | ०.४५ |
| लार्के (नुब्री) | ४,४१४ | ०.०२ | ४,२८४ | ०.०१ |
| वालुङ | ४८१ | ०.०० | ५४५ | ० |
| सुनुवार (कोइँच) | ७८,९१० | ०.२७ | ३२,७०८ | ०.११ |
| ल्होपा | १,३९० | ०.०० | २,३४८ | ०.०१ |
| फ्री | ९२१ | ० | | |
| जम्मा | ४०,६७,३८८ | १३.९ ४ | ३४,४५,०१४ | ११.८१ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार सीमान्तकृत समूहको कुल जनसंख्या ४,०६७,३८८ रहेको छ । यो संख्या आदिवासी जनजातिको कुल जनसंख्याको ३९.९९% हो । सीमान्तकृत समूहभित्र सबैभन्दा बढी जनसंख्या थारू समुदायको रहेको छ । यस समुदायका १८,०७,१२४ जना रहेका छन् । सबैभन्दा कम जनसंख्या वालुङ समुदायको छ । यस समुदायमा ४८१ जना मात्र रहेका छन् । तामाङ समुदायको जनसंख्या १६,३९,८६६, राजवंशी (कोच) समुदायको १,३२,५६४, कुमाल समुदायको १,२९,७०२, भुजेल समुदायको १,२०,२४५ तथा सुनुवार (कोइँच) समुदायको जनसंख्या ७८,९१० रहेको छ । मुगाली समुदायमा २,१२४, लार्के समुदायमा ४,४१४, डोल्पो समुदायमा ५,८१८ तथा ल्होपा समुदायमा १,३९० जना रहेका छन् । कम जनसंख्या भएका समूहमध्ये फ्री समुदायमा ९२१ र तोप्केगोला समुदायमा ६४२ जना मात्र छन् (तालिका २.८)। यी तथ्यांकले सीमान्तकृत समूहको जनसंख्यागत संरचनामा ठूलो असमानता रहेको देखाउँछ । धेरै जनसंख्या भएका समुदाय तुलनात्मक रूपमा स्थिर भए पनि कम जनसंख्या भएका समूह कमजोर अवस्थामा रहेका छन् । तसर्थ, यस्ता समूहको संरक्षण र प्रवर्द्धनका लागि विशेष नीति तथा कार्यक्रम आवश्यक छ ।

### २.८.४ सुविधा वञ्चित समूह

मगर, राई, गुरुङ, लिम्बू, शेर्पा, याक्खा, छन्त्याल, ह्योल्मो, जिरेल, व्यासी, छैरोतन, तीनगाउँले थकाली, ताङ्वे, बाह्रगाउँले र मार्फाली थकाली गरी १५ आदिवासी जनजाति समुदायलाई सुविधा-वञ्चित समूहमा वर्गीकृत गरिएको छ ।

**तालिका २.९: सुविधा वञ्चित समूह**

| जातीय समुदाय | जनसंख्या | | मातृभाषा वक्ता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| गुरुङ | ५,४३,७९० | १.८६ | ३,२८,०७४ | १.१२ |
| छन्त्याल | ११,९६३ | ०.०४ | ४,२८२ | ०.०१ |
| छैरोतन (अज्ञात) | | | | |
| जिरेल | ६,०३१ | ०.०२ | ५,१६७ | ०.०२ |
| तीनगाउँले थकाली | | | | |
| ताङ्वे | | | | |
| बाह्रगाउँले | | | | |

| | | | | |
|---|---|---|---|---|
| व्यासी | ५,७१८ | ०.०२ | १,७०६ | ०.०१ |
| मगर | २०,२३,३२५ | ६.९३ | ९,०३,२९३ | ३.०९ |
| मार्फाली थकाली | | | | |
| याक्खा | १७,४६० | ०.०६ | १४,२४१ | ०.०५ |
| राई | ६,४०,६७४ | २.२० | १,४४,५१२ | ०.०५ |
| लिम्बू | ४,१४,७०४ | १.४२ | ३,५०,४३६ | १.२० |
| शेर्पा | १,३०,६३७ | ०.४५ | १,१७,८९६ | ०.४० |
| ह्योल्मो | ९,८१९ | ०.०३ | ९,६५८ | ०.०३ |
| जम्मा | ३८,०४,१२१ | १३.०४ | १८,७९,२६५ | ६.४४ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार सुविधा वञ्चित समूहको कुल जनसंख्या ३८,०४,१२१ रहेको छ । यो संख्या आदिवासी जनजाति समुदायको कुल जनसंख्याको ३७.४% हो । सुविधा वञ्चित समूहभित्र सबैभन्दा बढी जनसंख्या मगर समुदायको रहेको छ । यस समुदायका २०,२३,३२५ जना छन् । दोस्रो स्थानमा रहेको राई समुदायको जनसंख्या ६,४०,६७४ छ । गुरुङ समुदायको जनसंख्या ५,४३,७९०, लिम्बू समुदायको ४,१४,७०४ तथा शेर्पा समुदायको १,३०,६३७ रहेको छ । याक्खा समुदायको जनसंख्या १७,४६०, छन्त्याल समुदायको ११,९६३ तथा ह्योल्मो समुदायको ९,८१९ रहेको छ । जिरेल समुदायमा ६,०३१ तथा व्यासी समुदायमा ५,७१८ जना रहेका छन् (तालिका २.९)। छैरोतन, तीनगाउँले थकाली, ताङ्वे, बाह्रगाउँले र मार्फाली थकाली समुदायको तथ्यांक उपलब्ध नभएकाले तिनीहरूको जनसंख्या अवस्था स्पष्ट छैन। धेरै जनसंख्या भएका मगर, राई र गुरुङ समुदाय तुलनात्मक रूपमा राम्रो अवस्थामा देखिए पनि कम जनसंख्या भएका जिरेल, व्यासी र ह्योल्मो समुदाय भने कमजोर अवस्थामा रहेका छन् ।

### २.८.५ उन्नत समूह

थकाली र नेवार गरी दुई आदिवासी जनजाति समुदायलाई उन्नत समूहमा वर्गीकृत गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार उन्नत समूहको कुल जनसंख्या १३,५३,१०४ रहेको छ । यो संख्या आदिवासी जनजाति समुदायको कुल जनसंख्याको १३.३% हो । यस समूहभित्र सबैभन्दा बढी जनसंख्या नेवार समुदायको रहेको छ । यस समुदायका १३,४१,३६३ जना रहेका छन् । थकाली समुदायको जनसंख्या ११,७४१ रहेको छ (तालिका २.१०) । यद्यपि थकाली समुदायको जनसंख्या तुलनात्मक रूपमा कम भए पनि सामाजिक तथा आर्थिक दृष्टिले यो समुदाय उन्नत अवस्थामा छ ।

**तालिका २.१० : उन्नत समूह**

| जातीय समुदाय | जनसंख्या | | मातृभाषा वक्ता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| थकाली | ११,७४१ | ०.०४ | ४,२२० | ०.०१ |
| नेवार | १३,४१,३६३ | ४.६० | ८,६३,३८० | २.९६ |
| जम्मा | १३,५३,१०४ | ४.६३ | ८६७,६०० | २.९७ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

## २.९ आदिवासी जनजाति समुदायको संवैधानिक अधिकार

नेपालको संविधानले आदिवासी जनजाति समुदायको पहिचान, अधिकार संरक्षण, प्रवर्द्धन र प्रतिनिधित्व सुनिश्चित गर्न संवैधानिक व्यवस्था गरेको छ । संविधानको प्रस्तावनाले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक

विविधतायुक्त राष्ट्रका रूपमा परिभाषित गर्दै विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ । जातीय, लैंगिक, धार्मिक वा कुनै पनि प्रकारका विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ ।

संविधानको धारा ६ अनुसार नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषाको रुपमा परिभाषित गरेको छ । धारा ७(२) अनुसार प्रत्येक प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश सरकारको कामकाजका लागि अपनाउन सक्ने व्यवस्था गरेको छ । धारा ३२ ले आदिवासी जनजातिलाई आफ्नो भाषा, लिपि, संस्कृति, सम्पदा तथा सामाजिक जीवनको संरक्षण, संवर्द्धन र विकास गर्ने अधिकार प्रत्याभूत गरेको छ । संविधानको अनुसूची ६ र ८ अनुसार प्रदेश तथा स्थानीय तहहरूलाई भाषा, संस्कृति, ललितकला र धर्मको संरक्षण तथा विकास गर्ने अधिकार प्रदान गरिएको छ । यसले आदिवासी जनजातिको पहिचानलाई थप संस्थागत गर्न सहयोग पुर्‍याएको छ ।

संविधानको धारा १८(३) ले उत्पत्ति, जाति, भाषा, धर्म, क्षेत्र, आर्थिक अवस्था वा अन्य कुनै पनि आधारमा राज्यले भेदभाव गर्न नपाउने व्यवस्था गरेको छ । सामाजिक वा सांस्कृतिक रूपमा पछाडि परेका आदिवासी जनजातिको संरक्षण, सशक्तीकरण र उत्थानका लागि विशेष कानुनी व्यवस्था गर्न सकिने उल्लेख छ । धारा २६ ले धार्मिक स्वतन्त्रताको हक प्रत्याभूत गर्दै हरेक व्यक्तिलाई आफ्नो धर्म मान्ने, अभ्यास गर्ने र संरक्षण गर्ने स्वतन्त्रता दिएको छ । धारा २९ ले शोषण विरुद्धको हक सुनिश्चित गर्दै कुनै पनि धर्म, प्रथा, परम्परा, संस्कार वा सामाजिक प्रचलनका आधारमा कसैलाई पनि कुनै पनि प्रकारले शोषण गर्न नपाइने व्यवस्था गरेको छ ।

धारा ३१(५) अनुसार नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार हुनेछ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने सुविधा प्रदान गरिने उल्लेख छ । सामाजिक न्यायको हक प्रत्याभूत गर्ने धारा ४२ अनुसार आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका आदिवासी जनजातिका साथै अन्य पिछडिएका समुदायलाई राज्यका सबै तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गरिने व्यवस्था गरिएको छ ।

संविधानको धारा ५१(ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा आदिवासी जनजातिको पहिचान सुरक्षित राख्दै सम्मानपूर्वक जीवनयापन गर्न पाउने हक सुनिश्चित गरिएको छ । अवसर र लाभका लागि विशेष व्यवस्था गरिने, आदिवासी जनजाति समुदायलाई सरोकार राख्ने निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गरिने र तिनीहरूको परम्परागत ज्ञान, सीप, भाषा, संस्कार, सामाजिक संरचना तथा सांस्कृतिक सम्पदाको संरक्षण एवं संवर्द्धन गरिने उल्लेख छ । धारा ५६(५) मा संघीय कानुन बमोजिम सामाजिक, सांस्कृतिक वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने प्रावधान छ ।

राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्न संविधानको धारा ८४(२) ले प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्दै आदिवासी जनजाति लगायतको समुचित प्रतिनिधित्व गराउनुपर्ने प्रावधान छ । राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा भूगोल तथा प्रादेशिक सन्तुलनलाई ध्यान दिनुपर्ने व्यवस्था छ । धारा १७६(६) अनुसार प्रदेश सभामा पनि समानुपातिक प्रणालीमार्फत आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गरिने प्रावधान गरिएको छ । धारा २६९(४)(ग) अनुसार राजनीतिक दलका कार्यकारिणी समितिहरूमा नेपालको विविधतालाई प्रतिनिधित्व गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था छ ।

संविधानले आदिवासी जनजाति समुदायको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक अधिकारलाई संस्थागत गर्दै उनीहरूलाई राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गरेको छ । उनीहरूको भाषा, धर्म, शिक्षा,

रोजगारी तथा परम्परागत सम्पदाको संरक्षणको व्यवस्था छ। धारा २७६(३) मा नेपाली सेनामा आदिवासी जनजातिको सहभागिता बढाउन समावेशी सिद्धान्तको आधारमा सैनिक सेवामा उनीहरूको प्रवेश सुनिश्चित गर्नुपर्ने उल्लेख छ। धारा २८२(१) मा समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र विशेष प्रतिनिधिहरू नियुक्त गर्नुपर्ने व्यवस्था छ। सरकारी सेवामा आदिवासी जनजातिको सहभागिता सुनिश्चित गर्न धारा २८५(२) मा संघीय निजामती सेवा तथा अन्य सरकारी सेवाहरूमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा समानुपातिक समावेशी सिद्धान्त लागू गर्नुपर्ने प्रावधान छ। यी प्रावधानहरुले आदिवासी जनजातिको पहिचान, अस्तित्व तथा सशक्तीकरणलाई थप मजबुत बनाउन मद्दत गरेको छ। यी संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नीति निर्माण, संस्थागत संरचना र व्यवहारिक कार्यान्वयनका पक्षमा थप ध्यान दिन आवश्यक छ।

### २.१० आदिवासी जनजाति अधिकारसम्बन्धी कानुनी व्यवस्था

आदिवासी जनजाति आयोग ऐन, २०७४ मा आदिवासी जनजाति समुदायको पहिचान, भाषा, संस्कृति, परम्परा, इतिहास तथा हक-अधिकारको संरक्षण र प्रवर्द्धनलाई आयोगको प्रमुख जिम्मेवारीको रुपमा उल्लेख गरेको छ। उनीहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्न महत्त्वपूर्ण कानुनी व्यवस्था गरिएको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिको परिभाषा गरेको छ। उनीहरूको उत्थान, राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिता तथा हक-अधिकार सुनिश्चित गर्ने उद्देश्यले ऐन बमोजिम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गरेको छ। प्रतिष्ठानले योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमार्फत आदिवासी जनजातिको समग्र विकासमा योगदान पुर्‍याएको छ।

निजामती सेवा ऐन, २०४९ को दफा ७(७) मा निजामती सेवामा समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गर्दै खुला प्रतिस्पर्धाबाट पूर्ति गरिने पदमध्ये ४५ प्रतिशत समावेशी समूहका लागि आरक्षित गरिएको छ। सोही व्यवस्थानुसार आदिवासी जनजातिका लागि २७ प्रतिशत कोटा सुरक्षित गरिएको छ। यो प्रावधान सार्वजनिक संस्थान, प्रतिष्ठान, समिति, बैंक तथा वित्तीय संस्थामा समेत लागू गरिएको छ। यसले आदिवासी जनजातिको सरकारी सेवामा पहुँच वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन आयोग ऐन, २०७३, स्थानीय निर्वाचन ऐन, २०७३, तथा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा आदिवासी जनजातिको राजनीतिक अधिकार, पहिचान र प्रतिनिधित्वलाई सुनिश्चित गर्ने प्रावधान छ। यसले राजनीतिक प्रक्रियामा समानुपातिक सहभागिता सुनिश्चित गर्दै समावेशी शासन प्रणालीलाई थप सुदृढ बनाउने छ। यी कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन, प्रभावकारी अनुगमन तथा संस्थागत स्थायित्व अझै पनि चुनौतीका रूपमा रहेको देखिन्छ।

### २.११ आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

नेपाल पक्ष राष्ट्र भएकोले अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्दै विभिन्न सन्धि, महासन्धि तथा घोषणामा हस्ताक्षर गरेको छ। यी मध्ये कतिपय अन्तर्राष्ट्रिय कानुनले आदिवासी जनजातिको पहिचान, भाषा, संस्कृति, परम्परा, सामाजिक-आर्थिक अधिकार तथा प्राकृतिक स्रोतसाधनमा पहुँच सुनिश्चित गर्ने प्रयत्न गरेका छन्। संयुक्त राष्ट्रसंघको महासभाले १३ सेप्टेम्बर, २००७ मा पारित गरेको 'आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र' को नेपाल पक्ष राष्ट्र बनेको छ। यस घोषणापत्रले आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार, भाषा, धर्म, संस्कृति, परम्परा तथा सामाजिक-आर्थिक विकासको साथै राज्यका नीति निर्माण तथा निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता सुनिश्चित गरेको छ।

अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि नं. १६९ लाई पनि नेपालले सन् २००७ मा अनुमोदन गरेको छ। यस सन्धिले आदिवासी जनजातिको भूमि तथा प्राकृतिक स्रोतसाधनमा पहुँच, पारम्परिक अभ्यास तथा आत्मनिर्णयको अधिकारलाई कानुनी रूपमा स्थापित गर्ने व्यवस्था गरेको छ। आदिवासी जनजातिको परम्परागत भूस्वामित्व, सांस्कृतिक र सामाजिक संरचनाको संरक्षण तथा प्राकृतिक स्रोत साधनमाथि उनीहरूको प्राथमिक अधिकार सुनिश्चित गर्ने व्यवस्था छ।

अन्य महत्त्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेजमध्ये विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि (१९७२), अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षासम्बन्धी महासन्धि (२००३) तथा जैविक विविधता सम्बन्धी महासन्धि (१९९२), आदिवासी जनजातिको भाषा, संस्कृति, परम्परागत ज्ञान तथा प्राकृतिक स्रोतसाधनको संरक्षण गर्न महत्त्वपूर्ण छन् । यी महासन्धिले आदिवासी जनजातिको सांस्कृतिक सम्पदा, जीवनशैली तथा पारम्परिक ज्ञानको दीर्घकालीन संरक्षण सुनिश्चित गर्दै तिनीहरूको पहिचान र मौलिक अधिकार प्रवर्द्धन गर्ने नीति तथा कानुनी मार्गनिर्देशन प्रदान गरेका छन् ।

नेपाल पक्ष राष्ट्र रहेका यी अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा घोषणाले आदिवासी जनजाति अधिकारको संरक्षण, प्रवर्द्धन तथा उनीहरूको प्रतिनिधित्वलाई विश्वव्यापी रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यी प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन तहमा विभिन्न चुनौती देखिएको छ । नेपालले यी अन्तर्राष्ट्रिय कानुनी दस्तावेजलाई पूर्णरूपमा कार्यान्वयन गर्दै आदिवासी जनजातिको हक, पहिचान तथा सार्वजनिक निकायमा उनीहरूको जनसंख्याको अनुपातमा समानुपातिक सहभागिता सुनिश्चित गर्न नीतिगत सुधार, संस्थागत संरचनाको सुदृढीकरण तथा व्यवहारिक रणनीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ । यसका लागि राज्यका नीति निर्माण तथा निर्णय प्रक्रियामा आदिवासी जनजातिको सक्रिय सहभागिता, परामर्श प्रणालीको सुदृढीकरण र अन्तर्राष्ट्रिय कानुनी दायित्वको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक छ ।

•••

# आदिवासी जनजाति समुदायको राजनीतिक प्रतिनिधित्व

## ३.१ पृष्ठभूमि

संविधानको प्रस्तावना अनुसार नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। संविधानको भाग ५ मा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी बाँडफाँट गरिएको छ। भाग ८ मा केन्द्रमा संघीय व्यवस्थापिका, भाग १४ मा प्रदेशमा प्रदेश सभा र भाग १७ मा जिल्ला समन्वय समिति र भाग १८ मा स्थानीय तहमा गाउँ सभा तथा नगर सभाको व्यवस्था छ। केन्द्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेको द्विसदनात्मक व्यवस्थापिका, प्रदेशमा प्रदेश सभा र स्थानीय स्तरमा २९३ नगर र ४६० गाउँ (जम्मा ७५३ पालिका) सभा रहने व्यवस्था छ। राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट आठ जनाका दरले स्थानीय तहका प्रमुख र उपप्रमुख र प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा निर्वाचित ५६ जना र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा एकजना महिला सहित ३ जना मनोनित गरी ५९ सदस्य रहने व्यवस्था छ।

बहुमतीय निर्वाचन प्रणाली अनुसार जनताद्वारा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित ११० जना गरी जम्मा २७५ सदस्यीय प्रतिनिधि सभा रहने व्यवस्था छ। ७५३ स्थानीय तहमा बालिग मताधिकारको आधारमा बहुमतीय प्रणाली अनुसार प्रत्यक्ष निर्वाचित जनप्रतिनिधि रहने व्यवस्था छ।

संविधान जारी भएपछि २०७४ र २०६९ गरी दुई पटक स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भएको छ। राजनीतिक प्रतिनिधित्व विधि निर्माण र शासन सञ्चालनको आधार भएकोले आदिवासी जनजातिको सार्थक र प्रभावकारी सहभागिता विना राष्ट्र निर्माण अपूर्ण हुन्छ। संविधानको धारा १८ को समानताको हक, धारा ३८ को उपधारा ४ र धारा ४२ को उपधारा १ बमोजिम महिला तथा आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका आदिवासी जनजातिलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भन्ने प्रष्ट उल्लेख भएतापनि संविधान सभा २०७० लगायत लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात सम्पन्न राज्यका सबै तह (स्थानीय तह, प्रदेश र संघीय संसद) को निर्वाचन परिणाम संविधानले गरेको व्यवस्था अनुसार समानुपातिक प्रतिनिधित्वको कार्यान्वयन प्रभावकारी हुनसकेको छैन। आदिवासी जनजाति महिला, एकातर्फ आम महिलाको रुपमा र अर्को तर्फ आदिवासी जनजाति महिलाको रुपमा दोहोरो विभेदीकरणमा परेका छन्। जिल्ला समन्वय समिति, स्थानीय कार्यपालिका र राष्ट्रिय सभामा उनीहरुको समानुपातिक सहभागिता सुनिश्चित गर्न थप कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता छ।

संविधानसभा निर्वाचन २०६४ र २०७०, व्यवस्थापिका संसदको निर्वाचन २०७४ र २०७९, प्रदेश सभा निर्वाचन २०७४ र २०७९ तथा स्थानीय तहको निर्वाचन २०७४ र २०७९ को प्राप्त नतिजा अनुसार राज्य व्यवस्थाको व्यवस्थापिकीय प्रकृयामा आदिवासी जनजातिको प्रतिनिधित्वको विवरण तल प्रस्तुत गरिएको छ।

## ३.२ संविधान सभामा आदिवासी जनजातिको प्रतिनिधित्व

वि.सं. २०६४ सालको संविधानसभामा कुल ६०१ सदस्य रहेकोमा ३५.९४% आदिवासी जनजाति समुदायका प्रतिनिधि थिए। तीमध्ये पुरुषको प्रतिनिधित्व ६९% र महिलाको ३१% थियो। पुरुषको प्रतिनिधित्व महिलाको तुलनामा झन्डै दुई गुणा बढी थियो। वि.सं. २०७० सालको संविधान सभामा आदिवासी जनजातिको प्रतिनिधित्व घटेर ३१.७८% मा पुगेको थियो। यसमा पुरुषको प्रतिनिधित्व ६८.६% र महिलाको ३१.४% थियो (तालिका ३.१)। पुरुषको सहभागिता २०७० मा उच्च रहे पनि २०६४ सालको तुलनामा केही कमी थियो।

**तालिका ३.१: संविधान सभामा आदिवासी जनजातिको प्रतिनिधित्व**

| | जम्मा सदस्य संख्या | | | | | आदिवासी जनजाति सदस्य संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.सं. | महिला | | पुरुष | | जम्मा | महिला | | पुरुष | | जम्मा | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०६४ | १९८ | ३२.९ | ४०३ | ६७.१ | ६०१ | ६७ | ३१.० | १४९ | ६९.० | २१६ | ३५.९४ |
| २०७० | १६६ | २७.६ | ४३५ | ७२.४ | ६०१ | ६० | ३१.४ | १३१ | ६८.६ | १९१ | ३१.७८ |

स्रोत: निर्वाचन आयोग, २०६४, २०७०

### ३.३ राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व

राष्ट्रिय सभामा कुल ५९ सदस्य रहेकोमा हाल ८ जना (१३.५%) आदिवासी जनजाति समुदायको प्रतिनिधित्व छ । तीमध्ये पुरुषको प्रतिनिधित्व र महिलाको प्रतिनिधित्व बराबर रहेको छ ।

### ३.४ प्रतिनिधि सभामा आदिवासी जनजातिको प्रतिनिधित्व

वि.सं. २०७४ र २०७९ का प्रतिनिधि सभामा आदिवासी जनजातिको उपस्थिति समानुपातिक र प्रत्यक्ष दुवै निर्वाचन प्रणालीबाट रहेको थियो। वि.सं. २०७४ मा समानुपातिक प्रणालीका ११० सदस्यमध्ये ३९.१% आदिवासी जनजातिका प्रतिनिधित्व थियो। वि.सं.२०७९ मा आदिवासी जनजातिको प्रतिनिधित्व घटेर ३६.४% मा झरेको छ । आदिवासी जनजाति मध्ये महिलाको प्रतिनिधित्व २०७४ मा ७२.१% थियो। यो संख्या २०७९ मा बढेर ८२.५% थियो (तालिका ३.२)।

**तालिका ३.२: प्रतिनिधि सभामा आदिवासी जनजातिको प्रतिनिधित्व (समानुपातिक)**

| वि.सं. | समानुपातिक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य संख्या | | | | | | आदिवासी जनजाति सदस्य संख्या | | | | | |
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | ८५ | ७७.३ | २५ | २२.७ | ११० | १०० | ३१ | ७२.१ | १२ | २७.९ | ४३ | ३९.१ |
| २०७९ | ८२ | ७४.५ | २८ | २५.५ | ११० | १०० | ३३ | ८२.५ | ७ | १७.५ | ४० | ३६.४ |

स्रोत: निर्वाचन आयोग, २०७४ ,२०७९

वि.सं. २०७४ को प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीका १६५ सदस्यमध्ये २९.७% आदिवासी जनजातिको प्रतिनिधित्व थियो। २०७९ मा यो प्रतिशत घटेर २६.७% मा झरेको छ । महिलाको प्रतिनिधित्व २०७४ मा ४.१% थियो। यो संख्या २०७९ मा बढेर ९.१% पुगेको छ (तालिका ३.३) । समानुपातिक प्रणालीमा महिलाको प्रतिनिधित्व तुलनात्मक रूपमा उच्च देखिए पनि प्रत्यक्ष निर्वाचन प्रणालीमा उनीहरूको सहभागिता कम देखिन्छ ।

**तालिका ३.३: प्रतिनिधि सभामा आदिवासी जनजातिको प्रतिनिधित्व (प्रत्यक्ष)**

| वि.सं. | प्रत्यक्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य संख्या | | | | | | आदिवासी जनजाति सदस्य संख्या | | | | | |
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | ६ | ३.६ | १५९ | ९६.४ | १६५ | १०० | २ | ४.१ | ४७ | ९५.९ | ४९ | २९.७ |
| २०७९ | ९ | ५.५ | १५६ | ९४.५ | १६५ | १०० | ४ | ९.१ | ४० | ९०.९ | ४४ | २६.७ |

स्रोत: निर्वाचन आयोग, २०७४, २०७७

### ३.५ प्रदेश सभामा आदिवासी जनजातिको लैङ्गिक प्रतिनिधित्व

वि.सं. २०७४ मा प्रत्यक्ष प्रणालीअन्तर्गत कुल ३३० सदस्यमध्ये २७% आदिवासी जनजातिको प्रतिनिधित्व थियो। वि.सं. २०७९ मा यो प्रतिशत बढेर ३१.२% पुगेको छ। महिलाको सहभागिता २०७४ मा ९% थियो। २०७९ मा यो संख्या घटेर ५.८% मात्र देखिन्छ। पुरुषको प्रतिनिधित्व २०७४ मा ९१% रहेकोमा २०७९ मा बढेर ९४.२% पुगेको छ (तालिका ३.४)।

**तालिका ३.४: प्रदेश सभामा आदिवासी जनजातिको प्रतिनिधित्व (प्रत्यक्ष तर्फ)**

| वि.सं. | जम्मा सदस्य संख्या | | | | | | आदिवासी जनजाति सदस्य संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | १८ | ५.५ | ३१२ | ९४.५ | ३३० | १०० | ८ | ९.० | ८१ | ९१ | ८९ | २७ |
| २०७९ | १४ | ४.२ | ३१६ | ९५.८ | ३३० | १०० | ६ | ५.८ | ९७ | ९४.२ | १०३ | ३१.२ |

स्रोत: निर्वाचन आयोग, २०७४, २०७९

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत २०७४ मा कुल २२० सदस्यमध्ये ४०% आदिवासी जनजातिको प्रतिनिधित्व थियो। २०७९ मा यो घटेर ३६.४% मा सीमित भएको छ। महिलाको प्रतिनिधित्व २०७४ मा ७१.६% थियो। २०७९ मा बढेर ८७.५% पुगेको छ। पुरुषको प्रतिनिधित्व २०७४ मा २८.४% रहेकोमा २०७९ मा घटेर १२.५% मा पुगेको छ (तालिका ३.५)। प्रत्यक्ष प्रणालीमा वि.सं. २०७९ मा आदिवासी जनजातिको प्रतिनिधित्व सुधार भए पनि महिलाको सहभागिता घटेको देखिन्छ। समानुपातिक प्रणालीमा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढे पनि पुरुषको उपस्थिति निकै कम भएको छ।

**तालिका ३.५: प्रदेश सभामा आदिवासी जनजातिको प्रतिनिधित्व (समानुपातिक तर्फ)**

| वि.सं. | समानुपातिक तर्फ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य संख्या | | | | | | आदिवासी जनजाति सदस्य संख्या | | | | | |
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | १३१ | ५९.५ | ८९ | ४०.५ | २२० | १०० | ६३ | ७१.६ | २५ | २८.४ | ८८ | ४०.० |
| २०७९ | १८६ | ८४.५ | ३४ | १५.५ | २२० | १०० | ७० | ८७.५ | १० | १२.५ | ८० | ३६.४ |

स्रोत: निर्वाचन आयोग, २०७४, २०७९

### ३.६ स्थानीय तह निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व

वि.सं. २०७४ र २०७९ का स्थानीय तह निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व प्रमुख र उपप्रमुख दुवै पदमा देखिएको छ। २०७४ मा कुल ७५३ प्रमुख पदमध्ये ३४.४% आदिवासी जनजातिको प्रतिनिधित्व थियो। तीमध्ये महिलाको प्रतिनिधित्व ३.१% र पुरुषको सहभागिता ९६.९% थियो। २०७९ मा प्रमुख पदमा आदिवासी जनजातिको कुल प्रतिनिधित्व बढेर ३६% पुगेको छ। यस अवधिमा महिलाको सहभागिता ४.४% र पुरुष ९५.६% रहेको छ (तालिका ३.६)। महिलाको सहभागितामा सुधार भए पनि यो संख्या अझै न्यून छ।

**तालिका ३.६: स्थानीय तह निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व (प्रमुख)**

| वि.सं. | प्रमुख | | | | | | आदिवासी जनजाति प्रमुख | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | २० | २.७ | ७३३ | ९७.३ | ७५३ | १०० | ८ | ३.१ | २५१ | ९६.९ | २५९ | ३४.४ |
| २०७९ | ३० | ४.० | ७२३ | ९६.० | ७५३ | १०० | १२ | ४.४ | २५९ | ९५.६ | २७१ | ३६ |

स्रोत: निर्वाचन आयोग, २०७४, २०७९

वि.सं. २०७४ मा ७५३ उपप्रमुख पदहरूमध्ये ३४.७% आदिवासी जनजातिको प्रतिनिधित्व थियो। त्यसमा महिलाको प्रतिनिधित्व ८९.७% र पुरुषको १०.३% मात्र थियो। वि.सं. २०७९ मा उपप्रमुख पदमा आदिवासी जनजातिको कुल प्रतिनिधित्व बढेर ३६.८% पुगेको छ। तर महिलाको सहभागिता घटेर ७१.८% मा सीमित भएको छ भने पुरुषको सहभागिता बढेर २८.२% पुगेको छ (तालिका, ३.७)। तथ्यांकले प्रमुख पदमा पुरुषको वर्चस्व र उपप्रमुख पदमा महिलाको उच्च प्रतिनिधित्व छ। वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा भएको राजनीतिक दलको गठबन्धन यसको प्रमुख कारण हो। वि.सं. २०७४ को तुलनामा २०७९ मा आदिवासी जनजातिको समग्र प्रतिनिधित्वमा सुधार देखिए पनि लैङ्गिकरुपमा सन्तुलित हुन सकेको छैन।

**तालिका ३.७: स्थानीय तह निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व (उपप्रमुख)**

| वि.सं. | उपप्रमुख | | | | | | आदिवासी जनजाति उपप्रमुख | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | जम्मा | | महिला | | पुरुष | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०७४ | ६२८ | ८३.४ | १२५ | १६.६ | ७५३ | १०० | २३४ | ८९.७ | २७ | १०.३ | २६१ | ३४.७ |
| २०७९ | ५५२ | ७३.३ | २०१ | २६.७ | ७५३ | १०० | १९९ | ७१.८ | ७८ | २८.२ | २७७ | ३६.८ |

स्रोत: निर्वाचन आयोग, २०७४, २०७९

संविधानले आदिवासी जनजातिको पहिचान र अधिकारलाई संविधानमा सुनिश्चित गरे पनि समानुपातिक प्रतिनिधित्व पूर्ण कार्यान्वयन हुन सकेको छैन।

# सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व

## ४.१ पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक समावेशितालाई कानुनी रूपमा संस्थागत गर्दै वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक भेदभावको अन्त्यका लागि राज्य पुनर्संरचनाको मार्गदर्शन गरेको थियो। यस संविधान बमोजिम सामाजिक समावेशितालाई थप संस्थागत गर्न निजामती सेवा ऐन, २०४९ लाई वि.सं. २०६४ मा संशोधन गरी ४५ प्रतिशत पद आरक्षणको व्यवस्था छ। यस अन्तर्गत आरक्षित ४५ प्रतिशतलाई शतप्रतिशत मानी महिला (३३%), आदिवासी जनजाति (२७%), मधेसी (२२%), दलित (९%), अपाङ्गता भएका व्यक्ति (५%) तथा पिछडिएको क्षेत्र (४%) का उम्मेदवारहरू समेटिएका छन्। निजामती सेवाको अनुसरण गर्दै नेपाली सेना, प्रहरी लगायत सम्पूर्ण सार्वजनिक सेवामा पनि आरक्षणसम्बन्धी व्यवस्था छ।

आदिवासी जनजाति आयोगले नेपालका सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व, समावेशीकरण नीति तथा यसको कार्यान्वयनका प्रभावको सम्बन्धमा विस्तृत अध्ययन (२०८१) गरेको थियो। अध्ययनले नेपालका ६१ वटा सार्वजनिक निकायमा आदिवासी जनजाति समुदायको प्रतिनिधित्वको वर्तमान अवस्थालाई विश्लेषण गरेको छ। प्राप्त तथ्याङ्कअनुसार सार्वजनिक संस्थामा आदिवासी जनजातिको औसत प्रतिनिधित्व २३.६२% रहेको छ। तथापि, पद (तह) बढ्दै जाँदा प्रतिनिधित्व क्रमशः घट्दै गएको देखिन्छ। उच्च व्यवस्थापन तथा नीतिगत तह (सहसचिव सरह तथा माथिल्ला पदहरू) मा १३.६%, मध्यम तह (अधिकृत वा उपसचिव सरह) मा १६.२५%, सहायक तहमा २४.३१% र श्रेणीविहीन तथा सहयोगी पदहरूमा ३२.८२% प्रतिनिधित्व देखाउँछ।

## ४.२ निजामती सेवा

निजामती सेवामा कुल ८५,८६३ कर्मचारीमध्ये १६.९% आदिवासी जनजाति समुदायको प्रतिनिधित्व छ। १६.९% मध्ये पुरुषको प्रतिनिधित्व ६४.७% र महिलाको ३५.३% छ। न्याय क्षेत्रमा कार्यरत कुल ३३५ न्यायाधीशमध्ये १०.१% आदिवासी जनजाति छन्। सर्वोच्च अदालतमा १७ न्यायाधीशमध्ये ११.८% आदिवासी जनजातिको प्रतिनिधित्व छ। उच्च अदालतमा २०.९% आदिवासी जनजाति न्यायाधीशको प्रतिनिधित्व छ। जसमध्ये पुरुषको ६८.४% र महिलाको ३१.६% प्रतिनिधित्व छ। जिल्ला अदालतमा ५.८% न्यायाधीश आदिवासी जनजाति समुदायका छन्। संवैधानिक निकायमा कार्यरत कुल ५० सदस्य तथा आयुक्तहरुमध्ये ३०% आदिवासी जनजाति समुदायका छन्। आदिवासी जनजातिमध्ये पुरुषको ७३.३% र महिलाको २६.७% प्रतिनिधित्व छ।

राष्ट्रिय किताबखानाको अभिलेख अनुसार निजामती सेवामा राजपत्रांकित श्रेणीका १२३५७ कर्मचारी मध्ये १३.४% आदिवासी जनजाति समुदायको छ। निजामती सेवाको सर्वोच्च पदको मुख्य सचिवमा २८ जनामध्ये ६ (२१.४%) जना नेवार आदिवासी जनजातिबाट प्रतिनिधित्व भएको अभिलेखबाट देखिन्छ। अन्य विशिष्ट श्रेणीमा ६३ कर्मचारीमध्ये ७.९% मात्र आदिवासी जनजाति छन्। यस श्रेणीमा पुरुषको उपस्थिति ८०% र महिलाको २०% छ। राजपत्रांकित प्रथम श्रेणीमा १०.४%, द्वितीय श्रेणीमा ११.३% र तृतीय श्रेणीमा १४.४% प्रतिनिधित्व छ। यी श्रेणीमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः २९.१%, २८.७% र २६.२% ले बढी छ। राजपत्र अनंकित श्रेणीमा २८००९ कर्मचारी कार्यरत छन्। तीमध्ये १७.५% आदिवासी जनजाति समुदायका छन्। राजपत्र अनंकित प्रथम श्रेणीमा १४.१%, द्वितीय श्रेणीमा १७.३%, तृतीय श्रेणीमा १७.८%, पाँचौं श्रेणीमा २०% र श्रेणीविहीन पदहरूमा २३.६% प्रतिनिधित्व छ। यी श्रेणीहरूमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा (क्रमशः २६.४%, २६.८%, ४५.२%, ४२.२% र ३८.८%) ले बढी देखिन्छ। राजपत्र अनंकित चतुर्थ श्रेणीमा १३.९% आदिवासी जनजातिको उपस्थिति छ र जसमा महिलाको उपस्थिति शून्य रहेको देखिन्छ (तालिका ४.१)।

निजामती सेवाको उच्च पदहरूमा आदिवासी जनजातिको उपस्थिति निकै कम छ। लैङ्गिक रुपमा पनि न्याय क्षेत्र, संवैधानिक निकाय तथा प्रशासनिक पदहरूमा महिला आदिवासी जनजातिको उपस्थिति न्यून देखिन्छ। राजपत्रांकित श्रेणीमा १०% देखि १४% सम्म प्रतिनिधित्व देखिए पनि नेतृत्वदायी तहमा आदिवासी जनजातिको उपस्थिति उल्लेखनीय रूपमा कम छ।

**तालिका ४.१: निजामती सेवामा आदिवासी जनजातिको प्रतिनिधित्व**

| | सम्पूर्ण कर्मचारी | | | | | | आदिवासी जनजाति कर्मचारी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कुल जम्मा* | ६०९०५ | ७०.९ | २४९५८ | २९.१ | ८५८६३ | १०० | ९३७९ | ६४.७ | ५१०९ | ३५.३ | १४४८८ | १६.९ |
| न्याय क्षेत्र | | | | | | | | | | | | |
| न्यायाधीश, सर्वोच्च अदालत | १५ | ८८.२ | २ | ११.८ | १७ | १०० | १ | ५० | १ | ५० | २ | ११.८ |
| न्यायाधिश, उच्चअदालत | ७१ | ७८ | २० | २२ | ९१ | १०० | १३ | ६८.४ | ६ | ३१.६ | १९ | २०.९ |
| जिल्ला न्यायाधीश | २१७ | ९६ | ९ | ४ | २२६ | १०० | १० | ७६.९ | ३ | २३.१ | १३ | ५.८ |
| जम्मा | ३०४ | ९०.७ | ३१ | ९.३ | ३३५ | १०० | २४ | ७०.६ | १० | २९.४ | ३४ | १०.१ |
| संवैधानिक निकायका सदस्य र आयुक्त | | | | | | | | | | | | |
| सम्वैधानिक श्रेणी | ३६ | ७२ | १४ | २८ | ५० | १०० | ११ | ७३.३ | ४ | २६.७ | १५ | ३० |
| जम्मा | ३६ | ७२ | १४ | २८ | ५० | १०० | ११ | ७३.३ | ४ | २६.७ | १५ | ३० |
| राजपत्रांकित | | | | | | | | | | | | |
| विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | १०० | ० | ० | १ | १०० | ० | ० | ० | ० | ० | ० |
| विशिष्ट श्रेणी | ५६ | ८८.९ | ७ | ११.१ | ६३ | १०० | ४ | ८० | १ | २० | ५ | ७.९ |
| रा.प. प्रथम श्रेणी | ५८९ | ९१.६ | ५४ | ८.४ | ६४३ | १०० | ५३ | ७९.१ | १४ | २०.९ | ६७ | १०.४ |
| रा.प. द्धितीय श्रेणी | २५८८ | ८६.९ | ३९१ | १३.१ | २९७९ | १०० | २६६ | ७८.७ | ७२ | २१.३ | ३३८ | ११.३ |
| रा.प.तृतीय श्रेणी | ६७५७ | ७७.९ | १९१४ | २२.१ | ८६७१ | १०० | ९५० | ७६.२ | २९६ | २३.८ | १२४६ | १४.४ |
| जम्मा | ९९९१ | ८०.९ | २३६६ | १९.१ | १२३५७ | १०० | १२७३ | ७६.९ | ३८३ | २३.१ | १६५६ | १३.४ |
| राजपत्र अनंकित | | | | | | | | | | | | |
| रा.प.अनं.प्रथम श्रेणी | १००७३ | ७८.८ | २७१० | २१.२ | १२७८३ | १०० | १३७४ | ७६.४ | ४२४ | २३.६ | १७९८ | १४.१ |
| रा.प.अनं. द्धितीय श्रेणी | ५४४३ | ७७ | १६२९ | २३ | ७०७२ | १०० | ९४१ | ७६.८ | २८५ | २३.२ | १२२६ | १७.३ |
| रा.प.अनं. तृतीय श्रेणी | ११२ | ९४.९ | ६ | ५.१ | ११८ | १०० | २० | ९५.२ | १ | ४.८ | २१ | १७.८ |
| रा.प.अनं.चतुर्थ श्रेणी | ३४ | ९४.४ | २ | ५.६ | ३६ | १०० | ५ | १०० | ० | ० | ५ | १३.९ |
| रा.प.अनं. पाँचौ श्रेणी | ५८२ | ९१.१ | ५७ | ८.९ | ६३९ | १०० | ११८ | ९२.२ | १० | ७.८ | १२८ | २० |
| श्रेणी बिहिन | ६५९८ | ८९.६ | ७६३ | १०.४ | ७३६१ | १०० | १५४० | ८८.८ | १९४ | ११.२ | १७३४ | २३.६ |
| जम्मा | २२८४२ | ८१.६ | ५१६७ | १८.४ | २८००९ | १०० | ३९९८ | ८१.४ | ९१४ | १८.६ | ४९१२ | १७.५ |
| तहगत निजामती सेवा | | | | | | | | | | | | |
| पदाधिकारी | २ | १०० | ० | ० | २ | १०० | ० | ० | ० | ० | ० | ० |
| अधिकृत बारौ | ३ | ७५ | १ | २५ | ४ | १०० | ० | ० | ० | ० | ० | ० |
| अधिकृत एघारौ | १४४ | ८० | ३६ | २० | १८० | १०० | १८ | ६२.१ | ११ | ३७.९ | २९ | १६.१ |
| अधिकृत दशौ | ३८३ | ८२.४ | ८२ | १७.६ | ४६५ | १०० | ४२ | ६२.७ | २५ | ३७.३ | ६७ | १४.४ |
| अधिकृत नवौ | ४५१ | ८२ | ९९ | १८ | ५५० | १०० | ५२ | ७४.३ | १८ | २५.७ | ७० | १२.७ |
| अधिकृत आठौ | १४९१ | ७८.८ | ४०१ | २१.२ | १८९२ | १०० | १९७ | ७०.९ | ८१ | २९.१ | २७८ | १४.७ |
| अधिकृत सातौ | २१३१ | ७६.८ | ६४४ | २३.२ | २७७५ | १०० | २८९ | ७२.१ | ११२ | २७.९ | ४०१ | १४.५ |
| अधिकृत छैटौ | ८३४१ | ७३ | ३०८३ | २७ | ११४२४ | १०० | १०४६ | ६२.८ | ६१९ | ३७.२ | १६६५ | १४.६ |
| सहायक पाचौ | ८८३० | ५३.५ | ७६८९ | ४६.५ | १६५१९ | १०० | १२६१ | ४३.५ | १६३९ | ५६.५ | २९०० | १७.६ |
| सहायक चौथो | ५७९३ | ५२.३ | ५२९१ | ४७.७ | ११०८४ | १०० | ११३३ | ४६.८ | १२८७ | ५३.२ | २४२० | २१.८ |
| सहायक तेस्रो | १३२ | ७२.९ | ४९ | २७.१ | १८१ | १०० | २८ | ८२.४ | ६ | १७.६ | ३४ | १८.८ |
| सहायक दोस्रो | ० | ० | २ | १०० | २ | १०० | ० | ० | ० | ० | ० | ० |
| सहायक पहिलो | ० | ० | १ | १०० | १ | १०० | ० | ० | ० | ० | ० | ० |
| तह बिहिन | ३१ | ९३.९ | २ | ६.१ | ३३ | १०० | ७ | १०० | ० | ० | ७ | २१.२ |
| जम्मा | २७७३२ | ६१.५ | १७३८० | ३८.५ | ४५११२ | १०० | ४०७३ | ५१.७ | ३७९८ | ४८.३ | ७८७१ | १७.४ |

स्रोत: राष्ट्रिय किताबखाना (निजामती), २०८१; *कर्मचारी तथा संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरू समेत समेटिएका छन्।

## ४.३ शिक्षक सेवा

राष्ट्रिय किताबखानाको अभिलेख अनुसार नेपालमा कुल ९५,२८३ शिक्षक कार्यरत छन्। तीमध्ये ११.३% आदिवासी जनजाति समुदायका छन् । आदिवासी जनजाति मध्ये पुरुषको प्रतिनिधित्व ६२.८% महिलाको ३७.२% भन्दा बढी छ । तहअनुसार विश्लेषण गर्दा, प्राथमिक तहमा १२.१%, निम्न माध्यमिक तहमा ९.३% र माध्यमिक तहमा ८.२% प्रतिनिधित्व छ। यी तहहरूमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ९.८%, २३.७% र २७.६% ले बढी छ (तालिका ४.२) । प्रतिनिधित्वमा स्पष्ट लैङ्गिक असमानता देखिन्छ । उच्च तहमा प्रतिनिधित्व न्यून हुनु र महिलाको सहभागिता कम रहनु समावेशीकरणका लागि चुनौतीपूर्ण देखिन्छ ।

**तालिका ४.२: शिक्षक सेवामा आदिवासी जनजातिको प्रतिनिधित्व**

| | सम्पूर्ण कर्मचारी | | | | | | आदिवासी जनजाति कर्मचारी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कुल कर्मचारी | ६४५३७ | ६७.७ | ३०७४६ | ३२.३ | ९५२८३ | १०० | ६७६३ | ६२.८ | ४००१ | ३७.२ | १०७६४ | ११.३ |
| प्राथमिक | ४५३६१ | ६३.६ | २५९६३ | ३६.४ | ७१३२४ | १०० | ५१७५ | ५९.८ | ३४७९ | ४०.२ | ८६५४ | १२.१ |
| निम्न माध्यमिक | १०६७४ | ७८ | ३०१७ | २२ | १३६९१ | १०० | ९३५ | ७३.७ | ३३४ | २६.३ | १२६९ | ९.३ |
| माध्यमिक | ८५०० | ८२.८ | १७६५ | १७.२ | १०२६५ | १०० | ६५३ | ७७.६ | १८८ | २२.४ | ८४१ | ८.२ |
| शैक्षिक विद्याश्रम | २ | ६६.७ | १ | ३३.३ | ३ | १०० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ६४५३७ | ६७.७ | ३०७४६ | ३२.३ | ९५२८३ | १०० | ६७६३ | ६२.८ | ४००१ | ३७.२ | १०७६४ | ११.३ |

स्रोत: राष्ट्रिय किताबखाना (शिक्षक), २०८१

## ४.४ नेपाली सेना

नेपाली सेनामा आदिवासी जनजाति समुदायको कुल प्रतिनिधित्व ३२.५% छ। जसमध्ये पुरुषको २८.६% र महिलाको ३.८% प्रतिनिधित्व छ। विभिन्न दर्जा तथा श्रेणीहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व फरक फरक देखिन्छ। उच्च पदमा उनीहरूको प्रतिनिधित्व क्रमशः घट्दै गएको देखिन्छ । राजपत्रांकित विशिष्ट श्रेणीमा १३.०५% र प्रथम श्रेणीमा १८.१५% प्रतिनिधित्व छ । द्वितीय श्रेणीमा २१.०५% र तृतीय श्रेणीमा २३.३९% प्रतिनिधित्व छ । यसले उच्च पदहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व न्यून रहेको संकेत गर्छ । राजपत्र अनंकित श्रेणीमा भने उनीहरूको उपस्थिति तुलनात्मक रूपमा वृद्धि भएको देखिन्छ । प्रथम श्रेणीमा २६.६%, द्वितीय श्रेणीमा २८.११%, तृतीय श्रेणीमा ३२.२% र चौथो श्रेणीमा ३२.२९% प्रतिनिधित्व छ। श्रेणीविहीन कर्मचारीमध्ये २५.९% आदिवासी जनजाति समुदायका छन् (चित्र ४.१)।

नेपाली सेनामा आदिवासी जनजातिको उपस्थिति मध्यम स्तरमा देखिन्छ। उच्च पदमा उनीहरूको प्रतिनिधित्व न्यून छ भने मध्यम र तल्लो श्रेणीमा तुलनात्मक रूपमा बढी छ। महिलाको प्रतिनिधित्व पुरुषको तुलनामा निकै कम देखिन्छ।

**चित्र ४.१: नेपाली सेनामा आदिवासी जनजातिको प्रतिनिधित्व**




स्रोत: नेपाली सेना, २०८१

### ४.५ नेपाल प्रहरी

नेपाल प्रहरीमा कुल ७५,२७५ कर्मचारी कार्यरत छन् । तीमध्ये ३०% आदिवासी जनजाति समुदायका छन् जसमध्ये पुरुषको प्रतिनिधित्व महिलाको भन्दा ३५.२% बढी छ । उच्च तहको तुलनामा तल्लो तहहरूमा प्रतिनिधित्व उच्च देखिन्छ । हालसम्मको प्रहरी महानिरीक्षक (प्र.म.नि.) पदमा आदिवासी जनजातिको उपस्थिति सन्तोषजनक नै रहेको छ । आ. व. २०८१/८२ मा नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा आदिवासी जनजातिको प्रतिनिधित्व नभए पनि हालसम्मको कुल ३२ जना प्रहरी महानिरीक्षकहरुमध्ये २५% भन्दा बढी आदिवासी जनजाति समुदायबाट नियुक्ति/पदोन्नति भएको विभिन्न अभिलेखहरुबाट देखिन्छ। आयोगको अध्ययन अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक (प्र.अ.म.नि.) पदमा ५७.१%, प्रहरी नायब महानिरीक्षक (प्र. ना.म.नि.) पदमा २०% र प्रहरी वरिष्ठ उपरीक्षक (प्र.व.उ.) पदमा २४.२% प्रतिनिधित्व छ । यी पदहरूमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः २५%, २५% र ४३.३% बढी छ । प्रहरी उपरीक्षक (प्र.उ.) पदमा १४.२%, प्रहरी नायब उपरीक्षक (प्र.ना.उ.) पदमा १७.४%, प्रहरी निरीक्षक (प्र.नि.) पदमा १९%, प्रहरी वरिष्ठ नायब निरीक्षक (प्र.व.ना.नि.) पदमा १८.३%, प्रहरी नायब निरीक्षक (प्र.ना.नि.) पदमा २२.५% र प्रहरी सहायक निरीक्षक (प्र.स.नि.) पदमा २४.४% आदिवासी जनजातिको प्रतिनिधित्व छ । यी तहहरूमा पनि पुरुषको संख्यात्मक उपस्थिति महिलाको भन्दा उल्लेखनीय रूपमा बढी छ । विशेषगरी, प्रहरी उपरीक्षक (प्र.उ.) पदमा ४०.९%, प्रहरी नायब उपरीक्षक (प्र.ना.उ.) पदमा ३३.३%, प्रहरी निरीक्षक (प्र.नि.) पदमा ३३.६%, प्रहरी वरिष्ठ नायब निरीक्षक (प्र.व.ना.नि.) पदमा २४%, प्रहरी नायब निरीक्षक (प्र.ना.नि.) पदमा ३८.३% र प्रहरी सहायक निरीक्षक (प्र.स.नि.) पदमा ३८.८% बढी पुरुषको प्रतिनिधित्व महिलाको भन्दा बढी छ ।

सहायक तहमा, प्रहरी वरिष्ठ हवल्दार (प्र.व.ह.) पदमा २६.२%, प्रहरी हवल्दार (प्र.ह.) पदमा २९.१%, प्रहरी सहायक हवल्दार (प्र.स.ह.) पदमा ३१.४%, प्रहरी जवान (प्र.ज.) पदमा ३३.३% र प्रहरी कार्य सहायक (प्र.का.स.) पदमा ३१.९% आदिवासी जनजातिको उपस्थिति छ । यी पदहरूमा पनि पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ४३.९%, ४०.२%, ३७.२%, ३२% र २४.८% बढी छ (तालिका ४.३) ।

**तालिका ४.३: नेपाल प्रहरीमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| | सम्पूर्ण कर्मचारी | | | | | | आदिवासी जनजाति कर्मचारी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कुल कर्मचारी | ६६३७४ | ८८.२ | ८९०१ | ११.८ | ७५२७५ | १०० | १९२२५ | ८५.२ | ३३३९ | १४.८ | २२५६४ | ३० |
| प्रहरी महानिरीक्षक | १ | १०० | ० | ० | १ | १०० | ० | ० | ० | ० | ० | ० |
| प्रहरी अतिरिक्त महानिरीक्षक | ६ | ८५.७ | १ | १४.३ | ७ | १०० | ३ | ७५ | १ | २५ | ४ | ५७.१ |
| प्रहरी नायब महानिरीक्षक | १८ | ९० | २ | १० | २० | १०० | ३ | ७५ | १ | २५ | ४ | २० |
| प्रहरी वरिष्ठ उपरीक्षक | ५५ | ८८.७ | ७ | ११.३ | ६२ | १०० | १४ | ९३.३ | १ | ६.७ | १५ | २४.२ |
| प्रहरी उपरीक्षक | १४९ | ९६.१ | ६ | ३.९ | १५५ | १०० | २० | ९०.९ | २ | ९.१ | २२ | १४.२ |
| प्रहरी नायब उपरीक्षक | ३७७ | ९१.१ | ३७ | ८.९ | ४१४ | १०० | ६० | ८३.३ | १२ | १६.७ | ७२ | १७.४ |
| प्रहरी निरीक्षक | १२९७ | ८९.६ | १५१ | १०.४ | १४४८ | १०० | २३० | ८३.६ | ४५ | १६.४ | २७५ | १९ |
| प्रहरी वरिष्ठ नायब निरीक्षक | १२४१ | ९०.७ | १२७ | ९.३ | १३६८ | १०० | २१० | ८४ | ४० | १६ | २५० | १८.३ |
| प्रहरी नायब निरीक्षक | २५०७ | ९१.९ | २२० | ८.१ | २७२७ | १०० | ५४१ | ८८.३ | ७२ | ११.७ | ६१३ | २२.५ |
| प्रहरी सहायक निरीक्षक | ६९४८ | ९२.६ | ५५८ | ७.४ | ७५०६ | १०० | १६२६ | ८८.८ | २०५ | ११.२ | १८३१ | २४.४ |
| प्रहरी वरिष्ठ हवल्दार | ३३२० | ९४.६ | १९० | ५.४ | ३५१० | १०० | ८६३ | ९३.९ | ५६ | ६.१ | ९१९ | २६.२ |
| प्रहरी हवल्दार | ९८९२ | ९०.६ | १०३१ | ९.४ | १०९२३ | १०० | २८६३ | ९०.२ | ३११ | ९.८ | ३१७४ | २९.१ |
| प्रहरी सहायक हवल्दार | १३४७४ | ८९.२ | १६३३ | १०.८ | १५१०७ | १०० | ४१३८ | ८७.२ | ६१० | १२.८ | ४७४८ | ३१.४ |
| प्रहरी जवान | २४६६८ | ८४.९ | ४३९२ | १५.१ | २९०६० | १०० | ७९४६ | ८२ | १७४५ | १८ | ९६९१ | ३३.३ |
| प्रहरी कार्य सहायक | २४२१ | ८१.६ | ५४६ | १८.४ | २९६७ | १०० | ७०८ | ७४.८ | २३८ | २५.२ | ९४६ | ३१.९ |

स्रोत: नेपाल प्रहरी, २०८१

नेपाल प्रहरीका सम्पूर्ण कार्यालयमा उच्चदेखि तल्लो तहका पदमा महिलाको प्रतिनिधित्व पुरुषभन्दा निकै नै कम छ। नेपाल प्रहरीमा समग्र रूपमा आदिवासी जनजातिको उपस्थिति ३०% रहेको छ। उच्च पदहरूमा उनीहरूको उपस्थिति निकै कम छ भने तल्लो तहमा तुलनात्मक रूपमा बढी छ। प्रहरी निरीक्षक (प्र.नि.), प्रहरी सहायक निरीक्षक (प्र.स.नि.) पदमा आदिवासी जनजातिको उपस्थिति १९% देखि ३७.५% सम्म छ। प्रहरी जवान (प्र.ज.) र प्रहरी कार्य सहायक (प्र.क.स.) पदमा प्रतिनिधित्व ३०% भन्दा माथि देखिन्छ। महिलाको सहभागिता भने सबै तहमा निकै कम छ।

## ४.६ सशस्त्र प्रहरी बल नेपाल

सशस्त्र प्रहरी बल नेपालमा कुल ३५४९४ कर्मचारी कार्यरत छन्। तीमध्ये ३४% आदिवासी जनजाति समुदायका छन्। आदिवासी जनजाति पुरुषको प्रतिनिधित्व महिलाको भन्दा ३९.२% बढी छ। यस संस्थामा आदिवासी जनजाति समुदायको प्रतिनिधित्व तुलनात्मक रूपमा उल्लेखनीय देखिए पनि लैङ्गिक असमानता कायम रहेको छ।

आ. व. ०८१/८२ मा सशस्त्र प्रहरी महानिरीक्षक पदमा आदिवासी जनजातिको प्रतिनिधित्व नभए पनि हालसम्म नियुक्त १२ जना सशस्त्र प्रहरी महानिरीक्षक (स.प्र.म.नि.) मध्ये ४२% जति आदिवासी जनजातिबाट प्रतिनिधित्व भएको देखिन्छ। राजपत्रांकित प्रथम (स.प्र.ना.म.नि.) पदमा ०.५% र राजपत्रांकित प्रथम (स.प्र.ब.उ.) ०.१% प्रतिनिधित्व छ। यी पदमा महिलाको कुनै प्रतिनिधित्व

छैन। राजपत्रांकित द्वितीय (स.प्र.उ.) पदमा ०.२% आदिवासी जनजाति समुदायका छन्। यस पदमा पुरुषको प्रतिनिधित्व (९४.८%) महिलाको (५.२%) भन्दा अत्यधिक बढी छ। राजपत्रांकित द्वितीय (स.प्र.ना.उ.) पदमा ०.७% र राजपत्रांकित तृतीय (स.प्र.नि.) पदमा १.७% प्रतिनिधित्व छ। यी दुवै पदमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ३६.६% र ४१.७% बढी छ।

राजपत्र अनंकित प्रथम (स.प्र.ब.ना.नि.) पदमा ०.३% प्रतिनिधित्व देखिन्छ। तर, यस पदमा सबै पुरुष मात्र छन्। राजपत्र अनंकित प्रथम (स.प्र.ना.नि.) पदमा ३.०% र राजपत्र अनंकित द्वितीय (स.प्र.स.नि.) पदमा ४.१% प्रतिनिधित्व छन्। यी दुवै पदमा महिलाको भन्दा पुरुषको प्रतिनिधित्व बढी छ। राजपत्र अनंकित प्रथम (स.प्र.ना.नि.) पदमा ३७.१% र राजपत्र अनंकित द्वितीय (स.प्र.स.नि.) पदमा ४४.६% पुरुषको प्रतिनिधित्व महिलाको भन्दा बढी छ।

राजपत्रांकित तृतीय श्रेणीका पदहरूमा तुलनात्मक रूपमा आदिवासी जनजातिको उपस्थिति उल्लेखनीय छ। राजपत्र अनंकित तृतीय (स.प्र.ब.ह.) पदमा ७%, राजपत्र अनंकित तृतीय (स.प्र.ह.) पदमा १६.३%, राजपत्र अनंकित तृतीय (स.प्र.स.ह.) पदमा २३.९% प्रतिनिधित्व छ। यी पदमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ४८.९%, ४६.४% र ४०.३% बढी छ। राजपत्र अनंकित श्रेणीभित्रकै राजपत्र अनंकित चतुर्थ (स.प्र.ज.) पदमा आदिवासी जनजातिको सबैभन्दा बढी उपस्थिति देखिन्छ। यस पदमा ३८.३% प्रतिनिधित्व छ। यस पदमा पुरुषको ८४.४% र महिलाको १५.६% छ। श्रेणीविहीन (स.प्र.प.) पदमा ४.६% आदिवासी जनजातिको प्रतिनिधित्व छ। यस पदमा पनि पुरुषको ७९.७% प्रतिनिधित्व र महिलाको २०.३% छ (तालिका ४.४)।

सशस्त्र प्रहरी बल नेपालमा आदिवासी जनजातिको उल्लेखनीय प्रतिनिधित्व देखिए पनि राजपत्रांकित प्रथम, द्वितीय र तृतीय श्रेणीका पदमा उपस्थिति न्यून नै छ। उच्च तहमा आदिवासी जनजातिको पहुँच सीमित रहेकाले नेतृत्वदायी भूमिकामा उनीहरूको सहभागिता कमजोर देखिन्छ। तल्लो पदतर्फ राजपत्र अनंकित तृतीय (स.प्र.स.ह.) र चतुर्थ (स.प्र.ज.) पदमा आदिवासी जनजातिको उपस्थिति तुलनात्मक रूपमा उच्च छ। महिलाको प्रतिनिधित्व सबै तहमा निकै कम छ। तल्लो पदमा केही महिलाको उपस्थिति देखिए पनि उच्च पदहरूमा उनीहरूको सहभागिता ज्यादै न्यून छ।

**तालिका ४.४: सशस्त्र प्रहरी बल नेपालमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| | आदिवासी जनजाति कर्मचारी | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कुल कर्मचारी | १०७७७ | ८९.२ | १२९९ | १०.८ | १२०७६ | ३४ |
| राजपत्रांकित विशिष्ट (स.प्र.म.नि) | ० | ० | ० | ०.० | ० | ० |
| राजपत्रांकित विशिष्ट (स.प्र.अ.म.नि.) | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित प्रथम (स.प्र.ना.म.नि) | ५ | १०० | ० | ० | ५ | ०.५ |
| राजपत्रांकित प्रथम (स.प्र.ब.उ.) | ७ | १०० | ० | ० | ७ | ०.१ |
| राजपत्रांकित द्वितीय (स.प्र.उ) | १८ | ९४.७ | १ | ५.३ | १९ | ०.२ |
| राजपत्रांकित द्वितीय (स.प्र.ना.उ.) | ७१ | ८६.६ | ११ | १३.४ | ८२ | ०.७ |
| राजपत्रांकित तृतीय (स.प्र.नि.) | १८७ | ९१.७ | १७ | ८.३ | २०४ | १.७ |
| राजपत्र अनंकित प्रथम (स.प्र.ब.ना.नि.) | ३३ | १०० | ० | ० | ३३ | ०.३ |
| राजपत्र अनंकित प्रथम (स.प्र.ना.नि.) | ३१६ | ८७.१ | ४७ | १३ | ३६३ | ३. |
| राजपत्र अनंकित द्वितीय (स.प्र.स.नि.) | ४६८ | ९४.६ | २७ | ५.५ | ४९५ | ४.१ |
| राजपत्र अनंकित तृतीय (स.प्र.ब.ह.) | ८३४ | ९८.९ | ९ | १.१ | ८४३ | ७ |
| राजपत्र अनंकित तृतीय (स.प्र.ह) | १८९३ | ९६.४ | ७० | ३.६ | १९६३ | १६.३ |
| राजपत्र अनंकित तृतीय (स.प्र.स.ह) | २६०० | ९०.३ | २८१ | ९.८ | २८८१ | २३.९ |
| राजपत्र अनंकित चतुर्थ (स.प्र.ज.) | ३८९८ | ८४.४ | ७२२ | १५.६ | ४६२० | ३८.३ |
| श्रेणी विहिन (स.प्र.प) | ४४७ | ७९.७ | ११४ | २०.३ | ५६१ | ४.६ |

स्रोत: सशस्त्र प्रहरी बल नेपाल, २०८१; नोट:यस संस्थामा कुल ३५,४९४ कर्मचारी कार्यरत छन्। तीमध्ये पुरुष (३१९७१) को प्रतिनिधित्व महिला (३५२३) को तुलनामा बढी छ। यस संस्थाबाट हरेक पदअनुसारको कुल कर्मचारी संख्या र सोही अनुसारको लैंगिक वितरणको तथ्यांक प्राप्त नभएकाले आदिवासी जनजाति कर्मचारीहरूको पदअनुसारको वितरण कुल आदिवासी जनजाति संख्यालाई शतप्रतिशत आधार मानेर वर्गीकरण गरिएको छ। त्यसैले यहाँ प्रस्तुत गरिएको पदअनुसारको तथ्यांक सबै कर्मचारीमा आधारित नभई केवल आदिवासी जनजाति समुदायभित्रका कर्मचारीहरूको वर्गीकरण हो।

### ४.७ समावेशी विज्ञापनमार्फत सिफारिस भएका आदिवासी जनजाति

आर्थिक वर्ष २०६४/०६५ देखि २०८०/०८१ सम्मको समावेशी विज्ञापनमार्फत निजामती सेवामा सिफारिस गरिएका आदिवासी जनजातिको प्रतिनिधित्वमा विभिन्न वर्षहरूमा उतारचढाव देखिएको छ । यो १७ वर्षे अवधिमा कुल ६७५७ जना आदिवासी जनजाति कर्मचारी सिफारिस भएका छन् । सुरुवाती चरण (२०६४/०६५ देखि २०६९/०७०) मा आदिवासी जनजातिको सिफारिस संख्या तुलनात्मक रूपमा कम थियो। आर्थिक वर्ष २०६४/०६५ मा २४५ जना आदिवासी जनजाति सिफारिस भएका थिए। यो संख्या २०६५/०६६ मा घटेर ९४ पुगेको देखिन्छ। तर, २०६६/०६७ मा पुनः वृद्धि भई ३६८ जनासम्म पुगेको थियो। त्यसपछि, २०६७/०६८ देखि २०७३/०७४ सम्म निरन्तर वृद्धि हुँदै आदिवासी जनजातिको सिफारिस संख्या १०२६ पुगेको पाइन्छ। आर्थिक वर्ष २०७४/०७५ मा ८५८ तथा २०७५/०७६ मा ५०९ जना सिफारिस भए पनि अघिल्लो वर्षको तुलनामा संख्या केही घटेको देखिन्छ। आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा यो संख्या घटेर क्रमशः २६ र ६ पुगेको देखिन्छ । यो अन्य वर्षहरूको तुलनामा अत्यन्त न्यून सिफारिस भएको हो । त्यसपछि, २०७८/०७९ देखि पुनः सुधार हुँदै २०७९/०८० मा ४०१ तथा २०८०/०८१ मा २८२ जना आदिवासी जनजाति सिफारिस भएका छन् (तालिका ४.५) । प्रतिनिधित्वमा देखिएका यी उतारचढावले समावेशी नीति, सरकारी सेवा प्रवेशका अवसर तथा प्रशासनिक प्रक्रियामा भएका विभिन्न नीतिगत परिवर्तनहरूको प्रभाव दर्शाउँछन् ।

**तालिका ४.५: आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवारको विवरण**

| आर्थिक वर्ष | समावेशी विज्ञापनबाट सिफारिस | | | | | | | खुला विज्ञापनबाट सिफारिस | खुलाः समावेशी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | आदिवासी जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | जम्मा | | |
| २०८०/०८१ | ३४१ | २८२ | २४८ | १०४ | ४९ | ४२ | १,०६६ | १३४० | ०१:००.८ |
| २०७९/०८० | ५०० | ४०१ | ३१० | १३३ | ५८ | ५८ | १,४६० | १,९३५ | ०१:००.७ |
| २०७८/०७९ | ३८० | २८८ | १९१ | ७४ | ५३ | ३७ | १,०२३ | १,४३३ | ०१:००.७ |
| २०७७/०७८ | ९ | ६ | २ | १ | २ | ० | २० | २८ | ०१:००.७ |
| २०७६/०७७ | ३९ | २६ | २४ | ७ | ३ | ४ | १०३ | १३० | ०१:००.८ |
| २०७५/०७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १,८८३ | २,३९४ | ०१:००.८ |
| २०७४/०७५ | १,०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३,२४४ | ४,००७ | ०१:००.८ |
| २०७३/०७४ | १,३८३ | १,०२६ | ९०१ | ३८५ | १८९ | १४२ | ४,०२६ | ५,२७३ | ०१:००.८ |
| २०७२/०७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २,३३८ | ३,३०० | ०१:००.७ |
| २०७१/०७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १,९७९ | २,७८३ | ०१:००.७ |
| २०७०/०७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १,८५४ | २,७६७ | ०१:००.७ |
| २०६९/०७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | १,१३६ | १,७०७ | ०१:००.७ |
| २०६८/०६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १,०१३ | १,८०५ | ०१:००.६ |
| २०६७/०६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १,३४९ | २,४८७ | ०१:००.५ |
| २०६६/०६७ | ४९५ | ३६८ | ३१९ | १४२ | ६४ | ४३ | १,४३१ | २,०८० | ०१:००.७ |
| २०६५/०६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ | ८४० | ०१:००.४ |
| २०६४/०६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ | २,२२८ | ०१:००.४ |
| **कुल जम्मा** | **८,६००** | **६,७५७** | **५,४९६** | **२,२९०** | **१,१६१** | **९१४** | **२५,२१८** | **३६,५३७** | **०१:००.७** |

स्रोत: लोक सेवा आयोग, २०८१

### ४.८ आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवार

आर्थिक वर्ष २०८०/०८१ को अवधिमा आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनमार्फत ४२८ जना आदिवासी जनजाति समुदायका उम्मेदवार नियुक्तिका लागि सिफारिस भएका छन् । यसमध्ये १२१ जना महिला (अधिकृत स्तरमा ३६ र सहायक

स्तरमा ८५) तथा ३०७ जना पुरुष (अधिकृत स्तरमा ७१ र सहायक स्तरमा २३६) रहेका छन् । यो संख्या कुल सिफारिसको १५.९२ प्रतिशत हो ।

आदिवासी जनजाति समावेशी विज्ञापनमार्फत २८२ जना उम्मेदवार सिफारिस भएका छन् । यसमध्ये अधिकृत स्तरमा ६३ जना पुरुष र १९ जना महिला तथा सहायक स्तरमा १६४ जना पुरुष र ३६ जना महिला रहेका छन् । खुला प्रतिस्पर्धाबाट ७३ जना आदिवासी जनजाति उम्मेदवार सिफारिस भएका छन् जसमा २० जना महिला र ५३ जना पुरुष छन् । खुला प्रतिस्पर्धाबाट सिफारिस भएका २० जना आदिवासी जनजाति महिलामध्ये ६ जना अधिकृत स्तरमा र १४ जना सहायक स्तरमा रहेका छन् । त्यसैगरी ५३ जना आदिवासी जनजाति पुरुषमध्ये ५ जना अधिकृत स्तरमा र ४८ जना सहायक स्तरमा सिफारिस भएका छन् ।

महिला समूहबाट प्रतिस्पर्धा गरी सिफारिस भएका आदिवासी जनजाति महिलाको संख्या ३८ रहेको छ । यसमध्ये १० जना अधिकृत स्तरमा तथा २८ जना सहायक स्तरमा सिफारिस भएका छन् । त्यस्तै, आन्तरिक प्रतिस्पर्धाबाट ३३ जना आदिवासी जनजाति उम्मेदवार सिफारिस भएका छन् । यसमा ७ जना महिला (अधिकृत स्तरमा १ र सहायक स्तरमा ६) तथा २६ जना पुरुष (अधिकृत स्तरमा ३ र सहायक स्तरमा २३) रहेका छन् (तालिका ४.६)।

**तालिका ४.६: आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवारको विवरण**

| सिफारिस समूह | महिला | | | पुरूष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | अधिकृतस्तर | सहायकस्तर | जम्मा | अधिकृतस्तर | सहायकस्तर | जम्मा | |
| आन्तरिक प्रतियोगिता | १ | ६ | ७ | ३ | २३ | २६ | ३३ |
| खुला | ६ | १४ | २० | ५ | ४८ | ५३ | ७३ |
| महिला | १० | २८ | ३८ | ० | ० | ० | ३८ |
| आदिवासी जनजाति | १९ | ३६ | ५५ | ६३ | १६४ | २२७ | २८२ |
| अपाङ्ग | ० | १ | १ | ० | १ | १ | २ |
| **जम्मा** | **३६** | **८५** | **१२१** | **७१** | **२३६** | **३०७** | **४२८** |

स्रोत: लोक सेवा आयोग, २०८१

जातिगत रुपमा कुल ६० आदिवासी जनजातिमध्ये २० समुदायका उम्मेदवार नियुक्तिका लागि सिफारिस भएका छन् । सिफारिस भएका कुल ४२८ जना आदिवासी जनजाति उम्मेदवारमध्ये 'सुविधा-वञ्चित' समूहको प्रतिनिधित्व सबैभन्दा उच्च (४०.१९%) रहेको छ । त्यसपछि, 'सीमान्तकृत' समूहबाट ३३.६४ %, 'उन्नत' समूहबाट २२.९० % र 'अति सीमान्तकृत' समूहबाट ३.२७ % उम्मेदवार सिफारिस भएका छन् ।

'लोपोन्मुख' समूहबाट सिफारिस हुने संख्या भने अत्यन्त न्यून रहेको छ । लैंगिक रूपमा 'सुविधा-वञ्चित' समूहबाट सिफारिस भएका १७२ जना उम्मेदवारमध्ये ४५ जना महिला (अधिकृत स्तरमा ९ र सहायक स्तरमा ३६) तथा १२७ जना पुरुष (अधिकृत स्तरमा ३२ र सहायक स्तरमा ९५) रहेका छन् । त्यसैगरी, 'सीमान्तकृत' समूहबाट सिफारिस भएका १४४ जना उम्मेदवारमध्ये ३७ जना महिला (अधिकृत स्तरमा ९ र सहायक स्तरमा २८) तथा १०७ जना पुरुष (अधिकृत स्तरमा १७ र सहायक स्तरमा ९०) रहेका छन् ।

'उन्नत' समूहबाट सिफारिस भएका ९८ जना उम्मेदवारमध्ये ३८ जना महिला (अधिकृत स्तरमा १७ र सहायक स्तरमा २१) तथा ६० जना पुरुष (अधिकृत स्तरमा २१ र सहायक स्तरमा ३९) रहेका छन् । 'अति सीमान्तकृत' समूहबाट सिफारिस भएका १४ जना उम्मेदवारमध्ये १ जना महिला (अधिकृत स्तरमा १) तथा १३ जना पुरुष (अधिकृत स्तरमा १ र सहायक स्तरमा १२) रहेका छन् । 'लोपोन्मुख' समूहबाट भने दनुवार र माझी जातिबाट मात्र २/२ जना उम्मेदवार सिफारिस भएका छन् । यी तथ्यांकले 'सुविधा-वञ्चित' र 'सीमान्तकृत' समूहको प्रतिनिधित्व बढेको देखाए पनि 'अति सीमान्तकृत' र 'लोपोन्मुख' समूहको उपस्थिति निकै न्यून रहेको देखाउँछ । यसले आदिवासी जनजाति समुदायभित्रको समुदायगत असमानता झल्काउँछ ।

**तालिका ४.७: आर्थिक वर्ष २०८०/८१ मा आदिवासी जनजाति वर्गीकरण अनुसार सिफारिस भएका उम्मेदवारको विवरण**

| सिफारिस समूह | महिला | | | पुरूष | | | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | अधिकृतस्तर | सहायकस्तर | जम्मा | अधिकृतस्तर | सहायकस्तर | जम्मा | | |
| सुविधा वञ्चित | ९ | ३६ | ४५ | ३२ | ९५ | १२७ | १७२ | ४०.१९ |
| सीमान्तकृत | ९ | २८ | ३७ | १७ | ९० | १०७ | १४४ | ३३.६४ |
| उन्नत | १७ | २१ | ३८ | २१ | ३९ | ६० | ९८ | २२.९ |
| अति सीमान्तकृत | १ | ० | १ | १ | १२ | १३ | १४ | ३.२७ |
| जम्मा | ३६ | ८५ | १२१ | ७१ | २३६ | ३०७ | ४२८ | १०० |

स्रोत: लोक सेवा आयोग, २०८१

जातिगत वर्गीकरण अनुसार सबैभन्दा धेरै ९६ (महिला २५ र पुरुष ७१) जना उम्मेदवार थारू समुदायबाट सिफारिस भएका छन्। मगर समुदायबाट ८९ (महिला २३ र पुरुष ६६) जना र नेवार समुदायबाट ९२ (महिला ३६ र पुरुष ५६) जना सिफारिस भएका छन्। राई समुदायबाट ५२ (महिला १७ र पुरुष ३५) जना उम्मेदवार सिफारिस भएका छन्। तामाङ समुदायबाट २६ (महिला ७ र पुरुष १९) जना सिफारिस भएका छन्। याक्थुङ/लिम्बु समुदायबाट १२ जना, घर्ती/भुजेल समुदायबाट १५ जना तथा गुरुङ समुदायबाट ७ जना सिफारिस भएका छन्। अत्यन्त न्यून सिफारिस भएका समुदाय भोटे, गनगाई, खत्वे, सुनुवार, याक्खा, कुमाल, माझी र दनुवार हुन्। यी समुदायबाट १ देखि ५ जनासम्म मात्र उम्मेदवार सिफारिस भएका छन्। विशेष गरी लोपोन्मुख मानिएका समुदाय दनुवार, माझी, भोटे, याक्खा र गनगाई बाट १ देखि २ जना मात्र सिफारिस भएका छन्। (तालिका ४.८)

**तालिका ४.८: आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवारको जातिगत विवरण**

| आदिवासी जनजातिको वर्गीकरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| अति सीमान्तकृत जम्मा | १ | १३ | १४ |
| दनुवार | ० | २ | २ |
| धानुक | १ | ९ | १० |
| माझी | ० | २ | २ |
| सीमान्तकृत जम्मा | ३७ | १०७ | १४४ |
| कुमाल | १ | १ | २ |
| गनगाई | ० | १ | १ |
| घर्ती/भुजेल | ३ | १२ | १५ |
| तामाङ | ७ | १९ | २६ |
| थारू | २५ | ७१ | ९६ |
| भोटे | ० | १ | १ |
| सुनुवार | १ | २ | ३ |
| सुविधा वञ्चित जम्मा | ४५ | १२७ | १७२ |
| खत्वे | ० | १ | १ |
| गुरुङ | २ | ५ | ७ |
| मगर | २३ | ६६ | ८९ |
| याक्खा | ० | २ | २ |
| याक्थुङ/लिम्बु | ३ | ९ | १२ |
| राई | १७ | ३५ | ५२ |
| लिम्बु | ० | ५ | ५ |
| व्याँसी/सौका | ० | ४ | ४ |

| | | | |
|---|---|---|---|
| उन्नत जम्मा | ३८ | ६० | ९८ |
| कायस्थ | २ | ४ | ६ |
| नेवाः (नेवार) | ३६ | ५६ | ९२ |
| **कुल जम्मा** | **१२१** | **३०७** | **४२८** |

स्रोत: लोक सेवा आयोग, २०८१

## ४.९ अध्ययनमा समावेश सार्वजनिक निकायमा आदिवासी जनजातिको समग्र प्रतिनिधित्व

**तालिका ४.९ : अध्ययनमा समावेश सार्वजनिक निकायहरूमा आदिवासी जनजातिको समग्र प्रतिनिधित्व**

| तह | आदिवासी जनजाति कर्मचारी | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| उच्च व्यवस्थापक/नीति तह | १४५ | १३.६० |
| मध्यम तहका अधिकृत | ५२८२ | १६.२५ |
| सहायक स्तरका कर्मचारी | ५२४१८ | २४.३१ |
| तहविहिन | ३६०९ | ३२.८२ |
| **जम्मा** | **६१४५४** | **२३.६२** |

नोट: यस अध्ययनमा नेपालका ६१ वटा सार्वजनिक निकायबाट तथ्याङ्क संकलन गरिएको हो । तर, अध्ययनमा समावेश केही निकायहरूले पद (तह) अनुसार आदिवासी जनजाति कर्मचारीहरूको विवरण उपलब्ध नगराएको हुनाले यस तालिकामा प्रस्तुत गरिएको उच्च व्यवस्थापन/नीतिगत तह, मध्यम तहका अधिकृत, सहायक स्तर तथा तहविहीन कर्मचारीको संख्या र औसत प्रतिशत केवल विवरण उपलब्ध गराएका निकायहरूको तथ्याङ्कमा आधारित छ । कुन निकायमा कुन तहमा कति प्रतिनिधित्व छ भन्ने विस्तृत जानकारी सम्बन्धित खण्डको तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.१० अध्ययनको निश्कर्ष

नेपालको संविधान (२०७२) ले समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गरे तापनि सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व अझै सीमित रहेको देखिन्छ। केही सेवा क्षेत्रमा आदिवासी जनजातिको प्रतिनिधित्व औसतभन्दा बढी भए तापनि निर्णायक तहसम्म उनीहरूको प्रतिनिधित्व न्यून रहेको छ । संख्यात्मक रूपमा सहभागिता केही हदसम्म वृद्धि भए पनि उच्च व्यवस्थापकीय तह, नीति निर्माण क्षेत्र तथा प्राविधिक सेवामा प्रतिनिधित्व अत्यन्त न्यून छ । विशेषगरी, नीति निर्माण तहमा न्यून उपस्थिति, उच्च प्रशासनिक तथा प्राविधिक पदमा सीमित सहभागिता र न्यून लैङ्गिक सहभागिताले समावेशीकरणको नीति अपेक्षा गरे अनुरुप प्रभावकारी हुन नसकेको देखाउँछ ।

सार्वजनिक सेवामा कार्यरत आदिवासी जनजाति समुदायका कर्मचारीमा समावेशी नीतिका कारण अवसरमा केही सहजता आएको छ । यद्यपि, आदिवासी जनजातिभित्रका सबै समुदायले समानरूपमा लाभ उठाउन सकेका छैनन् । उच्च वर्गीय आदिवासी समूहको पहुँच अग्रपंक्तिमा देखिँदा लोपोन्मुख तथा सीमान्तकृत समुदाय अझै पछि परेका छन् । निजामती सेवा, शिक्षा, स्वास्थ्य, सुरक्षा निकाय, बैंक तथा अन्य सरकारी संस्थानमा आदिवासी जनजातिको उपस्थिति केही हदसम्म देखिए पनि समग्र रूपमा प्रतिनिधित्व न्यून छ । तल्लो तथा सहायक पदमा उल्लेखनीय उपस्थिति भए तापनि नीति निर्माण तहमा सहभागिता अत्यन्त कमजोर छ । उच्च व्यवस्थापकीय तह, नीति निर्माण निकायहरू र नेतृत्वदायी भूमिकामा सीमित पहुँचले समावेशीकरणको वास्तविक उद्देश्यलाई आदिवासी जनजाति समुदायले अझै प्राप्त गर्न सकेको छैन ।

**तालिका ४.१० : नेपालको सार्वजनिक निकायहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र. सं. | सार्वजनिक निकाय | सम्पूर्ण कर्मचारी | | | | | | आदिवासी जनजाति कर्मचारी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | नेपाल धितोपत्र बोर्ड | ४० | ७० | १७ | ३० | ५७ | १०० | २८ | ७० | १२ | ३० | ४० | ७० |
| २ | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति | १३१ | २२.६ | ४४८ | ७७.४ | ५७९ | १०० | ६६ | २०.४ | २५७ | ७९.६ | ३२३ | ५६ |
| ३ | राष्ट्रिय खेलकुद परिषद् | ५४० | ७८ | १४७ | २१ | ६८९ | १०० | ३०३ | ८१ | ७० | १९ | ३७३ | ५४ |
| ४ | जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड | ११५ | ६२.८ | ६८ | ३७.२ | १८३ | १०० | ५९ | ६८.६ | २७ | ३१.४ | ८६ | ४७ |
| ५ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | ४४० | ३१.७ | ९४९ | ६८.३ | १३८९ | १०० | १५१ | २३.६ | ४९० | ७६.४ | ६४१ | ४६.१ |
| ६ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | २० | ५७.१ | १५ | ४२.९ | ३५ | १०० | ७ | ४३.८ | ९ | ५६.३ | १६ | ४५.७ |
| ७ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ४६ | ६९.७ | २० | ३०.३ | ६६ | १०० | २१ | ७२.४ | ८ | २७.६ | २९ | ४३.९ |
| ८ | नेपाल औषधि लिमिटेड | ३५ | ५० | ३५ | ५० | ७० | १०० | १३ | ४६.४ | १५ | ५३.६ | २८ | ४० |
| ९ | राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड | ५० | ८६.२ | ८ | १३.८ | ५८ | १०० | २१ | ९१.३ | २ | ८.७ | २३ | ३९.७ |
| १० | नेपाल प्रज्ञा-प्रतिष्ठान | ७८ | ५३.८ | ४२ | ३५ | १२० | १०० | ३६ | ८० | ९ | २० | ४५ | ३७.५ |
| ११ | रेडियो नेपाल | २६३ | ७६.७ | ८० | २३.३ | ३४३ | १०० | ७९ | ६५.३ | ४२ | ३४.७ | १२१ | ३५.३ |
| १२ | सशस्त्र प्रहरी बल नेपाल | | | | | | | १०७७७ | ८९.२ | १२९९ | १०.८ | १२०७६ | ३४ |
| १३ | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति | ५८ | ४७.९ | ६३ | ५२.१ | १२१ | १०० | २५ | ६१ | १६ | ३९ | ४१ | ३३.९ |
| १४ | विद्युत नियमन आयोग | १८ | ६० | १२ | ४० | ३० | १०० | ८ | ८० | २ | २० | १० | ३३.३ |
| १५ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५४ | ६३.५ | ३१ | ३६.५ | ८५ | १०० | १४ | ५० | १४ | ५० | २८ | ३२.९ |
| १६ | नेपाली सेना | | | | | | | | २८.६ | | ३.८ | | ३२.५ |
| १७ | पशुपति क्षेत्र विकास कोष | ११२ | ७२.७ | ४२ | २७.३ | १५४ | १०० | ३७ | ७८.७ | १० | २१.३ | ४७ | ३०.५ |
| १८ | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | २१ | ४८.८ | २२ | ५१.२ | ४३ | १०० | ९ | ६९.२ | ४ | ३०.८ | १३ | ३०.२ |
| १९ | नेपाल प्रहरी | ६६३७४ | ८८.२ | ८९०१ | ११.८ | ७५२७५ | १०० | १९२२५ | ८५.२ | ३३३९ | १४.८ | २२५६४ | ३० |
| २० | काठमाडौं उपत्यका विकास प्राधिकरण | ११ | ५५ | ९ | ४५ | २० | १०० | ४ | ६७ | २ | ३३ | ६ | ३० |
| २१ | नेपाल कृषि अनुसन्धान परिषद् | ४३४ | ७१.७ | १८९ | ३१.२ | ६०५ | १०० | ११२ | ६२.९ | ६१ | ३४.३ | १७८ | २९.४ |
| २२ | समाज कल्याण परिषद् | ६२ | ६० | ४२ | ४० | १०४ | १०० | १७ | ५७ | १३ | ४३ | ३० | २९ |
| २३ | विश्वविद्यालय अनुदान आयोग | ३० | ६१.२ | १९ | ३८.८ | ४९ | १०० | ९ | ६४.३ | ५ | ३५.७ | १४ | २८.६ |
| २४ | राष्ट्रिय ट्रमा सेन्टर | १९१ | ३७.२ | ३२३ | ६२.८ | ५१४ | १०० | ४१ | २८.७ | १०२ | ७१.३ | १४३ | २७.८ |
| २५ | दुग्ध विकास संस्थान | ४५४ | ७८.४ | १२५ | २१.६ | ५७९ | १०० | ११८ | ७९.७ | ३० | २०.३ | १४८ | २५.६ |
| २६ | गुठी संस्थान | | | | | ५६ | | ८ | ५७.१ | ६ | ४२.९ | १४.० | २५ |
| २७ | कानुन किताब व्यवस्था समिति | १२ | ७५ | ४ | २५ | १६ | १०० | २ | ५० | २ | ५० | ४ | २५ |
| २८ | नेपाल बीमा प्राधिकरण | ९६ | ६४ | ५३ | ३६ | १४९ | १०० | २३ | ६२ | १४ | ३८ | ३७ | २५ |
| २९ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | २९ | ५३.७ | २५ | ४६.३ | ५४ | १०० | ७ | ५३.८ | ६ | ४६.२ | १३ | २४.१ |
| ३० | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ५५ | ७३.३ | २० | २६.७ | ७५ | १०० | १३ | ७२.२ | ५ | २७.८ | १८ | २४ |
| ३१ | प्रेस काउन्सिल नेपाल | २६ | ६८.४ | १२ | ३१.६ | ३८ | १०० | ६ | ६६.७ | ३ | ३३.३ | ९ | २३.७ |
| ३२ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ३७ | ७२.५ | १४ | २७.५ | ५१ | १०० | १० | ८३.३ | २ | १६.७ | १२ | २३.५ |
| ३३ | राष्ट्रिय वाणिज्य बैंक | १७०० | ६२ | १०४० | ३८ | २७४० | १०० | ३६७ | ५८.२ | २६४ | ४१.८ | ६३१ | २३ |
| ३४ | नेपाल वायूसेवा निगम | ६९७ | ७६.२ | २१८ | २३.८ | ९१५ | १०० | १४२ | ६७.६ | ६८ | ३२.४ | २१० | २३ |
| ३५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | | | | | ५७० | | ११० | ८५.३ | १९ | १४.७ | १२९ | २२.६ |
| ३६ | नेपाल विद्युत प्राधिकरण | ६९६४ | ८२ | १५२४ | १८ | ८४८८ | १०० | १५५६ | ८३ | ३२२ | १७ | १८७८ | २२ |
| ३७ | नेपाल बैंक लिमिटेड | १५१२ | ५७.४ | ११२४ | ४२.६ | २६३६ | १०० | २६३ | ४६.८ | २९९ | ५३.२ | ५६२ | २१.३ |
| ३८ | नेपाल दूरसञ्चार प्राधिकरण | ६५ | ६९ | ० | ० | ९४ | १०० | १३ | ६५ | ७ | ३५ | २० | २१ |
| ३९ | कृषि सामग्री कम्पनी लिमिटेड | १४६ | ७६ | ४६ | २४ | १९२ | १०० | ३० | ७५ | १० | २५ | ४० | २०.८ |
| ४० | राष्ट्रिय न्यायिक प्रतिष्ठान | ३० | ६८.२ | १४ | ३१.८ | ४४ | १०० | ६ | ६६.७ | ३ | ३३.३ | ९ | २०.५ |
| ४१ | गोरखापत्र संस्थान | ३६१ | ७६.३ | ११२ | २३.७ | ४७३ | १०० | ७३ | ७६.८ | २२ | २३.२ | ९५ | २०.१ |
| ४२ | कर्मचारी सञ्चय कोष | २६७ | ७०.६ | १११ | २९.४ | ३७८ | १०० | ४९ | ६८.१ | २३ | ३१.९ | ७२ | १९ |
| ४३ | सिंहदरबार वैद्यखाना विकास समिति | २७ | ७३ | १० | २७ | ३७ | १०० | ५ | ७१.४ | २ | २८.६ | ७ | १८.९ |
| ४४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ८५ | ६५.४ | ४५ | ३४.६ | १३० | १०० | १५ | ६२.५ | ९ | ३७.५ | २४ | १८.५ |
| ४५ | नेपाल परीक्षा बोर्ड | १८५ | ५८.७ | १३० | ४१.३ | ३१५ | १०० | ४० | ७०.२ | १७ | २९.८ | ५७ | १८.१ |
| ४६ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | १७५ | १७५ | ७७ | ३०.६ | २५२ | १०० | २९ | ६५.९ | १५ | ३४.१ | ४४ | १७.५ |
| ४७ | निजामती सेवा | ६०९०५ | ७०.९ | २४९५८ | २९.१ | ८५८६३ | १०० | ९३७९ | ६४.७ | ५१०९ | ३५.३ | १४४८८ | १६.९ |
| ४८ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | २७ | ५६.३ | २१ | ४३.८ | ४८ | १०० | ४ | ५० | ४ | ५० | ८ | १६.७ |
| ४९ | राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड | ६२ | ६०.२ | ४१ | ३९.८ | १०३ | १०० | १० | ५८.८ | ७ | ४१.२ | १७ | १६.५ |
| ५० | नागरिक लगानी कोष | ७६ | ७३.८ | २७ | २६.२ | १०३ | १०० | १२ | ७०.६ | ५ | २९.४ | १७ | १६.५ |
| ५१ | नेपाल पर्यटन बोर्ड | ४३ | ७९.६ | ११ | २०.४ | ५४ | १०० | ५ | ६२.५ | ३ | ३७.५ | ८ | १४.८ |
| ५२ | निक्षेप तथा कर्जा सुरक्षण कोष | ४७ | ६४.४ | २६ | ३५.६ | ७३ | १०० | ६ | ६० | ४ | ४० | १० | १३.७ |
| ५३ | कृषि विकास बैंक लिमिटेड | १६४० | ६७ | ८२६ | ३३ | २४६६ | १०० | २१९ | ६६ | ११२ | ३४ | ३३१ | १३ |
| ५४ | सामाजिक सुरक्षा कोष | ५२ | ६१.२ | २६ | ३०.६ | ८५ | १०० | ७ | ६३.६ | ४ | ३६.४ | ११ | १२.९ |
| ५५ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | २५ | ५३.२ | २२ | ४६.८ | ४७ | १०० | ४ | ६६.७ | २ | ३३.३ | ६ | १२.८ |
| ५६ | राष्ट्रिय समाचार समिति | ९० | ७६.३ | २८ | २३.७ | ११८ | १०० | ११ | ७३.३ | ४ | २६.७ | १५ | १२.७ |
| ५७ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | ७४ | ६६.७ | ३७ | ३३.३ | १११ | १०० | ३ | २१.४ | ११ | ७८.६ | १४ | १२.६ |
| ५८ | शिक्षक सेवा | ६४५३७ | ६७.७ | ३०७४६ | ३२.३ | ९५२८३ | १०० | ६७६३ | ६२.८ | ४००१ | ३७.२ | १०७६४ | ११.३ |
| ५९ | नेपाल आयल निगम | ४३४ | ७९.९ | १०९ | २०.१ | ५४३ | १०० | ४८ | ९०.६ | ५ | ९.४ | ५३ | ९.८ |
| ६० | नेपाल नागरिक उड्डयन प्राधिकरण | | | | | ११५१ | | | | | | १०१ | ८.७५ |
| ६१ | नेपाल राष्ट्र बैंक | | ७२.५ | | २७.५ | | | | | | | | ८.१ |

# प्रदेशगत विवरण

## ५.१ पृष्ठभूमि

नेपालमा संघीय शासन व्यवस्थाको अवलम्बनसँगै नेपालको संविधानको अनुसूची ४ मा व्यवस्था भए बमोजिम सात प्रदेशहरु रहेका छन्। संविधानको धारा २९४ को उपधारा ३ मा संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारवाहीको सम्बन्धमा अलग-अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था बमोजिम आयोगले प्रत्येक आर्थिक वर्षको अन्त्य पश्चात वार्षिक प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। संविधानमा प्रदेशको लागि छुट्टै प्रतिवेदनको व्यवस्था भए पनि आयोगको प्रदेश कार्यालयहरु स्थापना भइ नसकेको र आयोगको स्रोतसाधनको सीमितताले गर्दा छुट्टै प्रतिवेदन नबनाइ आयोगको मूल प्रतिवेदनमै प्रदेशगत विवरणहरु समावेश गरिएको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ मा प्रदेशगत रुपमा सञ्चालन गरेका कार्यक्रमहरु, आदिवासी जनजाति सम्बन्धी तथ्य एवम् तथ्याङ्कहरुको संक्षिप्त विवरण र आयोगले गरेका प्रदेशगत सिफारिस यस परिच्छेदमा राखिएको छ।

संघीयता शब्द Feodus भन्ने ल्याटिन भाषाबाट अंग्रेजीमा Federalism भएको हो। शासकीय शक्तिलाई संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरी राज्यको हरेक क्रियाकलापमा सबै जातीय, भाषिक, धार्मिक, पिछडा वर्ग तथा क्षेत्र र सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउने शासन प्रणाली वा पद्धतिलाई संघीयता भनिन्छ। संघीयतामा सार्वभौमसत्ताको प्रयोग दुई भन्दा बढी तहबाट हुने र तल्लो तहको सरकारलाई अधिकार प्रत्यायोजन गरिएको हुन्छ। संसारमा संघीयता मुख्य दुई आधारभूत सिद्धान्त बाँडिएको हुन्छ, जसमा राज्य-राज्य बीचको एकीकरण र एकात्मक शासन व्यवस्थालाई सामाजिक न्यायको लागि तल्लो तहलाई अधिकार प्रत्यायोजन गर्ने।

नेपालमा संघीयताको ऐतिहासिक पक्षलाई हेर्दा बौद्धकाल र किराँतकालसम्म पुग्न सकिन्छ। इतिहासमा उल्लेख गरिएका बौद्ध र किराँतकालीन राज्य संरचनाहरू प्रारम्भिक संघीय गणराज्यमा आधारित थिए। लिच्छविकालको उत्तरार्धमा नेपालमण्डलको अवधारणा विकास गरिएको थियो। लिच्छवि शासकहरूले उपत्यकाभन्दा वाहिरका क्षेत्रलाई एघार विषयमा विभाजन गरेर शासन गरेको प्रमाण पाइन्छ। नेपालमण्डलभित्रका एघार वटा विषयहरू गण्डीगुल्म, धवलस्रोतपुर, मग्वर, जिल्लोद्रम, पन्नग, पञ्चावतदेश, उदयपुर, फनपिङ, लमजुङगुङके, विनायकमाध्यम र खलिम्पिम् विषय हुन्। वर्तमान लुम्बिनी र गण्डकी प्रदेशमा गण्डीगुल्म, धवलस्रोतपुर र मग्वर विषय रहेका थिए। राणा शासनकालमा यी तीन विषय रहेका भूभागलाई मगरात उल्लेख गरिएको पाइन्छ। खस साम्राज्यकालमा स्थानीय तथा क्षेत्रीय प्रशासनिक इकाईहरू मुखिया र उमराहरूले चलाउने गर्दथे। विक्रमको पन्ध्रौं शताब्दीको उत्तरार्धमा विशाल खस साम्राज्य विभाजन भई कर्णाली प्रदेशमा बाइसी राज्यहरू र गण्डक प्रदेशमा चौबीसी राज्यहरूको स्थापना भएका थिए। खस साम्राज्यकालीन स्थानीय प्रशासक मुखिया र उमराहरूले नै स्वायत्त राज्य स्थापना गरेका थिए। गोर्खा राज्य विस्तारको क्रममा एकीकरण गरिएका कतिपय राज्यहरूले शाह वंशीय राज्यको उत्तरान्तसम्म सीमित स्वायत्तताको अधिकार प्रयोग गरेको भए पनि आदिवासी जनजाति समुदायको शासकीय अधिकार समाप्त पारिएको थियो। हिन्दु दर्शन तथा जातीय विभेदमा आधारित कानुन लागू गरेर नेपाली समाजलाई विभाजित गरिएको थियो। काठमाडौं उपत्यकाका मल्ल शासकले नेवार समुदायलाई कामको आधारमा चौंसट्ठी जातमा विभाजन गरेका थिए।

पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फूलबारी घोषणा गरेका थिए। जहांनीया राणा शासनका सूत्रधार जंगबहादुर कुँवरले नेपालमा पहिलो लिखित कानुन (मुलुकी ऐन, १९१०) लागू गरेर नेपाली समाजलाई तागाधारी (खस-आर्य अर्थात ब्राह्मण र क्षेत्री), मतुवाली (मासिन्या र नमासिन्या आदिवासी जनजाति), पानी चल्ने (छोइछिटो हाल्नु नपर्ने) र पानी नचल्ने (छोइछिटो हाल्नुपर्ने) गरी ४ समूहमा विभाजन गराएका थिए। उक्त कानुनले तागाधारी बाहेकका अन्य ३ समुदायलाई शासकीय

अधिकार र सामाजिक न्यायबाट बञ्चित बनाएको थियो। विशेषगरी पानी चल्ने (छोइछिटो हाल्नु नपर्ने) र पानी नचल्ने (छोइछिटो हाल्नुपर्ने) समूहलाई बढी मात्रामा वञ्चिती र सीमान्तीकरणमा पारिएको थियो । तागाधारी र नमासिन्या मतुवाली बाहेकका समुदायका व्यक्तिलाई दास बनाउने गरिन्थ्यो। उक्त विभेदकारी कानुन र जहांनीय राणा शासनको विरोध गर्दा लखन थापा मगर, झागल गुरुङ, सुपति गुरुङ लगायतका आदिवासी अगुवाहरू शहीद बनेका थिए।

वि. सं. २०२१ सालमा लागू गरिएको नयाँ मुलुकी ऐनले लैंगिक तथा जातीय विभेदको व्यवस्थालाई हटाए पनि हिन्दु अधिराज्य कायमै राखिएको थियो । समाजमा जातीय विभेद पनि कायमै रहन गयो । वि. सं. २०६३ को परिवर्तनले हिन्दु अधिराज्य र केन्द्रीकृत शासन प्रणालीलाई हटाएर धर्म निरपेक्ष तथा संघीय प्रणाली स्थापना गर्‍यो। संघीय प्रणालीको स्थापनामा आदिवासी जनजाति र मधेशी समुदायको विशेष योगदान रहेको छ।

खासगरी लामो समयदेखि सामाजिक न्यायबाट वञ्चितिमा पारिएका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम समुदाय र महिलाहरूका लागि नै संघीयता आवश्यक भएको हो । यद्यपि नेपालमा संघीयताको कार्यान्वयन सही र प्रभावकारी रुपमा हुन सकेको छैन। संघीयताको मूल उद्देश्य विगतमा राज्यद्वारा किनारामा पारिएका समुदायलाई न्याय दिनु हो। आदिवासी जनजाति समुदायको माग राज्यको सबै तह र निकायमा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हो। प्रदेश र पालिकाहरूले नै नेपालको बहुजातीय तथा बहुभाषिक पहिचानको प्रतिनिधित्व गर्दछ। लक्षित समुदायको भाषिक तथा सांस्कृतिक अधिकार र पूर्ण समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्नका लागि प्रदेशको संरचनागत सुधार गर्न आवश्यक छ।

## कोशी प्रदेश

### ५.२.१ परिचय

कोशी प्रदेशमा नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मी. मध्ये २५९०५ कि.मी. यस प्रदेशमा पर्दछ। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,८४४ मध्ये २१,९२,१६१ यस प्रदेशमा बसोबास गर्दै आएको छ। जसमा धेरै जनसंख्या भएको किराँत राई समुदाय ५,०६,४२२ (४.९९ प्रतिशत) र लिम्बु समुदाय ३,८७,५१५ (३.८१ प्रतिशत) रहेको छ। किराँत राई मातृभाषा बोल्नेको संख्या ९१,७४६ र लिम्बु मातृभाषा बोल्नेको संख्या ३,३२,५१२ रहेको छ। यस प्रदेशमा आदिवासी जनजातिको समुदायको बसोबास गर्ने ४२ जाति रहेको छ र लोपोन्मुख मेचे, लेप्चा र हायू समुदाय बसोबास रहेको छ। यस प्रदेशमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखवासभा, भोजपुर, खोटाङ, उदयपुर, ओखलढुंगा र सोलुखुम्बु छन्। यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ वटा गाउँपालिका गरी १३७ स्थानीय तह छन्।

### ५.२.२ कोशी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा आदिवासी जनजातिको बसोबास र मातृभाषा वक्ताको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.१ : कोशी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | राई | २,४४,५७४ | २,६१,८४८ | ५,०६,४२२ | ९१,७४६ |
| २. | लिम्बु | १,८६,९३८ | २,००,५७७ | ३,८७,५१५ | ३,३२,५१२ |
| ३. | तामाङ | १,१०,४२२ | १,१८,४१६ | २,२८,८३८ | १,७५,४४५ |
| ४. | थारु | १,०१,२५६ | १,०८,२६३ | २,०९,५१९ | २,१८,५३४ |
| ५. | मगर | ९४,७५४ | १,०१,८६४ | १,९६,६१८ | १,४३,३५९ |
| ६. | नेवार | ८६,१७१ | ९२,२३४ | १,७८,४०५ | ६२,७४१ |
| ७. | राजवंशी | ६१,९६७ | ६६,०१८ | १,२७,९८५ | १,२८,१८९ |
| ८. | शेर्पा | ३४,७७५ | ३५,५७३ | ७०,३४८ | ६५,३९९ |
| ९. | गुरूङ | ३०,१२८ | ३३,२४२ | ६३,३७० | २७,३९० |
| १०. | सन्थाल | २७,४२० | २९,०५७ | ५६,४७७ | ५३,४३८ |
| ११. | धानुक | १५,८७३ | १५,१७९ | ३१,०५२ | |
| १२. | माझी | १४,४२१ | १५,४२९ | २९,८५० | १३,०६८ |
| १३. | धिमाल | ११,५५५ | १२,८८० | २४,४३५ | |
| १४. | ताजपुरीया | ९,७४९ | १०,८५६ | २०,६०५ | २०,१६७ |
| १५. | दनुवार | ८,१०६ | ८,७९४ | १६,९०० | ८,२२४ |
| १६. | याक्खा | ८,०३६ | ८,४१५ | १६,४५१ | १३,६३९ |
| १७. | वान्तवा | ७,२६१ | ७,७२४ | १४,९८५ | १,३३,७४५ |
| १८. | कुमाल | ३,४४३ | ३,४७७ | ६,९२० | १,०८४ |
| १९. | आठपहरिया | २,६७२ | २,९६९ | ५,६४१ | ५,४५९ |
| २०. | मेचे | २,३६० | २,६३७ | ४,९९७ | ४,१५३ |
| २१. | भोटे | २,३९३ | २,३९३ | ४,७८६ | ४,६०३ |
| २२. | लेप्चा | १,६४० | १,६६२ | ३,३०२ | २,१३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | थामी | १,१८५ | १,१७४ | २,३५९ | |
| २४. | हेल्मो | ६४८ | ६३३ | १,२८१ | ७९९ |
| २५. | फ्रि | ४०० | ४५० | ८५० | |
| २६. | ताप्केगोला | ३०१ | ३२० | ६२१ | |
| २७. | पहारी | १६१ | १४२ | ३०३ | |
| २८. | वालुङ | १४० | १३८ | २७८ | २७४ |
| २९. | बोटे | १४६ | १२८ | २७४ | २७६ |
| ३० | ल्होमी | ६८ | ७२ | १४० | १३५ |
| ३१. | थकाली | ४६ | ६२ | १०८ | ११ |
| ३२. | दराई | ४७ | ५२ | ९९ | ५४ |
| ३३. | चेपाङ | ४७ | ५१ | ९८ | १५ |
| ३४. | दुरा | ५८ | ३९ | ९७ | ५५ |
| ३५. | हायु | ४३ | ४१ | ८४ | ६३ |
| ३६. | कुशवाह | ४५ | ३७ | ८२ | |
| ३७. | रानाथारु | २७ | २४ | ५१ | |
| ३८. | जिरेल | २२ | २६ | ४८ | २४ |
| ३९. | बरामो | १७ | १७ | ३४ | |
| ४०. | छन्त्याल | ११ | १६ | २७ | २७ |
| ४१. | राझी | ११ | ११ | २२ | ४२ |
| ४२. | ल्होपा | ३ | ७ | १० | १२ |
| | जम्मा | | | | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

### ५.२.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.२.३.१ प्रदेश सभा

कोशी प्रदेश सभामा ५६ जना प्रत्यक्ष र ३७ जना समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने गरि जम्मा ९३ जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार ४५ जना (४८.३८ प्रतिशत) आदिवासी जनजाति प्रतिनिधित्व छ।

#### ५.२.३.२ जिल्ला समन्वय समिति

कोशी प्रदेशका १४ जिल्लामा जिल्ला समन्वय समिति गठन भएको छ। १४ जिल्लामा प्रमुख पदमा जम्मा १४ जना मध्ये ८ जना (५७.१४ प्रतिशत), १४ उपप्रमुख मध्ये ५ जना (३५.७१ प्रतिशत) र जम्मा ९८ जना मध्ये ५० जना (५१.०२ प्रतिशत) आदिवासी जनजातिको प्रतिनिधित्व छ। सबै जिल्लाका प्रमुख र उपप्रमुख सहित जम्मा १२६ प्रतिनिधि मध्ये ६३ जना (५१.२१%) आदिवासी जनप्रतिनिधि रहेको छ।

**तालिका ५.२ : कोशी प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.स | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | ९ | १ | १ | ३ | ५ | ५५.५६ |
| २. | पाँचथर | ९ | १ | १ | ६ | ८ | ८८.८९ |
| ३. | ईलाम | ९ | १ | - | ६ | ७ | ७७.७८ |
| ४. | झापा | ९ | - | - | १ | १ | ११.११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | संखुवासभा | ९ | १ | - | ६ | ७ | ७७.७८ |
| ६. | तेह्रथुम | ९ | - | - | ५ | ५ | ५५.५६ |
| ७. | भोजपुर | ९ | १ | - | ६ | ७ | ७७.७८ |
| ८. | धनकुटा | ९ | १ | १ | ३ | ५ | ५५.५६ |
| ९. | मोरङ | ९ | १ | - | १ | २ | २२.२२ |
| १०. | सुनसरी | ९ | - | - | ३ | ३ | ३३.३३ |
| ११. | सोलुखुम्बु | ९ | | १ | २ | ३ | ३३.३३ |
| १२. | खोटाङ | ९ | १ | १ | ५ | ७ | ७७.७८ |
| १३. | ओखलढुङ्गा | ९ | - | - | १ | १ | ११.११ |
| १४. | उदयपुर | ९ | - | - | २ | २ | २२.२२ |
| | जम्मा | १२६ | ८।१४ | ५।१४ | ५०।९८ | ६३ | ५१.२१ |

स्रोत: निर्वाचन आयोग, २०७९

### ५.२.३.३ स्थानीय तह

कोशी प्रदेशमा १४ जिल्ला र १३७ वटा स्थानीय तह रहेका छन्। ती स्थानीय तहमा प्रमुख पदमा १३७ जना मध्ये ८६ जना (६२.७७%) , १३७ उपप्रमुख मध्ये ७७ (५६.२०%) र जम्मा ११३३ वडा अध्यक्ष मध्ये ५८२ जना (५१.३६%) आदिवासी जनजाति जनप्रतिनिधि रहेका छन्। जम्मा ३४१२ वडा सदस्य मध्ये २०१६ जना (५९.०८%) आदिवासी जनजाति वडा सदस्य रहेका छन् । सबै स्थानीय तहको प्रमुख/उपप्रमुख, वडा सदस्य , महिला सदस्य, र दलित महिला सदस्य गरी जम्मा ५५६३ जनप्रतिनिधिहरुमध्ये जम्मा २८४३ (५१.१०%) आदिवासी जनजाति प्रतिनिधित्व छ। १३७ स्थानीय तहको प्रमुख/उपप्रमुख पदमा इलाम जिल्लामा सबैभन्दा बढी ९० प्रतिशत प्रतिनिधित्व रहेको छ भने सबै भन्दा कम प्रतिनिधित्व झापा जिल्लामा रहेको छ।

### ५.२.४ कोशी प्रदेशमा आ.व. २०८१/०८२ मा आयोगले गरेको मुख्य कार्यहरु

#### क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम

- मिति २०८१।०५।०७ गते धरान उप–महानगरपालिकामा आदिवासी जनजाति महासंघ, धरान उपमहानगर समन्वय समितिद्वारा आयोजित आदिवासी जनजाति लक्षित कार्यक्रमको विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- मिति २०८१।०८।०९ गते कोशी प्रदेश सभा सदस्य मा. विनोद राई, खोटाङको साकेला गाउँपालिका अध्यक्ष रविप्रकाश राई, भोजपुरको टेम्केमैँयु गाउँपालिका अध्यक्ष सरोज वस्नेत र सम्बन्धित वडा अध्यक्ष समेतको उपस्थितिमा कोशी प्रदेशस्तरीय खुला जीवन्त संग्रहालय स्थापनाका लागि चखेवा भञ्ज्याङमा निर्माण गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- मिति २०८१।०८।१० गते इलामको रोङ गाउँपालिका कार्यालयमा पालिकाको अध्यक्ष मणी कुमार स्याङवो, उपाध्यक्ष र लोपोन्मुख लेप्चा जातिको अध्यक्ष वीरबहादुर लेप्चा लगायतका पदाधिकारीबीच लेप्चा जातिको समग्र स्थिति र विकासको बारेमा छलफल कार्यक्रम सम्पन्न।
- मिति २०८१।८। ११ गते बिहान फिदिम न.पा.को कार्यालयमा आयोगबाट मा. शरण राई र मा. सुर्यबहादुर गुरुङ मेयर मित्र प्रसाद काफ्ले र उपमेयर, वडा अध्यक्ष र आदिवासी जनजाति लिम्बु समुदायको विज्ञ बीच छलफल हुँदा पाँचथर जिल्लामा लिम्बु भाषामा पढाई ३ कक्षासम्म भइरहेको र फिदिम न.पा.मा लिम्बु प्रज्ञा साहित्य प्रतिष्ठान खोल्ने कार्य अन्तिम चरणमा पुगेको मेयरबाट जानकारी।
- मिति २०८१।८।१२ मा आयोगबाट मा.शरण राई र मा. सुर्यबहादुर गुरुङको उपस्थितिमा ताप्लेजुङको फुङलीङ नगरपालिका अवस्थित मुकुलुङ (पाथीभरा) माताको दर्शन गर्न जाने बाटोमा केवलकारको विवादको विषयमा विज्ञ डा. भक्त राई समेतको

उपस्थितिमा आदिवासी लिम्बु समुदायको सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि केवलकारको आवश्यकता सम्बन्धि अन्तरक्रिया।

- फुङलिङ न.पा. को मेयर अमिर मादेन, उपमेयर, वडा अध्यक्षहरुसँग अन्तरक्रियात्मक कार्यक्रम २०८१।०८। १३ गते बिहान ८.बजे ताप्लेजुङको फुङलिङ नगरपालिकाको कार्यालयमा केवुलकार सञ्चालनको विवाद लगायतका विषयमा गोष्ठी सम्पन्न भएको थियो।
- मिति २०८२।०९।०७ गते उदयपुर जिल्लाका पालिकाहरुका जनप्रतिनिधिहरुसँग आदिवासी जनजाति समुदाय र सरकारबीच आदिवासी जनजातिको अधिकार कार्यान्वयनका लागि समन्वय र संरक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- मिति २०८१।०९।२८ गते नेपाल मगर संघ बेलका नगर समिति उदयपुरको आयोजनामा माघी कार्यक्रम, र बेलका नगरपालिका तथा त्रियुगा नगरपालिकासंग आदिवासी जनजातिका सवालहरु लक्षित अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- मिति २०८१।१०।१५ गते उदयपुर चौदण्डीगढी नगरपालिकामा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र सूचीकरण सम्बन्धमा स्थानीय तहको भूमिका बिषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।१२।११ गते आदिवासी जनजाति आयोगका मा. शरण राईद्वारा नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम आयोगको आ.ब.२०८०।०८१ को वार्षिक प्रतिवेदन कोशी प्रदेशका प्रदेश प्रमुख मा. परशुराम खापुङ्ग समक्ष पेश गर्नुभएको।

**ख. सिफारिस**

- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयहरुमा आदिवासी जनजाति फोकल पर्सनको व्यवस्था गर्नुका साथै आयोगको प्रदेश कार्यालय स्थापना गर्ने।
- आदिवासी जनजातिको मातृभाषा प्राथमिक तहको औपचारिक शिक्षाको माध्यम भाषा बनाउने।
- भाषा आयोगले सिफारिस गरेको भाषालाई कानुन बनाई सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गर्ने।
- वार्षिक विकास बजेट मध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबरको वजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्ने।
- आदिवासी जनजाति महिलालाई उनीहरुको परम्परागत सीपको संरक्षण र प्रवर्धन गर्दै आयआर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग र उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरण गर्ने।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन गुणस्तर निर्धारण र नियन्त्रणका साथै बजारीकरणको व्यवस्थाका लागि सहज कानुनी प्रबन्ध मिलाउने।

## आयोगद्वारा कोशी प्रदेशमा सञ्चालित कार्यक्रमहरू




आयोगका मा.सदस्य शरण राईद्वारा प्रदेश प्रमुख मा. परशुराम खापुङ्गलाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण।



पांचथर फिदिम नगरपालिकासंग अन्तरक्रिया पश्चात आयोगले गरेको क्रियाकलाप प्रतिवेदन नगर प्रमुख मित्र प्रसाद काफ्लेलाई हस्तान्तरण।



इलाम रोङ गाउँपालिका र आयोग बीच अन्तरक्रिया पश्चात आयोगको पुस्तक हस्तान्तरण।



ताप्लेजुङ फुङलिङ नगरपालिकासँग अन्तरक्रिया पश्चात।







बेलका, त्रियुगा र उदयपुरगढी पालिकाहरूमा सम्पन्न कार्यक्रमका झलकहरू ।











## मधेश प्रदेश

### ५.३.१ परिचय

मधेश प्रदेशमा नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मी. मध्ये ९६६१ कि.मी. पर्दछ। यस प्रदेशमा जनगणना २०७८ अनुसार ६१,२६,२८८ बसोबास गर्दछन्। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,४६८ मध्ये ८,३८२८२ यस प्रदेशमा बसोबास गर्दै आएको छ। जसमा धेरै जनसंख्या भएको थारु समुदाय ३,१०,०३८ (३.०४ प्रतिशत) र धानुक समुदाय २,१७,०९६ (२.१३ प्रतिशत) रहेको छ। थारु मातृभाषा बोल्नेको संख्या २,५४,६८५ र धानुक मातृभाषा बोल्नेको संख्या ० रहेको छ। यस प्रदेशमा आदिवासी जनजातिको समुदायको बसोबास गर्ने ३८ जाति रहेको छ। यस प्रदेशमा सप्तरी, सिराहा, धनुषा, रौतहट, बारा र पर्सा छन्। यस प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ स्थानीय तह छन्।

### ५.३.२ मधेश प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा आदिवासी जनजातिको बसोबास र मातृभाषीको संख्या तालिका नं. ५.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.३ : मधेश प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | थारु | १४,६५०० | १,५४,५३८ | ३,०१,०३८ | २,५४,६८५ |
| २. | धानुक | १,०८,३५६ | १,०८,७४० | २,१७,०९६ | |
| ३. | तामाङ | ५९,१३३ | ६३,०६१ | १,२२,१९४ | १,००,६६९ |
| ४. | मगर | ३१,४८३ | ३३,६५९ | ६५,१४२ | ४४,६७३ |
| ५. | नेवार | १८,३९५ | १८,९६१ | ३७,३५६ | १२,७९० |
| ६. | दनुवार | १५,७३० | १७,३९५ | ३३,१२५ | ८,५३० |
| ७. | माझी | १४,७४० | १४,८५९ | २९,५९९ | ४,७३६ |
| ८. | राई | ५,०१७ | ५,१९३ | १०,२१० | |
| ९. | घर्ती/भुजेल | ३,३४३ | ३,३४२ | ६,६८५ | ७१६ |
| १०. | कुमाल | २,८३५ | २,६५१ | ५,४८६ | ४९ |
| ११. | गुरूङ | १,४७८ | १,५७१ | ३,०४९ | १,३३४ |
| १२. | सुनुवार | १,३५१ | १,३१० | २,६६१ | ७६१ |
| १३. | राजवंशी | ५३५ | ४८१ | १,०१६ | ९६ |
| १४. | पहारी | ४०९ | ३९४ | ८०३ | १५० |
| १५. | बोटे | २७२ | २६६ | ५३८ | १८० |
| १६. | थामी | २४८ | २८९ | ५३७ | ३९५ |
| १७. | लिम्बु | २६८ | २६० | ५२८ | २१७ |
| १८. | चेपाङ | १७९ | १८३ | ३६२ | २१६ |
| १९. | शेर्पा | ११६ | १२७ | २४३ | ३२ |
| २०. | कुशवाडिया | १२७ | ११२ | २३९ | |
| २१. | हायु | १११ | ११४ | २२५ | १४१ |
| २२. | रानाथारु | ८६ | ७२ | १५८ | |
| २३. | सन्थाल | ८० | ६५ | १४५ | ३७ |
| २४. | आठपहरिया | ३३ | ८० | ११३ | |
| २५. | धिमाल | ५५ | ५० | १०५ | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | याक्ख्या | ४५ | ४५ | ९० | |
| २७. | भोटे | ३८ | ३४ | ७२ | |
| २८. | दराई | ४१ | ३१ | ७२ | १५ |
| २९. | मेचे | १४ | ५१ | ६५ | |
| ३० | थकाली | २९ | ३९ | ६२ | |
| ३१. | गनगाई | २३ | २७ | ५० | |
| ३२. | बरामु/बराम | १७ | २० | ३७ | |
| ३३. | ताजपुरीया | १४ | १२ | २६ | |
| ३४. | जिरेल | १२ | ६ | १८ | ५८ |
| ३५. | छन्त्याल | ९ | ९ | १८ | |
| ३६. | ल्होपा | ७ | ६ | १३ | |
| ३७. | दुरा | ४ | ७ | ११ | |
| ३८. | ल्होमी | ५ | ६ | ११ | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

यस प्रदेशमा बसोबास गर्ने थारु समुदायमा मातृभाषा बोल्ने थारु समुदायको संख्या ८६% छ।

### ५.३.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.३.३.१ प्रदेश सभा

मधेस प्रदेशमा प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभा रहेको छ। जसमध्ये ६४ जना प्रत्यक्ष र ४३ जना समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने गरी जम्मा १०७ जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार १० जना (९.३४ प्रतिशत) मात्र आदिवासी जनजाति प्रतिनिधित्व रहेको छ।

#### ५.३.३.२ जिल्ला समन्वय समिति

**तालिका ५.४ : मधेश प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | बारा | ९ | - | - | - | - | ० |
| २ | धनुषा | ९ | १ | - | १ | २ | २२.२२ |
| ३ | महोत्तरी | ९ | - | - | १ | १ | ११.११ |
| ४ | पर्सा | ९ | - | - | १ | १ | ११.११ |
| ५ | रौतहट | ९ | - | - | - | - | ० |
| ६ | सप्तरी | ९ | - | - | २ | २ | २२.२२ |
| ७ | सर्लाही | ९ | - | - | २ | २ | २२.२२ |
| ८ | सिराहा | ९ | - | - | १ | १ | ११.११ |
| **जम्मा** | | ७२ | १/८ | ०/८ | ८/५६ | ९/७२ | १२.५ |

स्रोत: निर्वाचन आयोग, २०७९

मधेश प्रदेशका ८ वटा जिल्ला समन्वय समिति रहेको छ। सबै जिल्लामा नौं सदस्यीय जिल्ला समन्वय समिति गठन भएको छ। समग्रमा हेर्दा ८ वटा जिल्लाका प्रमुख पदमा जम्मा ८ जना मध्ये १ जना (१२.५ %), जम्मा ८ उपप्रमुख मध्ये कोही पनि आदिवासी जनजाति नरहेको (०%) र जम्मा ५६ सदस्यमध्ये ८ जना (१४.२८%) आदिवासी जनप्रतिनिधि रहेका छन्। बारा

र रौतहट गरी दुई जिल्लाको जिल्ला समन्वय परिषद्मा आदिवासी जनजातिको शून्य (०%) प्रतिनिधि रहेको छ। यसरी सबै जिल्लाहरुमा प्रमुख र उपप्रमुख सहित जम्मा ७२ प्रतिनिधि मध्ये ९ जना(१२.५%) आदिवासी जनप्रतिनिधि रहेका छन्।

#### ५.३.३.३ स्थानीय तह

मधेश प्रदेशमा १३६ स्थानीय तह छन्। स्थानीय तहका प्रमुख पदमा १३६ जनामध्ये १३ जना (९.५६%), १३६ उपप्रमुखमध्ये २२ (१६.१८%) र जम्मा १,२७१ वडा अध्यक्ष मध्ये २३२ जना (१८.२५%) आदिवासी जनजाति जनप्रतिनिधि छन्। जम्मा ५,०३६ वडा सदस्य मध्ये ५६८ जना (११.२८%) आदिवासी जनजाति वडा सदस्य रहेका छन्। सबै स्थानीय तहको प्रमुख/उपप्रमुख, वडा सदस्य, महिला सदस्य, र दलित महिला सदस्य गरी जम्मा ६,६२७ जनप्रतिनिधिहरुमध्ये जम्मा ८३५ (१२.६%) आदिवासी जनजातिको प्रतिनिधित्व छ।

१३६ स्थानीय तहको प्रमुख/उपप्रमुख पदमा सप्तरी जिल्लामा सबैभन्दा बढी २७.७८ प्रतिशत आदिवासी जनजातिको प्रतिनिधित्व रहेको छ। प्रतिनिधित्व महोत्तरी जिल्लामा शुन्य प्रतिशत रहको देखिन्छ। सर्लाही जिल्लामा सबैभन्दा बढी आदिवासी जनजाति को प्रतिनिधित्व २०.५८ % र सबैभन्दा कम धनुषा जिल्लामा ५.११ % प्रतिनिधित्व छ। तथ्याङ्क अनुसार मधेश प्रदेशका स्थानीय सरकारमा आदिवासी जनजातिको प्रतिनिधित्व अत्यन्त न्यून रहेको देखिन्छ।

### ५.३.४ मधेश प्रदेशमा आ.व. २०८१/०८२ मा आयोगले गरेका मुख्य कार्यहरु

#### क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम

- मिति २०८२।०१।०४ गते नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम आयोगको आ. व. २०८१/८२ को बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. सुमित्रा सुवेदी भण्डारीसमक्ष पेश।
- मिति २०८१।०९।७ मधेश प्रदेशको सभामुख, मुख्यमन्त्री र आदिवासी जनजाति समुदायसँगको भेटघाट तथा आदिवासी जनजातिको अधिकार सम्वन्धी छलफल तथा अनुगमन कार्यक्रम सम्पन्न।

#### ख. सिफारिस

- आदिवासी जनजातिको परम्परागत ज्ञान सीपलाई संरक्षण र प्रवर्धन गर्दै उनीहरुलाई आय आर्जन गर्न सहयोग पुग्ने गरी आदिवासी जनजाति लक्षित कार्यक्रम लागू गर्ने।
- प्रदेश तहमा मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्न संस्थागत व्यवस्था गर्ने।
- वार्षिक विकास बजेट मध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबरको वजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्ने।
- आदिवासी जनजातिका भाषा संरक्षण गर्न प्रदेश र स्थानीय सरकारले संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने।



आयोगका अध्यक्ष रामबहादुर थापामगर आदिवासी जनजाति उत्थान र विकासको सम्बन्धमा मधेश प्रदेशका मुख्यमन्त्री माननीय सतिशकुमार सिंहसँग छलफल।



आयोगका अध्यक्ष र मधेश प्रदेशसभाका सभामुख मा. राम चन्द्र मण्डलबीच आदिवासी जनजाति अधिकारसम्बन्धी छलफल



आयोगका अध्यक्ष र मधेश प्रदेशका आदिवासी जनजाति समुदायबीच छलफल।

## बागमती प्रदेश

### ५.४.१ परिचय

नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मी.मध्ये २०,३०० वर्ग कि.मी. बागमती प्रदेशमा पर्दछ। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,८४४ मध्ये ३०,३४,४५४ जनसंख्या यस प्रदेशमा बसोबास गर्दै आएको छ । जसमा धैरै तामाङ समुदाय १२,१६,५१७, नेवार समुदाय ९,५२,४६० छ । तामाङ मातृभाषा वोल्नेको संख्या ११,००,४४२ र नेवार मातृभाषा वोल्नेको संख्या ७,२२,९४३ रहेको छ । बागमती प्रदेशमा सरकारी कामकाजको भाषा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा लागू गरिएको छ । नेपाल सरकारले नेपाल सम्वतलाई मान्यता दिई सरकारी दस्तावेजमा समेत उल्लेख गर्दैआएको छ । यस प्रदेशमा ४७ आदिवासी जनजातिको समुदायको बसोबास छ । केन्द्रीय राजधानी समेत पर्ने भएकोले नेपालको कुल जनसंख्याको एकतिहाई यसै प्रदेशमा पर्दछ । यस प्रदेशमा धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुली, मकवानपुर र चितवन गरी १३ जिल्ला छन्। यस प्रदेशमा ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन्। यस प्रदेशको कुल जनसंख्यामध्ये संख्याको आधारमा सबैभन्दा धैरै तामाङ २०.४२ प्रतिशत, नेवार १६.९२ प्रतिशत रहेका छन् भने थारु, मगर, गुरुङ, शेर्पा, चेपाङको जनसंख्या पनि पचास हजार भन्दा माथि रहेको छ । यस प्रदेशमा लोपोन्मुख समुदाय बनकरिया, हायु र सुरेलको बसोबास रहेको छ ।

### ५.४.२ बागमती प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको जनसंख्या र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.५ : बागमती प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको जनसंख्या र मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | तामाङ | ५,९५,८४२ | ६,२०,६७५ | १२,१६,५१७ | ११,००,४४२ |
| २. | नेवार | ४,६८,३५४ | ४,८४,१०६ | ९,५२,४६० | ७,२२,९४३ |
| ३. | मगर | १,५१,८५० | १,६०,५५९ | ३,१२,४०९ | ७६,८२४ |
| ४. | गुरूङ | ६६,२२२ | ७४,५६० | १,४०,७८२ | ६७,८९३ |
| ५. | राई | ५३,०७९ | ५९,२८५ | १,१२,३६४ | ४४,४०९ |
| ६. | थारु | ५,७०६७ | ५३,२१७ | १,१०,२८४ | ९५,४२३ |
| ७. | चेपाङ | ३९,५२० | ३८,३९४ | ७७,९१४ | ५,४८८९ |
| ८. | शेर्पा | २८,५१९ | २९,६०० | ५,८११९ | ५१,२१२ |
| ९. | माझी | २०,५४१ | २१,१३० | ४१,६७१ | १३,२०८ |
| १०. | भुजेल | १७,१९२ | १७,५१२ | ३४,७०४ | २,५८७ |
| ११. | सुनुवार | १६,९३७ | १७,५९० | ३४,५२७ | १८,१५१ |
| १२. | दनुवार | १५,६१३ | १६,९४९ | ३२,५६२ | ३३,१९८ |
| १३. | थामी | १४,२७८ | १५,१२९ | २९,४०७ | २५,०८२ |
| १४. | याक्थुङ/लिम्बु | ११,४६० | १२,४३३ | २३,८९३ | १६,६७४ |
| १५. | कुमाल | १०,९५२ | ११,२६१ | २२,२१३ | ५,२०४ |
| १६. | पहारी | ६,७७५ | ६,७२९ | १३,५०४ | ५,५६२ |
| १७. | दराई | ५,०३२ | ५,२७९ | १०,३११ | ७,५७३ |
| १८. | जिरेल | २,८३४ | ३,०२४ | ५,८५८ | ५,०२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | बोटे | १,८२१ | १,८३१ | ३,६५२ | २,८७१ |
| २०. | थकाली | १,५८५ | १,७७४ | ३,३६९ | १,५१७ |
| २१. | हायु | १,३२२ | १,४२३ | २,७४५ | ७८२ |
| २२. | धानुक | १,७८० | ९२३ | २,७०३ | |
| २३. | भोटे | १,३९८ | १,२३४ | २,६३२ | १,५४४ |
| २४. | राजवंशी | १,०३९ | ८३९ | १,८७८ | १,०१२ |
| २५. | छन्त्याल | ६४८ | ७११ | १,३५९ | ५५६ |
| २६. | बराम/बरामु | ६६६ | ६३७ | १,३०३ | २४५ |
| २७. | दुरा | ५७१ | ६८१ | १,२५२ | ५१९ |
| २८. | धिमाल | ४४९ | ४७९ | ९२८ | ४९४ |
| २९. | याक्ख्या | ३२६ | ३५६ | ६८२ | ५६१ |
| ३० | सन्थाल | २१८ | २११ | ४२९ | १५० |
| ३१. | राना थारु | २१८ | १३६ | ३५४ | ३१ |
| ३२. | ताजपुरीया | १८५ | १५२ | ३३७ | १६७ |
| ३३. | लेप्चा | ९९ | ११५ | २१४ | ८३ |
| ३४. | ल्होमी | ९१ | १०१ | १९२ | |
| ३५. | वालुङ | ९० | १०१ | १९१ | १९१ |
| ३६. | सुरेल | ८० | ७३ | १५३ | १५२ |
| ३७. | गनगाई | ५८ | ५५ | ११३ | ४० |
| ३८. | आठपहरिया | ३७ | ४६ | ८३ | ९५ |
| ३९. | वनकरिया | ३५ | ३८ | ७३ | ६२ |
| ४०. | कुसुण्डा | ३७ | ३५ | ७२ | |
| ४१. | कुशवाडीया | ४५ | २६ | ७१ | |
| ४२. | ल्होपा | २८ | २७ | ५५ | ५० |
| ४३. | मेचे | ३२ | २० | ५२ | २९ |
| ४४. | किसान | ३३ | १९ | ५२ | |
| ४५. | फ्रि | १८ | ३० | ४८ | |
| ४६. | राझी | १३ | ११ | २४ | ३२ |
| ४७. | ताप्केगोला | ७ | ९ | १६ | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

बागमती प्रदेशमा ४७ आदिवासी जनजाति समुदायको बसोबास छ । सबैभन्दा ठूलो मातृभाषी संख्या भएको आदिवासी जनजाति समुदाय तामाङ र सबैभन्दा सानो मातृभाषी संख्या भएको आदिवासी जनजाति मेचे देखिन्छ । धानुक, ल्होमी, कुसुण्डा, कुशवाडीया, किसान, फ्रि र तोप्केगोला जातिको मातृभाषी संख्या नदेखिएको हुँदा यी समुदायका मातृभाषा लोप भइसकेको अनुमान लगाउन सकिन्छ र यसको पुनःस्थापना संरक्षण र सम्बर्धनको लागि विशेष नीति तथा कार्यक्रम जरुरी छ ।

### ५.४.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.४.३.१ प्रदेश सभा

बागमती प्रदेशमा प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभा रहेको छ। जसमध्ये ७१ जना प्रत्यक्ष र ३८ जना समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने गरी जम्मा ११० जना सदस्य रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार ५५ जना (५० प्रतिशत) आदिवासी जनजाति प्रतिनिधित्व छ।

#### ५.४.३.२ जिल्ला समन्वय समिति

**तालिका ५.६ : बागमती प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं. | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | दोलखा | ९ | | १ | ५ | ६ | ६६.६७ |
| २. | रामेछाप | ९ | | | ३ | ३ | ३३.३३ |
| ३. | सिन्धुली | ९ | १ | | ४ | ५ | ५५.५६ |
| ४. | रसुवा | ९ | | १ | ५ | ६ | ६६.६७ |
| ५. | धादिङ्ग | ९ | | | २ | २ | २२.२२ |
| ६. | नुवाकोट | ९ | | १ | २ | ३ | ३३.३३ |
| ७. | काठमाडौं | ९ | | | ३ | ३ | ३३.३३ |
| ८. | भक्तपुर | ९ | | | | ० | ० |
| ९. | ललितपुर | ९ | | १ | ३ | ४ | ४४.४४ |
| १०. | काभ्रेपलाञ्चोक | ९ | | | | ० | ० |
| ११. | सिन्धुपाल्चोक | ९ | १ | | २ | ३ | ३३.३३ |
| १२. | मकवानपुर | ९ | १ | | २ | ३ | ३३.३३ |
| १३. | चितवन | ९ | | | २ | २ | २२.२२ |
| | **जम्मा** | **११७** | **३।१३** | **४।१३** | **३३।९१** | ४० | **३४.१८** |

स्रोत: निर्वाचन आयोग, २०७९

बागमती प्रदेशको १३ वटा प्रमुख पदमा ३ जना (२३.०७%), उपप्रमुख मध्ये ४ जना (३०.७६%) र जम्मा ९१ सदस्यमध्ये ३३ जना (३६.२६%) आदिवासी जनप्रतिनिधि रहेको छ। सबै जिल्लाहरुमा प्रमुख र उपप्रमुख सहित जम्मा ११७ मध्ये ४० जना (३४.१८%) आदिवासी जनप्रतिनिधित्व छ।

#### ५.४.३.३ स्थानीय तह

बागमती प्रदेशका स्थानीय पालिकाहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व दोलखा जिल्लामा जम्मा ९ स्थानीय पालिकामा अध्यक्ष र उपाध्यक्ष सहित ३८८ जना प्रतिनिधिमा १६१ जना अर्थात (४१.४९%), रामेछाप जिल्लाको ८ पालिकामा जम्मा ३३६ जनामध्ये १४९ (४४.३४%), सिन्धुली जिल्लाको ९ पालिकामा जम्मा ४१३ जनामध्ये २१० (५०.२३%), रसुवा जिल्लाको ५ पालिकामा जम्मा १४५ जनामध्ये ९७ (६६.८९%), धादिङ्ग जिल्लाको १३ पालिकामा जम्मा ५४६ जनामध्ये २२८ (४१.७५%), नुवाकोट जिल्लाको १२ पालिकामा जम्मा ४६४ जनामध्ये २०५ (४४.१८%), काठमांडौ जिल्लाको ११ पालिकामा जम्मा ७१२ जना मध्ये २६६ (३७.३६%), भक्तपुर जिल्लाको ४ पालिकामा जम्मा १९८ जना मध्ये ७४ (३७.३७%), ललितपुर जिल्लाको ६ पालिकामा जम्मा ३६७ जनामध्ये १८० (५१.८७%), काभ्रेपलाञ्चोक जिल्लाको १३ पालिकामा जम्मा ७०१ जनामध्ये ३३६ (४७.९३%), सिन्धुपाल्चोक जिल्लाको १२ पालिकामा ५३९ जनामध्ये २८६ (५३.०६%), मकवानपुर

जिल्लाको १० पालिकामा जम्मा ५३० जनामध्ये १५३ (३०.३५%), चितवन जिल्लाको ७ पालिकमा जम्मा ५०४ जनामध्ये १५३ (३०.३५%) आदिवासी जनजाति समुदायबाट प्रतिनिधित्व छ ।

यस प्रदेशमा वसोवास गर्ने नेवार, थारु र तामाङ समुदायमा मातृभाषा बोल्नेको संख्या क्रमशः ७६%, ८६% र ९०% रहेको छ ।

**५.४.४ बागमती प्रदेशमा आ.व. २०८१/८२ मा आयोगले गरेका मुख्य कार्यहरु**

**क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम**

- २०८१।०५।१४ गते सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ४ स्थित लोपोन्मुख हायु समुदाय बसोबास गरिरहेको स्थानमा मिति २०८१।५।६ गतेको भिषण वर्षाको कारण हायू गाउँ पूरै पहिरोको जोखिममा परेको भन्ने आयोगमा जानकारी भएपछि आयोगबाट अनुगमन गरियो । उक्त क्षेत्रको अवलोकन गर्दा पूरै बस्ती नै पहिरोको जोखिममा परेको, जमिन धाँजैधाँजा फाटिएको, घरमा बस्न नसक्ने अवस्था र राहत सामग्री पुगिनसकेको भन्ने गुनासो राखेका थिए । उनीहरुले बसोबास गरिरहेको जोखिमयुक्त जग्गा जमिन पनि आफ्नो नाममा नभएको सरकारी जग्गामा नै बस्दै आएको हौं र अहिलेसम्म नापी गराउन सकेको छैनौं भन्ने गुनासो समेत राखेका थिए ।
- मिति २०८१।०५।१४ गते रामेछाप जिल्लाको दोरम्बा शैलुङ्ग गाउँपालिकामा हायु, मगर, तामाङ र माझी समुदाय बसोबास गरिरहेको स्थानमा मिति २०८१।५।६ गतेको भिषण वर्षाको कारणले पहिरोमा परी गाउँ नै पूरेको र पहिरोको जोखिममा परेको भन्ने आयोगमा जानकारी भएपछि उक्त क्षेत्रको आयोगले स्थलगत अनुगमन पश्चात वाढी पहिरो प्रभावित आदिवासी जनजातिलाई तुरुन्त राहतको व्यवस्था गर्न प्रदेशका मुख्यमन्त्री समक्ष सिफारिस ।
- मिति २०८१।१०।०७ गते चितवन राष्ट्रिय निकुञ्जमा आदिवासी जनजाति समुदाय लक्षित विशेष नीति तथा कार्यक्रम र अमूर्त संस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका र UNESCO मा दर्ता प्रक्रियाका लागि चेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- मिति २०८१।१२।२४ गते हेटौँडा उपमहानगरपालिकाको सभा हलमा परम्परागत ज्ञान, सीप, संरक्षण, सम्बर्धन र पुस्तान्तरण सम्बन्धमा पालिकाको मेयर मीना लामा, वडा अध्यक्षहरु र आदिवासी जनजाति महिलाको उपस्थितिमा सचेतनामुलक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०८१।१२।२५ गते आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. दीपक प्रसाद देवकोटा समक्ष आयोगका मा. सदस्य रीना राना र मा. सदस्य सुर्यबहादुर गुरुङद्वारा पेश ।
- मिति २०८२।०२।१२ गते आयोगका अध्यक्षद्वारा चितवनको सौरहमा संयुक्तराष्ट्र संघीय खाद्य तथा कृषि कार्यक्रमले आयोजित आदिवासी जनजाति विधिमा आधारित जैविक पुन: स्थापना र खाद्य प्रणालीको परिचयात्मक पद्दति विषयक कार्यशालाको उद्‌घाटन तथा कार्यक्रममा सहभागी ।
- मिति २०८२।०२।१८ गते अध्यक्षबाट रसुवा र नुवाकोट जिल्लाका स्थानीय सरकारहरुसँग आदिवासी जनजातिका अधिकारहरुको विषयमा प्रशिक्षणात्मक मन्तव्य एवं आगामी आ.व.मा स्थानीय सरकारबाट तयार हुने नीति तथा कार्यक्रम र बजेटमा आदिवासी जनजातिको पहुँच विषयको समन्वयात्मक कार्यक्रम ।
- मिति २०८२।०३।०४ गते चितवन राष्ट्रिय निकुञ्जले स्थानीय आदिवासी जनजाति समुदायलाई पारेको असरको अनुगमन गर्नुका साथै नेपाल आदिवासी जनजाति महासंघ चितवन जिल्ला समन्वय परिषदहरुसँगको सहकार्यमा चेतनामूलक कार्यक्रम सम्पन्न ।
- मिति २०८२।०३।०३ देखि ६ गते बागमती प्रदेश, नुवाकोट जिल्लाको विदुर नगरपालिका र रसुवा जिल्लाका उत्तरगया गाउँपालिका, कालिका गाउँपालिका र गोसाईकुण्ड गाउँपालिकाहरुमा अनुगमन ।
- मिति २०८२।०३।०८ देखि १२ गते आयोगका मा. सदस्य रीना रानाद्वारा रसुवा जिल्लाका कालिका, गोसाइँकुण्ड, लिखु

तथा विदुर पालिकाहरुको आदिवासी जनजाति नीति तथा कार्यक्रमबारे अनुगमन ।

- मिति २०८२।०३।१२ गते मकवानपुर जिल्ला मनहरी गाउँपालिकाका हाँडिखोलामा बसोबास गर्ने भूमिहिन आदिवासी जनजाति वनकरिया समुदाय बसोबास गर्दै आएको भूमि मध्यवर्ती जंगल भित्र पर्ने र उक्त भूमि वन कार्यालयसंगको संझौतानुसार २०८२।१२।२८ गते समाप्त हुने सन्दर्भमा केन्द्रीय भूमि आयोगको सदस्य, मकवानपुर जिल्लाको भूमि आयोगको अध्यक्ष तथा सदस्य, मनहरी नगरपाललिकाको अध्यक्ष, सम्बन्धित वडाको वडा अध्यक्ष, मालपोतको प्रमुख अधिकृत, नापी कार्यालयको प्रमुख नापी अधिकृत, समाजसेवी र वनकरिया समुदाय समेतको उपस्थितिमा अनुगमन एवम् छलफल भएको थियो ।

**ख. सिफारिस**

- तामाङ र नेवार भाषालाई सरकारी कामकाजको भाषाको रुपमा पूर्ण रुपमा लागू गर्न र अन्य आदिवासी जनजातिको मातृभाषालाई स्थानीय स्तरमा प्रयोग गर्न नीति तथा कार्यक्रम तयार गरी लागू गर्ने ।
- मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने ।
- प्रदेशस्तरीय आदिवासी जनजाति खुला तथा जीवन्त संग्रहालय स्थापना गर्ने ।
- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयहरुमा आदिवासी जनजाति फोकल पर्सनको व्यवस्था गर्नुका साथै आयोगको प्रदेश कार्यालय स्थापनामा सहजीकरण गर्ने।
- आदिवासी जनजातिको मातृभाषालाई प्राथमिक तहको औपचारिक शिक्षाको माध्यम भाषा बनाउने।
- वार्षिक विकास बजेट मध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबरको वजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्ने।
- आदिवासी जनजाति महिलालाई उनीहरुको परम्परागत सीप संरक्षण र प्रवर्धन गर्दै आयआर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग र उद्यमशीलताको माध्यमबाट सशक्तीकरण गर्ने ।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन गुणस्तर निर्धारण र नियन्त्रणका साथ बजारीकरणको व्यवस्थाका लागि सहज कानुनी प्रबन्ध गर्ने ।

●●●



बागमती प्रदेश प्रमुख मा. दीपक प्रसाद देवकोटालाई वार्षिक प्रतिवेदन हस्तान्तरण ।




आदिवासी जनजाति विधिमा आधारित जैविक पुन:स्थापना र खाद्य प्रणाली सम्बन्धी गोष्ठी चितवन।





माझी समुदायको केन्द्रीय महाधिवेशन तथा मुख्य पर्व लदी पूजा, मकवानपुर।





आदिवासी जनजाति वनकरीया समुदायको भूमि समस्या समाधान सम्बन्धी छलफल कार्यक्रम। हाँडीखोला, मनहरी, मकवानपुर।





**काठमाडौको कोटेश्वरमा आयोजित सुनुवार राष्ट्रसेवक समाजको द्वितीय साधारण सभा ।**

रामेछापस्थित दोरम्बा शैलुङ्ग गाउँपालिकामा पहिरोबाट पीडित आदिवासी जनजाति समुदायको अनुगमन ।






हेटौडा उपमहानगर पालिकामा भएको आदिवासी जनजाति महिला सचेतना कार्यक्रम ।

बेलकोटगढीमा छलफल कार्यक्रम ।





रसुवाको कालिका गाउँपालिका अध्यक्षलाई आयोगका सदस्य मा. रीना रानाज्यूबाट आयोगबाट प्रकाशित सामाग्री हस्तान्तरण ।

## गण्डकी प्रदेश

### ५.५.१ परिचय

गण्डकी प्रदेशको कुल क्षेत्रफल २१,७३३ वर्ग कि.मी. (नेपालको कूल भूभागको १४·६६ प्रतिशत) छ । २०७८ को राष्ट्रिय जनगणना अनुसार यस प्रदेशमा ११,७०८३३ पुरुष र १२,९५,५९४ महिला गरी कुल जनसंख्या २४,६६,४२७ छ । कुल जनसंख्याको ८३.४ प्रतिशत जनता साक्षर छन् जसमा ७६.६ प्रतिशत महिला र ९१.३ प्रतिशत पुरुष छन् । यस प्रदेशमा प्रदेश जनसंख्याको ४४·७ प्रतिशत आदिवासी जनजातिको छ । म्याग्दी, मुस्ताङ, पर्वत, बाग्लुङ, स्याङजा, मनाङ्ग, कास्की, तनहुँ, लमजुङ, गोरखा, नवलपरासी र नवलपुर गरी जम्मा ११ वटा जिल्ला रहेको यस प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह र १८ संघीय निर्वाचन क्षेत्र रहेका छन् ।

यस प्रदेशमा आदिवासी जनजातिहरुमध्ये सबैभन्दा धेरै जनसंख्या भएको मगर, दोश्रो गुरुङ र तेश्रो नेवार जाति हो सबैभन्दा थोरै जनसंख्या भएको आदिवासी जनजाति हायूको छ । अधिकांस आदिवासी जनजातिहरु आफ्नो मातृभाषा बोल्दछन् तर मातृभाषा वक्ताको संख्या कुल जातीय जनसंख्याको तुलनामा घट्दै गईरहेको छ । धानुक, सुरेल, सन्थाल, कुशबाडिया, कुसुण्डा, बनकरिया जातिको मातृभाषा वक्ता संख्या लोप भएको छ । आदिवासी जनजातिको पहिचानको संरक्षण गर्नको लागि उनीहरुको मातृभाषा संरक्षण सम्बन्धी विशेष कार्यक्रम ल्याउनु जरुरी छ ।

### ५.५.२ गण्डकी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको र मातृभाषा वक्ताको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : गण्डकी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | मगर | २,१६,३८९ | २,४७,९२१ | ४,६४,३१० | २,४४,७५९ |
| २. | गुरूङ | १,२६,६९७ | १,४५,५७३ | २,७२,२७० | २,०८,०८८ |
| ३. | नेवार | ४८,६५९ | ५२,७९१ | १,०१,४५० | ३७,८०१ |
| ४. | तामाङ | २४,७७८ | २५,५७१ | ५०,३४९ | ३३,४७१ |
| ५. | थारु | २३,७५३ | २३,८६६ | ४७,६१९ | ४२,७९५ |
| ६. | कुमाल | १९,१६८ | २१,३२९ | ४०,४९७ | ६,०२७ |
| ७. | भुजेल | १३,६१३ | १५,१३८ | २८,७५१ | २,५१५ |
| ८. | छन्त्याल | ४,०५० | ४,४५२ | ८,५०२ | ३,०९२ |
| ९. | राई | ४,०१९ | ३,५८० | ७,५९९ | २,७०६ |
| १०. | दराई | ३,६३८ | ३,९४३ | ७,५८१ | ४,३३८ |
| ११. | बरामु/बराम | ३,००१ | ३,४५१ | ६,४५२ | १,२८७ |
| १२. | थकाली | २,८६० | २,९९१ | ५,८५१ | २,२५२ |
| १३. | चेपाङ | २,८४१ | २,७७६ | ५,६१७ | ३,२०९ |
| १४. | सुनुवार | २,४५४ | २,७७९ | ५,२३३ | २०६ |
| १५. | बोटे | २,२३१ | २,२६५ | ४,४९६ | २,५१२ |
| १६. | माझी | २,१२२ | २,०६६ | ४,१८८ | १,२३६ |
| १७. | दुरा | १,८८९ | २,२४६ | ४,१३५ | १,३३७ |
| १८. | याक्थुङ/लिम्बु | ७६४ | ७२९ | १,४९३ | ६३२ |
| १९. | ल्होपा | ६१९ | ६९२ | १,३११ | २,२०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | शेर्पा | ६६१ | ५९२ | १,२५३ | ५१२ |
| २१. | भोटे | ३४७ | ३९४ | ७४१ | १८१ |
| २२. | हेल्मो | २२९ | २८२ | ५११ | ६०२ |
| २३. | राजवंशी | १४१ | १३६ | २७७ | ३०४ |
| २४. | धानुक | १०६ | ७५ | १८१ | |
| २५. | रानाथारु | ८३ | ५४ | १३७ | |
| २६. | सुरेल | ५९ | ७६ | १३५ | |
| २७. | सन्थाल | ५० | ५७ | १०७ | |
| २८. | दनुवार | ६२ | ४१ | १०३ | १७ |
| २९. | पहारी | ४९ | ४७ | ९६ | २२ |
| ३० | थामी | ४५ | ३७ | ८२ | ३९ |
| ३१. | धिमाल | ४५ | ३७ | ८२ | १२ |
| ३२. | जिरेल | ४३ | २८ | ७१प | ४८ |
| ३३. | बनकरिया | २५ | ३१ | ५६ | |
| ३४. | कुसुण्डा | १६ | २८ | ४४ | |
| ३५. | याक्ख्या | २१ | १८ | ३९ | १३ |
| ३६. | लेप्चा | १० | ८ | १८ | ११ |
| ३७. | कुशवाडिया | ७ | ५ | १२ | |
| ३८. | हायु | ६ | ४ | १० | १६ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

गण्डकी प्रदेशमा तथ्यगत रुपमा सूचीकृत ६० जातिमध्ये ३८ जातिको बसोबास देखिन्छ। ३८ जातिमध्ये सबैभन्दा ठूलो मातृभाषी संख्या मगर, दोश्रो ठूलो मातृभाषी संख्या गुरुङ र तेश्रो ठूलो मातृभाषी संख्या थारु जातिको रहेको छ। धानुक, रानाथारु, सुरेल, सन्थाल, बनकरीया, कुसुण्डा र कुशवाडिया जातिको मातृभाषी संख्या देखिदैन। यी जातिको मातृभाषी संख्या लोप हुनु जाति नै लोप हुने संकेत हो।

### ५.५.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.५.३.१ प्रदेश सभा

गण्डकी प्रदेशसभामा प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभा रहेको छ जसमा ३६ जना प्रत्यक्ष र २४ जना समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने गरी जम्मा ६० जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार गण्डकी प्रदेश सभामा कूल ६० सदस्य मध्ये २४ जना (४०प्रतिशत) आदिवासी जनजाति प्रतिनिधित्व रहेको छ।

#### ५.५.३.२ जिल्ला समन्वय परिषद्

**तालिका ५.८ : गण्डकी प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | स्याङजा | ९ | १ | - | २ | ३ | ३३.३३ |
| २ | पर्वत | ९ | - | - | १ | १ | ११.११ |
| ३ | कास्की | ९ | - | - | १ | १ | ११.११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | तनहुँ | ९ | - | - | ३ | ३ | ३३.३३ |
| ५ | बाग्लुङ | ९ | १ | - | १ | २ | २२.२२ |
| ६ | गोरखा | ९ | १ | - | १ | २ | २२.२२ |
| ७ | लमजुङ | ९ | १ | - | १ | २ | २२.२२ |
| ८ | म्याग्दी | ९ | १ | - | २ | ३ | ३३.३३ |
| ९ | मनाङ्ग | ९ | १ | १ | ४ | ६ | ६६.६७ |
| १० | मुस्ताङ | ७ | १ | १ | २ | ४ | ५७.१४ |
| ११ | नवलपुर | ९ | - | - | २ | २ | २२.२२ |
| | **जम्मा** | **९७** | **७/११** | **२/११** | **२०/७५** | **३०** | **३०.९३** |

स्रोत: निर्वाचन आयोग, २०७९

मुस्ताङ जिल्लामा सात सदस्यीय समन्वय समिति रहेको छ। यस प्रदेशको अरु सबै जिल्लामा नौं सदस्यीय जिल्ला समन्वय समिति गठन भएको छ। समग्रमा हेर्दा ११ वटा जिल्लामा प्रमुख पदमा जम्मा ११ जना मध्ये ७ जना(६३.६३%), जम्मा ११ उपप्रमुख मध्ये ३ जना (२६.२६%) र जम्मा ७५ सदस्य मध्ये २० जना(२६.६७%) आदिवासी जनप्रतिनिधि रहेका छन्। सबै जिल्लामा प्रमुख र उपप्रमुखसहित जम्मा ९७ प्रतिनिधिमध्ये ३० जना(३०.९३%) आदिवासी जनप्रतिनिधि रहेका छन्।

**५.५.३.३ स्थानीय तह**

गण्डकी प्रदेशमा ८५ स्थानीय तह छन्। प्रमुख पदमा जम्मा ८५ जना मध्ये ३७ जना (४३.५३%), ८५ उप-प्रमुख मध्ये ४७ जना (५५.२९%) र जम्मा ७५९ वडा अध्यक्ष मध्ये ३९५ जना (५२.०४%) आदिवासी जनजाति जनप्रतिनिधि रहेका छन्। जम्मा १५१८ वडा सदस्य मध्ये ८३९ जना (५५.२७%) आदिवासी जनजाति वडा सदस्य र ७५९ महिला सदस्य मध्ये ३९८ जना (५२.४४%) आदिवासी जनजाति महिला सदस्य रहेका छन्। समग्र स्थानीय तहको प्रमुख/ उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य,महिला सदस्य र दलित महिला सदस्य गरी जम्मा ३९४५ जनप्रतिनिधिहरु मध्ये जम्मा १७०७ (४३.३७%) आदिवासी प्रतिनिधित्व देखिन्छ। ८५ स्थानीय तहको प्रमुख/ उपप्रमुख पदमा पर्वत जिल्लामा सबैभन्दा कम र मुस्ताङ जिल्लामा सबैभन्दा उच्च प्रतिनिधित्व रहेको छ।

**५.५.४ गण्डकी प्रदेशमा आ.व. २०८१/०८२ मा आयोगले गरेका मुख्य कार्यहरु**

**क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम**

- मिति २०८१।०५ ।२३ गते स्याङ्जा कालीगण्डकी गाउँपालिका वडा नं .२ लसर्घाविशीमा नमूना साँस्कृतिक गाउँ नमूना कार्यविधि कार्यान्वयन सम्बन्धी पालिकास्तरीय गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।०८।०९ गते पोखरामा गण्डकी प्रदेश, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री, आर्थिक मामिला मन्त्री, आदिवासी जनजाति महिला महासंघ र पोखरा महानगरपालिकाका प्रमुखबीच आदिवासी जनजाति महिलाहरुको प्रदेशस्तरीय सचेतना कार्यक्रम सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- मिति २०८१।०८।२१ गते नवलपरासीको कावासोतीमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणमा स्थानीय तहको भूमिका विषयक जिल्लास्तरीय अन्तरक्रिया गोष्ठी सम्पन्न।
- मिति २०८१।०९।१४ गते गोरखा नगरपालिकाको सभाहलमा आदिवासी जनजाति समुदायका भौतिक अभौतिक साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन एवम् आदिवासी जनजाति महिलाका ज्ञान सीप संरक्षण, प्रवर्धन र हस्तान्तरण साथै पुस्तान्तरणका विषयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो र उक्त कार्यक्रममा गोर्खा नगरपालिका प्रमुख, वडा अध्यक्षहरु, प्रशासकीय प्रमुख, वडा अध्यक्ष, तथा सदस्यहरु, गोर्खा जिल्लाका आदिवासी जनजाति प्रतिनिधिहरु, गोर्खा

नगरपालिकाका आदिवासी जनजाति संघ संगठनका पदाधिकारी तथा महिला प्रतिनिधिहरु गरी जम्मा ५८ जनाको सहभागिता रहेको कार्यक्रममा गोर्खा नगरप्रमुखले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो। कार्यक्रममा भौतिक अभौतिक सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी माननीय डा. मीन बहादुर श्रीसले र आदिवासी जनजाति महिलाका ज्ञान सीप संरक्षण संवर्धन र पुस्तान्तरण सम्बन्धि प्रशिक्षण माननीय रीना रानाले गर्नुभएको थियो ।

- मिति २०८१।१०।०७ गण्डकी प्रदेशस्थित तनहुँको शुक्लागण्डकी नगरपालिका र स्याङजाको गल्याङ नगरपालिका कार्यालयमा अमूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका र UNESCO मा दर्ता प्रक्रियाका लागि चेतनामूलक अन्तरक्रिया तथा अनुगमन कार्यक्रम सम्पन्न।
- मिति २०८१।१२।१४ गते म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालिका र चैत्र १५ गते बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा अमूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन ।
- मिति २०८१।१२।१७ आयोगको पाँचौ बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. डिल्लीराज भट्टज्यू समक्ष मा. सदस्य रीना राना र मा. सदस्य सुर्यबहादुर गुरुङले प्रदेश प्रमुखको कार्यालय पोखरामा हस्तान्तरण । सोहि मितिमा प्रदेशप्रमुखको कार्यालयमा बार्षिक प्रतिवेदन बझाएपश्चात गण्डकी प्रदेश सभाका मा.सभामुख र मा. सदस्य ज्यूहरू, आदिवासी जनजाति महासंघ, आदिवासी पत्रकार महासंघ र आयोगबीच मा. सभामुख कृष्ण धितालको सभापतित्वमा आदिवासी जनजाति आयोगको पाचौं वार्षिक प्रतिवेदनमा सिफारिस गरिएका विषयहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सभाको कार्यालय नदिपुर पोखरामा अन्तरक्रिया गरिएको थियो । आदिवासी जनजातिको हक, अधिकार र पहिचानको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक कानुन निर्माण गर्न आदिवासी जनजातिमैत्री नीति र कार्यक्रम बनाई लागु गर्ने सम्बन्धमा छलफल गरिएको थियो । कार्यक्रममा मा. सभामुख, उपसभामुख, प्रदेशसभा सदस्यज्यूहरू, आदिवासी जनजाति महासंघ कास्की, गण्डकी प्रदेश, आदिवासी जनजाति पत्रकार महासंघ, महिला महासंघ र अन्य जातीय संघ संस्थाका प्रतिनिधि समेत गरी जम्मा ४४ जनाको उपस्थिति रहेको थियो । आयोगको तर्फबाट मा. सदस्य रीना रानाले आयोगको परिचय, काम, कर्तव्य अधिकार क्षेत्र र अन्तरक्रिया आयोजना गर्नुको उद्देश्य बारे प्रस्तुती दिदैं आदिवासी जनजाति समुदायको अधिकार रक्षाको लागि सबै सरोकार निकाय जिम्मेवार रहेको र प्रदेश सभाले यसलाई कानुनी व्यवस्थापनको माध्यमबाट आदिवासी जनजातिको संवैधानिक विशेषाधिकार कार्यान्वयन गर्नुपर्ने दायित्व रहेको स्पष्ट पार्नुभएको थियो । प्रदेश सभामुखज्यूले गण्डकी प्रदेश आदिवासी जनजाति बाहुल्य प्रदेश भएकोले उनीहरूको सर्वोपरी हितको लागि प्रदेश दत्तचित्त रहेको र आदिवासी जनजातिको मातृभाषा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउने बिधायीकि प्रकृया अन्तिम चरणमा रहेको व्यहोरा स्पष्ट पार्नुभयो ।
- मिति २०८२।०२।०८ गते माननीय सदस्य रीना राना र माननीय सदस्य शरण राईबाट मुस्ताङ जिल्लाका बिभिन्न स्थानमा बसोवास गर्ने थासाङ्ग थकालीहरुको सूचीकरण सम्वन्धी स्थलगत अध्ययन तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अनुगमन गर्नु भएको । अनुगमनको क्रममा थसाङ थकाली सेवा समाजका पदाधिकारीहरु, संस्थापक तथा थसाङ थकाली अग्रजहरु र थकाली सेवा समाजका १३ मुखियाहरुसँग छुट्टाछुट्टै भेटघाट र अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०८२।०३।०४ गते नवलपरासी जिल्लाको निकुञ्ज क्षेत्रको आसपासका स्थानहरुमा बसोबास गर्ने आदिवासी जनजाति लगायत स्थानीय बासिन्दाहरुलाई निकुञ्जले पारेको प्रभाव सम्वन्धमा स्थलगत अध्ययन तथा पिडितहरु माझ स्थानीय स्तरमा सचेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०८२।०३।१२ गते निर्माणाधीन तनहुँ हाइड्रोपावर कम्पनीले स्थानीय आदिवासी जनजाति समुदायलाई पारेको असरको बिषयमा आयोगमा परेको उजुरी सम्बन्धमा स्थानीय समुदाय, भिमाद नगरपालिका, रिसिङ गाउँपालिकाका प्रमुख, तनहुँका प्रमुख जिल्ला अधिकारी र हाइड्रोपावर कम्पनीका प्रतिनिधिहरुसँग समस्या समाधानका बारेमा स्थलगत अनुगमन तथा छलफल ।

## ख. सिफारिस

- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयहरुमा आदिवासी जनजाति फोकल पर्सनको व्यवस्था गर्ने र आयोगको प्रदेश कार्यालय स्थापनामा समन्वय गर्ने ।
- सरकारी कामकाजको भाषाको रुपमा आदिवासी जनजाति मगर र गुरुङ भाषालाई कानुन बनाई कार्यान्वयन गर्ने र अन्य आदिवासी जनजातिको मातृभाषालाई स्थानीय स्तरमा लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।
- तनहुँ जिल्लाको व्यास नगरपालिकामा प्रदेशस्तरीय आदिवासी जनजातिको खुला जीवन्त संग्रहालय स्थापना गरी सञ्चालन गर्ने र प्रदेशस्तरीय मूर्त अमूर्त साँस्कृतिक सम्पदा सूचीकरण गर्ने।
- आदिवासी जनजातिको मातृभाषालाई पनि प्राथमिक तहको औपचारिक शिक्षाको माध्यम भाषा बनाउने।
- वार्षिक विकास बजेटमध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबर बजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्ने।
- आदिवासी जनाजाति महिलाहरुलाई उनीहरुको परम्परागत सीप संरक्षण र प्रवर्धन गर्दै आयआर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग र उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरण गर्ने ।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन ,गुणसूतर निर्धारण र नियन्त्रणका साथै बजारीकरणको व्यवस्थाको लागि आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयन गर्ने ।

•••



आयोगका मा. सदस्यद्वय रीना राना र सूर्य बहादुर गुरुङद्वारा गण्डकी प्रदेश प्रमुख मा. डिल्लीराज भट्टलाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै ।







तनहुँ जलविद्युत परियोजनाले प्रभाव पारेको आदिवासी जनजाति समुदायको स्थलगत अनुगमन तथा सरोकारवालाहरुसँगको अन्तर्क्रिया।






पुन मगर समाजको महाधिवेशन।





गण्डकी प्रदेश अन्तर्गत वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका स्थानीय आदिवासी जनजाति समुदायसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम।

आयोगका मा. सदस्यद्वय रिना राना र शरण राईद्वारा थासाङ थकालीका प्रतिनिधिहरुसँग मुस्ताङ्को टुकुचेमा अन्तर्क्रिया गर्दै।




आयोगका मा. सदस्यद्वय रीना राना र शरण राई मुस्ताङका मुखियाहरुसँग कोबाङस्थित कोतघरमा अन्तर्क्रिया पछिको तस्विर।





मा. अध्यक्ष रामबहादुर थापामगर आदिवासी जनजाति नीति तथा कार्यक्रम सम्बन्धमा पोखरा महानगरपालिकाका प्रतिनिधिहरुसँग अन्तरक्रिया।

गण्डकी प्रदेश सभाका मा. सभामुख, मा. सदस्यहरु, आदिवासी जनजाति महासंघ एवम् जातीय संगठनहरुसँग आयोगको पाँचौं वार्षिक प्रतिवेदनको सिफारिस कार्यान्वयन सम्बन्धमा छलफल।

## लुम्बिनी प्रदेश

### ५.६.१ परिचय

५.४.१ परिचय

लुम्बिनी प्रदेशमा नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ बर्ग कि.मी. मध्ये १७,८१० कि.मी. यस प्रदेशमा पर्दछ। यस प्रदेशमा जनगणना २०७८ अनुसार ५१,२२,०७८ जनसंख्या बसोबास गर्दछन्। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,८४४ मध्ये १६,८५,२३८ यस प्रदेशमा बसोबास गर्दैआएको छ। जसमा धैरै जनसंख्या भएको मगर समुदाय ७,४६,१५४ (७.३३ प्रतिशत) र थारु समुदाय ७,३२,०६९ (७.१९ प्रतिशत) रहेको छ। मगर मातृभाषा बोल्नेको संख्या २,५४,०५२ र थारु मातृभाषा बोल्नेको संख्या ६,९५,९४९ रहेको छ। यस प्रदेशमा आदिवासी जनजातिको समुदायको बसोबास गर्ने ४२ जाति रहेको छ र लोपोन्मुख कुसुण्डा किसान र लेप्चा समुदायको बसोबास रहेको छ। यस प्रदेशमा रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, रुकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ र बर्दिया गरी १२ जिल्ला पर्दछ। यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ वटा गाउँपालिका गरी १०९ स्थानीय तह छन्। यस प्रदेशमा मौलिक विशेषतामा शान्तिको अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकाट तथा बुद्धकालीन ऐतिहासिक सांस्कृतिक महत्वका सम्पदा र एसियाकै ठूलो उपत्यका दाङ समेत पर्दछ।

### ५.६.२ लुम्बिनी प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ताको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.९ : लुम्बिनी प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | मगर | ३,४४,०४९ | ४,०२,१०५ | ७,४६,१५४ | २,५४,०५२ |
| २. | थारु | ३,५३,२४६ | ३,७८,८२३ | ७,३२,०६९ | ६,९५,९४९ |
| ३. | नेवार | ३०,०१० | ३२,५८९ | ६२,५९९ | २४,५६० |
| ४. | कुमाल | २३,६८६ | २६,२८५ | ४९,९७१ | ५,७८६ |
| ५. | गुरूङ | २१,७९९ | २५,६९५ | ४७,४९४ | २०,२६३ |
| ६. | भुजेल | ४,५२६ | ५,२११ | ९,७३७ | ९८ |
| ७. | सुनुवार | ४,३४८ | ५,३४१ | ९,६८९ | ४४ |
| ८. | तामाङ | ३,८५५ | ३,९८४ | ७,८३९ | ३८८४ |
| ९. | माझी | १,४५३ | १,५०७ | २,९६० | ५१३ |
| १०. | कुशवाडिया | १,४७८ | १,४५८ | २,९३६ | |
| ११. | राई | १,२९४ | १,३३४ | २,६२८ | ४२८ |
| १२. | थकाली | ९१४ | १,०७५ | १,९८९ | ३७२ |
| १३. | बोटे | ९०७ | ९९६ | १,९०३ | ६५२ |
| १४. | छन्त्याल | ८५३ | ९३८ | १,७९१ | ५३३ |
| १५. | राझी | ५०२ | ५४७ | १,०४९ | ७४३ |
| १६. | राजवंशी | ४४५ | ४५६ | ९०१ | ४३० |
| १७. | याक्थुङ/लिम्बु | ३०२ | ३४० | ६४२ | २१२ |
| १८. | दराई | २७१ | ३०६ | ५७७ | १६७ |
| १९. | शेर्पा | २०६ | २२५ | ४३१ | १६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | चेपाङ | १६१ | १८८ | ३४९ | ५८ |
| २१. | धानुक | १४५ | ११९ | २६४ | |
| २२. | रानाथारु | १०३ | ८० | १८३ | |
| २३. | याक्ख्या | ९२ | ९० | १८२ | |
| २४. | सन्थाल | ६८ | ५७ | १२५ | ३५ |
| २५. | कुसुण्डा | ४५ | ५९ | १०४ | |
| २६. | पहारी | ३५ | ३९ | ७४ | १५ |
| २७. | भोटे | ३६ | ३६ | ७२ | |
| २८. | मेचे | ३० | ३८ | ६८ | |
| २९. | दनुवार | ४० | २७ | ६७ | |
| ३० | किसान | २९ | ३४ | ६३ | |
| ३१. | धिमाल | २४ | ३७ | ६१ | २४ |
| ३२. | बनकरिया | २० | २५ | ४५ | ११ |
| ३३. | थामी | १८ | १९ | ३७ | २७ |
| ३४. | दुरा | २३ | ८ | ३१ | |
| ३५. | लेप्चा | १६ | १४ | ३० | |
| ३६. | आठपहरिया | १३ | १६ | २९ | |
| ३७. | बराम | १६ | १३ | २९ | |
| ३८. | सुरेल | ११ | १३ | २४ | |
| ३९. | गनगाई | १० | १० | २० | |
| ४०. | जिरेल | ९ | ८ | १७ | |
| ४१. | फ्रि | ९ | ६ | १५ | |
| ४२. | ताजपुरीया | ४ | ६ | १० | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय २०७८ को जनगणना

### ५.६.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.६.३.१ प्रदेश सभा

लुम्बिनी प्रदेश सभामा ५२ जना प्रत्यक्ष र ३५ जना समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने गरि जम्मा ८७ जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार २९ जना ३३.३३ प्रतिशत आदिवासी जनजाति प्रतिनिधित्व रहेको छ।

#### ५.६.३.२ जिल्ला समन्वय परिषद्मा प्रतिनिधित्व

**तालिका ५.१० : लुम्बिनि प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गुल्मी | ९ | | १ | १ | २ | २२.२२ |
| २ | पाल्पा | ९ | - | - | ३ | ३ | ३३.३३ |
| ३ | अर्घाखाँची | ९ | - | - | - | - | ० |
| ४ | रुपन्देही | ९ | - | - | - | - | ० |
| ५ | कपिलबस्तु | ९ | - | - | - | - | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | रुकुम पूर्व | ९ | १ | - | ५ | ६ | ६६.६६ |
| ७ | प्युठान | ९ | - | - | - | - | ० |
| ८ | रोल्पा | ९ | - | - | ४ | ४ | ४४.४४ |
| ९ | दाङ | ९ | - | १ | ४ | ५ | ५५.५५ |
| १० | बाँके | ७ | १ | - | २ | ३ | ३३.३३ |
| ११ | बर्दिया | ९ | - | - | २ | २ | २२.२२ |
| १२ | नवलपरासी बर्दघाट सुस्ता पश्चिम | ९ | - | - | २ | २ | २२.२२ |
| **जम्मा** | | १०८ | २/१२ | २/१२ | २३/८४ | २७ | १७.५९ |

स्रोत: निर्वाचन आयोग, २०७९

लुम्बिनी प्रदेशको प्रत्येक जिल्लामा नौं सदस्यीय जिल्ला समन्वय समिति छ । १२ जिल्ला समन्वय प्रमुख पदमध्ये २ जना (१६.६६%), १२ उपप्रमुख मध्ये २ जना (१६.६६%) र जम्मा ८४ सदस्य मध्ये २३ जना (२७.३७%) आदिवासी जनजातिको प्रतिनिधित्व छ। अर्घाखाँची ,रुपन्देही ,कपिलबस्तु र प्युठान गरी चार जिल्लाको जिल्ला समन्वय परिषद्मा आदिवासी जनजातिको शुन्य प्रतिनिधित्व रहेको छ। सबै प्रमुख र उपप्रमुख सहित जम्मा १०८ प्रतिनिधि मध्ये २७ जना आदिवासी जनप्रतिनिधि छन्।

### ५.६.३.३ स्थानीय तह

लुम्विनी प्रदेशमा १०९ स्थानीय तह छन्। १०९ स्थानीय तहको प्रमुख पदमा ३१ जना (२८.४४%), उप-प्रमुख ३९ जना (३५.७७%) र ९७४ वडा अध्यक्ष मध्ये ३०१ जना (३०.९०%) आदिवासी जनजाति जनप्रतिनिधि छन्। जम्मा १९४८ वडा सदस्य मध्ये ६७१ जना (३४.४४%) आदिवासी जनजाति वडा सदस्य र ९७४ महिला सदस्य मध्ये ३८० जना (३९.०१%) आदिवासी जनजाति महिला सदस्य छन्। आदिवासी जनजातिको प्रतिनिधित्व कपिलबस्तु जिल्लामा सबैभन्दा कम (१५.२%) र रोल्पा जिल्लामा सबैभन्दा उच्च (४६.५७%) देखिन्छ।

### ५.६.४ लुम्बिनी प्रदेश आ.व. २०८१/०८२ मा आयोगले गरेका मुख्य कार्यहरु

#### क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम

- मिति २०८१।०७।२३ गते गुल्मी जिल्ला सत्यवती गा.पा. वडा नं. ८ भार्सेमा आदिवासी जनजाति समुदायको नमुना सांस्कृतिक सम्पदा गाँउ र खुल्ला जीवन्त संग्रहालय स्थापना विषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।०८।२२ गते पाल्पा जिल्ला, तिनाउ गाउँ पालिकाको दोभानमा अमूर्त सांस्कृतिक सम्पदा संरक्षण र सूचीकरणमा स्थानीय तहको भूमिका विषयक कार्यक्रम संचालन।
- मिति २०८१।१०।०२ गते देवदह नगरपालिका रुपन्देही, तिनाउ गाउँपालिका वडा नं ४ पाल्पा र कन्चन गाउँपालिका रुपन्देहीसँगको सहकार्यमा आदिवासी जनजाति समुदायको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र सूचीकरणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।११।०५ गते गुल्मी जिल्ला सत्यवती गा.पा.मा स्थानीय पाठ्यक्रम मस्यौदा माथि छलफल तथा सुझाव विषयक कार्यक्रममा सम्पन्न।
- मिति २०८२।०१।०२ गते आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. कृष्णबहादुर घर्ती मगरसमक्ष आयोगका मा. सदस्य डा. मीनबहादुर श्रीसद्वारा पेश। साथै, मिति २०८२।०१।०३ गते आदिवासी जनजाति पत्रकार महासंघसँगको सहकार्यमा लुम्विनी विश्वविद्यालयको सभाकक्षमा विश्व आदिवासी भाषा दसक २०२२-२०३२ विषयमा प्रस्तुतिकरण।
- मिति २०८२।०३।०४ गते बाँके र बर्दिया जिल्लाको निकुञ्ज क्षेत्रको आसपासका स्थानहरुमा बसोबास गर्ने आदिवासी जनजातिलाई निकुञ्जले पारेको प्रभाव सम्वन्धमा स्थलगत अध्ययन तथा सरोकारवालासंग अन्तरक्रिया सम्पन्न।

**ख. सिफारिस**

- मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने ।
- सरकारी कामकाजको भाषाको रुपमा आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गर्न नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।
- प्रदेशस्तरीय आदिवासी जनजाति खुला तथा जीवन्त संग्रहालय स्थापना गर्ने ।
- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्नुका साथै आयोगको प्रदेश कार्यालय स्थापना गर्ने।
- आदिवासी जनजातिको मातृभाषालाई प्राथमिक तहको औपचारिक शिक्षाको माध्यम भाषा बनाउनु पर्ने ।
- वार्षिक विकास बजेटमध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबर बजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्ने।
- आदिवासी जनजाति महिलालाई उनीहरुको परम्परागत ज्ञान सीप संरक्षण र प्रवर्धन गर्दै आय आर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग सञ्चालन र उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरण गर्ने ।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन, गुणस्तर निर्धारण र नियन्त्रणका साथै बजारीकरणको व्यवस्थाका लागि कानुनी प्रबन्ध मिलाउने ।
- रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका क्षेत्रमा प्रदेशस्तरीय आदिवासी जनजाति तथा जातजातीय खुला जीवन्त संग्रहालय स्थापना गर्ने ।

●●●




आयोगका मा.सदस्य डा. मीन बहादुर श्रीसद्वारा लुम्बिनी प्रदेश प्रमुख मा. कृष्णबहादुर घर्ती मगर समक्ष आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै ।






आदिवासी जनजातिको विकास र उत्थानका लागि स्थानीय सरकारको
नीति तथा कार्यक्रम सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागी हुँदै आयोगको अध्यक्ष ।



बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्रले आदिवासी
जनजाति समुदायलाई पुर्याएको असर सम्बन्धमा अन्तरक्रिया, कोहलपुर बाँके ।




लुम्बिनी प्रदेशस्थित कञ्चन गाउँपालिकामा आयोगका
मा.सदस्य मीन बहादुर श्रीसद्वारा अन्तर्क्रिया कार्यक्रम ।




ठाकुरद्वार नगरपालिकाका प्रतिनिधि र प्रभावित आदिवासी जनजाति समुदायसँग परामर्श तथा अन्तरक्रिया।



## कर्णाली प्रदेश

### ५.७.१ परिचय

कर्णाली प्रदेशमा नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ मध्ये ३०२११ बर्ग कि.मी. यस प्रदेशमा पर्दछ। यस प्रदेशमा जनगणना २०७८ अनुसार १६,८८,४१२ जना जनसंख्या बसोबास गर्दछन्। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,८४४ मध्ये २,२९,२२९ यस प्रदेशमा बसोबास छ। जसमा धेरै जनसंख्या भएको मगर समुदाय १,७६,०६८ (१.७३ प्रतिशत) र गुरुङ समुदाय १२,५४६ (०.१२ प्रतिशत) रहेको छ। मगर मातृभाषा बोल्नेको संख्या ४०,६०७ र गुरुङ मातृभाषा बोल्नेको संख्या १,५१६ रहेको छ। यस प्रदेशमा आदिवासी जनजातिको समुदायको बसोबास गर्ने ३१ जाति रहेको छ र जंगलमा नै बस्न रुचाउने लोपोन्मुख राउटे समुदाय पर्दछ। यस प्रदेशमा मुगु, हुम्ला, जुम्ला, दैलेख, कालिकोट, डोल्पा, जाजरकोट, सल्यान, सर्खेत र रुकुम (पश्चिम भाग) गरी १० जिल्ला पर्दछ। यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी ७९ स्थानीय तह छन्।

### ५.७.२ कर्णाली प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.११ : कर्णाली प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | मगर | ८४,९०१ | ९१,१६७ | १,७६,०६८ | ४०,६०७ |
| २. | गुरूङ | ५,९५८ | ६,५८८ | १२,५४६ | १,५१६ |
| ३. | थारु | ४,८५४ | ३,९१९ | ८,७७३ | ७,७९१ |
| ४. | भोटे | ३,०६० | २,९८५ | ६,०५५ | ५,६३६ |
| ५. | नेवार | २,२५८ | २,२८६ | ४,५४४ | ६२९ |
| ६. | तामाङ | २,०७९ | २,२६९ | ४,३४८ | १,३२७ |
| ७. | व्यासी | १,९७५ | १,९१५ | ३,८९० | |
| ८. | सुनुवार | १,६१० | १,७८९ | ३,३९९ | १३ |
| ९. | कुमाल | १,०८९ | १,२१२ | २,३०१ | १६ |
| १०. | माझी | ८४३ | ८५७ | १,७०० | ३३ |
| ११. | भुजेल | ८०४ | ८९० | १,६९४ | |
| १२. | राजी | ७५५ | ७४७ | १,५०२ | ९९३ |
| १३. | राई | २८९ | २४५ | ५३४ | |
| १४. | थामी | १३८ | १४८ | २८६ | |
| १५. | थकाली | १२० | १२७ | २४७ | ३१ |
| १६. | छन्त्याल | १२० | ११९ | २३९ | |
| १७. | याक्थुङ/लिम्बु | १२२ | ९९ | २२१ | ६१ |
| १८. | बोटे | ८५ | ८५ | १७० | १०८६ |
| १९. | राउटे | ६८ | ८९ | १४७ | ३२४ |
| २०. | रानाथारु | ५७ | ६९ | १२६ | |
| २१. | शेर्पा | ६२ | ५४ | ११६ | ४८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| **२२.** | राजवंशी | ५४ | ४५ | ९९ | १४ |
| २३. | दुरा | २२ | १३ | ३५ | |
| २४. | धानुक | २४ | ८ | ३२ | |
| २५. | दराई | १८ | १३ | ३१ | |
| २६. | पहारी | १० | २० | ३० | |
| २७. | गनगाई | १३ | १६ | २९ | |
| २८. | धिमाल | १२ | १३ | २५ | |
| २९. | जिरेल | ११ | ६ | १७ | |
| ३०. | दनुवार | १२ | २ | १४ | |
| ३१. | सन्थाल | ४ | ७ | ११ | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

६० सूचीकृत आदिवासी जनजातिमध्ये कर्णाली प्रदेशमा ३१ आदिवासी जनजाति समुदायका मानिसहरु बसोबास गर्दछन्। प्रदेशका ३१ सूचीकृत आदिवासी जनजातिमध्ये सबैभन्दा धेरै मातृभाषी मगर जाति र सबैभन्दा कम मातृभाषी सुनुवार जाति रहेको छ। व्यासी, भूजेल, राई, थामी, छन्त्याल, रानाथारुलगायत १५ जातिको मातृभाषा लोप भइसकेको तथ्यांकले देखाउँछ।

### ५.७.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.७.३.१ प्रदेश सभा

कर्णाली प्रदेशमा प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभा रहेको छ जसमध्ये २४ जना प्रत्यक्ष बहुमतीय पद्दति अनुसार र १६ जना अप्रत्यक्ष समानुपातिक मतप्रणाली अनुसार निर्वाचित हुने गरी जम्मा ४० जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार ३ जना (७.५प्रतिशत) मात्र आदिवासी जनजाति प्रतिनिधित्व रहेको छ र ज्यादै न्यून हो। यस प्रदेश सभामा आदिवासी समुदायको अर्थपूर्ण सहभागिता हुन जरुरी छ।

#### ५.७.३.२ जिल्ला समन्वय समिति

**तालिका ५.१२ : कर्णाली प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मुगु | ९ | - | - | १ | १ | ११.११ |
| २ | हुम्ला | ९ | - | - | १ | १ | ११.११ |
| ३ | जुम्ला | ९ | १ | - | - | १ | ११.११ |
| ४ | दैलेख | ९ | - | - | - | - | - |
| ५ | सुर्खेत | ९ | - | - | १ | १ | ११.११ |
| ६ | कालिकोट | ९ | - | - | - | - | - |
| ७ | डोल्पा | ९ | - | १ | २ | ३ | ३३.३३ |
| ८ | सल्यान | ९ | - | - | १ | १ | ११.११ |
| ९ | जाजरकोट | ९ | - | - | - | - | - |
| १० | रुकुम पश्चिम | ९ | - | - | - | - | - |
| | **जम्मा** | ९० | १/१० | १/१० | ६/७० | ८ | ८.८९ |

स्रोत: निर्वाचन आयोग, २०७९

कर्णाली प्रदेशमा १० वटा जिल्ला समन्वय समितिमा प्रमुख पदमा १ जना(१०%), उपप्रमुख मध्ये १ जना(१०%) र जम्मा ७० सदस्य मध्ये ६ जना (८.५७%) आदिवासी जनप्रतिनिधि रहेका छन्। सबै जिल्लाको आंकडा अनुसार प्रमुख र उपप्रमुख सहित जम्मा ९० प्रतिनिधि मध्ये ८ जना(८.८९%) आदिवासी जनप्रतिनिधि रहेको छ।

कर्णाली प्रदेशमा १० जिल्ला, ७९ स्थानीय तह र जम्मा ७१८ वडाहरु रहेका छन्। ती ७९ स्थानीय तहमा प्रमुख पदमा जम्मा ७९ जना मध्ये ११ जना(१३.९२%), ७९ उप-प्रमुख मध्ये ९ जना(११.३९%) र जम्मा ७१८ वडा अध्यक्ष मध्ये १०७ जना(१४.९०%) आदिवासी जनजाति जनप्रतिनिधि रहेका छन्। जम्मा २१५४ वडा सदस्य र महिला सदस्य मध्ये ३६६(१७%) आदिवासी वडा सदस्य र महिला सदस्य रहेका छन्। समग्र स्थानीय तहको प्रमुख/उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य गरी जम्मा ३७४८ जनप्रतिनिधिहरुमध्ये जम्मा ४८४(१२.९१%) आदिवासी प्रतिनिधित्व रहेको छ।

#### ५.७.३.३ स्थानीय तह

स्थानीय तह निर्वाचन २०७९ बमोजिम कर्णाली प्रदेशका स्थानीय पालिकाहरुमा आदिवासी जनजाति प्रतिनिधित्व सल्यान जिल्लामा १० स्थानीय पालिकामा अध्यक्ष र उपाध्यक्ष सहित जम्मा ४३५ जना जनप्रतिनिधिमा ७७ जना (१७.७० प्रतिशत), डोल्पा जिल्लाको ८ पालिकामा जम्मा ३४१ मध्ये ९९ जना (२९.०३ प्रतिशत), मुगु जिल्लाको ४ पालिकामा २३३ मध्ये ३६ जना (१५.४५ प्रतिशत), जुम्ला जिल्लाको ४ पालिकामा ३१६ मध्ये ६ (१.९० प्रतिशत), कालिकोट जिल्लाको ९ पालिकामा ४२८ मध्ये २ (०.४७ प्रतिशत), हुम्ला जिल्लाको ७ पालिकामा २३४ मध्ये ५१ (२१.७९ प्रतिशत), जाजरकोट जिल्लाको ७ पालिकामा ३९९ मध्ये २८ (७.०२ प्रतिशत), दैलेख जिल्लाको ११ पालिकामा ४७२ मध्ये ४२ (८.९० प्रतिशत), सुर्खेत जिल्लाको ९ पालिकामा ५१३ मध्ये ९५ जना (१८.५२ प्रतिशत) र रुकुम पश्चिम जिल्लाको ६ पालिकामा ३७७ मध्ये ४८ जना (१२.७३ प्रतिशत) जनप्रतिनिधिहरु आदिवासी जनजाति समुदायको प्रतिनिधित्व छ।

### ५.७.४ यस प्रदेशमा आ.व. २०८१/०८२ मा आयोगले गरेका मुख्य कार्यहरु

#### क. अनुगमन तथा अन्तरक्रिया कार्यक्रम

- मिति २०८१।११।२५ गते जुम्लाको चन्दननाथ नगरपालिकामा नगरप्रमुखको कार्यकक्षमा आदिवासी जनजाति समुदाय लक्षित विशेष नीति तथा कार्यक्रम र अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।१२।२० गते कर्णाली प्रदेश वीरेन्द्रनगर नगरपालिकाको सभाहलमा परंपरागत ज्ञान सीप संरक्षण, सम्वर्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न।

#### ख. सिफारिस

- आदिवासी जनजाति समुदायको राजनीतिक प्रतिनिधित्व बढाउनु पर्ने।
- प्रदेशको आदिवासी जनजाति समुदायको वसोवास क्षेत्रका भौतिक विकासको लागि लगानी बढाउनु पर्ने।
- मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने।
- प्रदेशस्तरीय आदिवासी जनजाति खुला तथा जीवन्त संग्रहालय स्थापना गर्ने।
- आदिवासी जनजातिको भाषालाई कानुन बनाई सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गर्ने र अन्य आदिवासी जनजातिको मातृभाषालाई स्थानीय स्तरमा लागू गर्न नीति तथा कानुन निर्माणमा समन्वय गर्ने।
- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्ति व्यवस्था गर्नुका साथै आयोगको प्रदेश कार्यालय स्थापना गर्ने।
- आदिवासी जनजातिको मातृभाषालाई प्राथमिक तहको औपचारिक शिक्षाको माध्यम भाषा बनाउने।

- वार्षिक विकास बजेट मध्ये कुल जनसंख्यामा आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबरको वजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्ने।
- आदिवासी जनाजाति महिलालाई उनीहरुको परम्परागत सीप संरक्षण र प्रवर्धन गर्दै आयआर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग र उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरण गर्ने।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन, गुणस्तर निर्धारण र नियन्त्रणका साथै बजारीकरणको व्यवस्थाका लागि कानुनी प्रबन्ध मिलाउने।
- संविधान बमोजिम राउटे जातिको विशेष संरक्षित क्षेत्र निर्धारण गरी व्यवस्थापन गर्ने।



कर्णाली प्रदेशको विरेन्द्रनगर नगरपालिकामा भएको सचेतना कार्यक्रममा प्रस्तुति गर्नुहुँदै आयोगका मा.सदस्य रिना राना।



आयोगका मा.सदस्य सुर्य बहादुर गुरुङद्वारा आयोगको प्रकाशन जुम्लास्थित चन्दननाथ नगरपालिकाका मेयर समक्ष प्रस्तुत गर्दै।



आयोगका मा.सदस्य सुर्य बहादुर गुरुङद्वारा जुम्लास्थित चन्दननाथ नगरपालिकामा आदिवासी जनजातिका प्रतिनिधिहरुसंग अन्तरक्रिया।

## सुदूर पश्चिम प्रदेश

### ५.८.१ परिचय

सुदुर पश्चिम प्रदेशमा नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ मध्ये १९,५३७ बर्ग कि.मी. यस प्रदेशमा पर्दछ। आदिवासी जनजातिको कुल जनसंख्या १,०१,६८,८४४ मध्ये ५,६६,९८१ यस प्रदेशमा बसोबास गर्दै आएको छ। जसमा धेरै जनसंख्या भएको थारु समुदाय ३,९७,८२२ (३.९१ प्रतिशत) र रानाथारु समुदाय ८२,२९९ (०.८० प्रतिशत) रहेको छ। थारु मातृभाषा बोल्नेको संख्या सतप्रतिसत र रानाथारु मातृभाषा बोल्नेको संख्या ७७७२७ रहेको छ। यस प्रदेशमा आदिवासी जनजाति समुदायको बसोबास गर्ने २८ जाति रहेको छ र लोपोन्मुख राउटे समुदाय २०३९ सालबाट जंगलमा नै फिरन्तेको रुपमा रहेको राउटे समुदायलाई तत्कालीन सरकारले डडेल्धुरा जिल्लाको जोगमाई स्थानमा जग्गा उपलब्ध गराई घर बनाई बसोबास गराइएको छ। हाल उनीहरूको अवस्था शिक्षा तथा रोजगारीमा न्यून रहेको छ तथा कमाउने जग्गा कम भएकोले जेला मज्दुरी गरी जीविकार्पाजन गर्दै आएका छन्। यस प्रदेशमा कैलाली, कञ्चपुर, डडेल्धुरा, डोटी, बाजुरा, अछाम, वैतडी, दार्चुला र बझाङ ९ जिल्ला पर्दछ। यस प्रदेशमा १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी ८८ स्थानीय तह रहेका छन्।

### ५.८.२ सुदुर पश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.१३ : सुदुर पश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र जातिका मातृभाषा वक्ता संख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | मातृभाषा वक्ता संख्या |
|---|---|---|---|---|---|
| १. | थारु | १,९३,८३७ | २,०३,९८५ | ३,९७,८२२ | ३,९८,९१४ |
| २. | रानाथारु | ४०,४२७ | ४१,८७२ | ८२,२९९ | ७७,७२७ |
| ३. | मगर | २५,६७९ | २७,११८ | ५२,७९७ | १६,६११ |
| ४. | तामाङ | ४,६५४ | ५,१२७ | ९,७८१ | ७,८३७ |
| ५. | नेवार | २,२९७ | २,२५२ | ४,५४९ | १,९१६ |
| ६. | गुरूङ | १,९८५ | २,२९४ | ४,२७९ | १,५९० |
| ७. | राझी | १,१९७ | १,३२४ | २,५२१ | २,४३७ |
| ८. | कुमाल | १,०८६ | १,२२८ | २,३१४ | २६९ |
| ९. | सुनुवार | ८४६ | ९०६ | १,७५२ | ७४ |
| १०. | भोटे | ७१० | ७५० | १,४६० | ९३० |
| ११. | माझी | ६६३ | ७२१ | १,३८४ | १२३ |
| १२. | व्यासी | ६३४ | ६८८ | १,३२२ | |
| १३. | भुजेल | ४३५ | ५३६ | ९७१ | ५४ |
| १४. | राई | ४७१ | ४४६ | ९१७ | ४३० |
| १५. | धानुक | ३८७ | ३९० | ७७७ | |
| १६. | राउटे | २२१ | १९८ | ४१९ | ४१७ |
| १७. | याक्थुङ/लिम्बु | २०६ | २०६ | ४१२ | १२८ |
| १८. | राजवंशी | १९१ | २१७ | ४०८ | ११८ |
| १९. | बोटे | ११८ | १०७ | २२५ | ११० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | पहारी | १०३ | १०२ | २०५ | १९३ |
| २१. | शेर्पा | ६६ | ६१ | १२७ | ८७ |
| २२. | थकाली | ५६ | ५९ | ११५ | ३५ |
| २३. | थामी | १९ | १६ | ३५ | १९ |
| २४. | छन्याल | ८ | १९ | २७ | |
| २५. | दराई | १३ | ११ | २४ | |
| २६. | सन्थाल | ७ | ९ | १६ | |
| २७. | दनुवार | ९ | ४ | १३ | १० |
| २८. | याक्ख्या | ४ | ६ | १० | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

सुदुरपश्चिम प्रदेशमा ६० आदिवासी जनजाति समुदाय मध्ये २८ आदिवासी जनजाति समुदाय बसोबास गर्दै आएका छन्। ती २८ जातिमध्ये सबैभन्दा ठूलो मातृभाषी संख्या भएको आदिवासी जनजाति थारु समुदाय हो र सबै भन्दा सानो मातृभाषी संख्या भएको समुदाय दनुवार हो। ब्यांसी, धानुक, छन्त्याल, दराई, सन्थाल र याक्खा समुदायको मातृभाषी संख्या देखिएको छैन। यस तथ्याङ्कले कतिपय आदिवासी जनजाति समुदायको पहिचान संकट उन्मूख देखाउँछ।

### ५.८.३आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

#### ५.८.३.१ प्रदेश सभा

सुदुरपश्चिम प्रदेशमा प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभामा ३२ जना प्रत्यक्ष र २१ जना समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने गरि जम्मा ५३ जना सदस्यहरु रहने व्यवस्था छ। प्रदेश सभा निर्वाचन २०७९ अनुसार ८ जना (१५.०९ प्रतिशत) आदिवासी जनजाति समुदायको प्रतिनिधित्व छ।

#### ५.८.३.२जिल्ला समन्वय समिति

**तालिका ५.१४ : सुदुरपश्चिम प्रदेशका जिल्ला समन्वय समितिहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व**

| क्र.सं. | जिल्ला | जम्मा समिति | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा आ.ज प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | बाजुरा | ९ | | | | ० | ० |
| २. | अछाम | ९ | | | १ | १ | ११.११ |
| ३. | बझाङ्ग | ९ | | | | ० | ० |
| ४. | डोटी | ९ | | | | ० | ० |
| ५. | कैलाली | ९ | | | २ | २ | २२.२२ |
| ६. | दार्चुला | ९ | | | | | |
| ७. | बैतडी | ९ | | | | ० | ० |
| ८. | डडेलधुरा | ९ | | १ | | १ | ११.११ |
| ९. | कन्चनपुर | ९ | | १ | २ | ३ | ३३.३३ |
| | **जम्मा** | **८१** | ०।९ | २।९ | ५।६३ | **७** | **५.९८** |

स्रोत: निर्वाचन आयोग, २०७९

सुदुरपश्चिम प्रदेशको जिल्ला समन्वय समिति प्रमुख पदमा १ जना पनि आदिवासी जनजाति निर्वाचित छैन। उपप्रमुख मध्ये २ जना (२२.२२%) र ६३ सदस्य मध्ये ५ जना (७.९३ प्रतिशत) आदिवासी जनजाति जनप्रतिनिधित्व छ। जिल्लाको प्रमुख र उपप्रमुख सहित जम्मा ८१ प्रतिनिधि मध्ये ७ जना ८.६४ प्रतिशत आदिवासी जनजाति निर्वाचित भएका छन्।

### ५.८.३.३ स्थानीय तह

स्थानीय तह २०७९ बमोजिम सुदुरपश्चिम प्रदेशका ९ जिल्लाको स्थानीय पालिकाहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व बाजुरा जिल्लामा ९ स्थानीय पालिकामा प्रमुख र उपप्रमुख सहित ३६३ जना प्रतिनिधिमा १ जना (०.२७ प्रतिशत ), अछाम जिल्लाका १० पालिकामा जम्मा ४७५ जना मध्ये २ जना (०.४२ प्रतिशत), बझाङ्ग जिल्लाका १२ पालिकामा जम्मा ४९४ जना मध्ये ६ जना (१.२१ प्रतिशत), डोटी जिल्लाका ९ पालिकामा जम्मा ३४३ जना मध्ये १९ जना (५.५४प्रतिशत), कैलाली जिल्लाका १३ पालिकामा जम्मा ६५६ जना मध्ये २८२ जना (४२.९९ प्रतिशत), दार्चुला जिल्लाका ९ पालिकामा जम्मा ३२३ जना मध्ये १ जना (०.३० प्रतिशत), बैतडी जिल्लाका १० पालिकामा जम्मा ४४० जना मध्ये ६ जना (१.३६ प्रतिशत), डडेल्धुरा जिल्लाका ७ पालिकामा जम्मा २७४ जना मध्ये ९ जना (३.२८ प्रतिशत), कञ्चनपुर जिल्लाका ९ पालिकामा जम्मा ४७८ जना मध्ये १२५ जना (२६.१५ प्रतिशत) जनप्रतिनिधिहरु आदिवासी जनजाति समुदायको छ।

### ५.८.४ सुदूरपश्चिम प्रदेशमा आ.व. २०८१/०८२ मा आयोगले गरेका मुख्य कार्यहरु

#### क. छलफल तथा अन्तरक्रिया कार्यक्रम

- मिति २०८१/११/२३ गते आयोगको बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा .नजिर मियाँ समक्ष आयोगका मा .सदस्य सुर्यवहादुर गुरुङले प्रदेश प्रमुखको कार्यालय धनगढीमा पेश। साथै, आदिवासी जनजातिका स्थानीय नेताहरुसंग अमूर्त सांस्कृतिक सम्पदा सूचीकरण सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

#### ख. सिफारिस

- आदिवासी जनजातिको मातृभाषालाई औपचारिक शिक्षाको माध्यम भाषा बनाउने।
- सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेशस्तरीय कार्यालयमा आदिवासी जनजाति सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
- आदिवासी जनजातिको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने।
- प्रदेशस्तरीय आदिवासी जनजाति खुला तथा जीवन्त संग्रहालय स्थापना गर्ने।
- आदिवासी जनजातिको भाषालाई कानुन बनाई सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गर्ने।
- वार्षिक विकास बजेट मध्ये आदिवासी जनजातिको जनसंख्या प्रतिशतको एक तिहाइ बराबरको वजेट रकम आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्ने।
- आदिवासी जनाजाति महिलालाई उनीहरुको परम्परागत ज्ञान र सीप संरक्षण र प्रवर्धन गर्दै आयआर्जन गर्न सहयोग पुग्ने गरी साना तथा घरेलु उद्योग र उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरणका कार्यक्रमहरु गर्ने।
- आदिवासी जनजाति ज्ञानमा आधारित स्थानीय मदिरा उत्पादन ,गुणस्तर निर्धारण र नियन्त्रणका साथै बजारीकरणको व्यवस्थाका लागि सहज कानुनी प्रबन्ध मिलाउने।




आयोगका मा.सदस्य सुर्य बहादुर गुरुङद्वारा सुदुरपश्चिमका प्रदेश प्रमुख मा.नजिर मियाँलाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै ।




आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङ तथा कर्मचारीहरु सुदुरपश्चिमको धनगढीस्थित बातचित घरमा
आदिवासी जनजातिका प्रतिनिधिहरुसँग अन्तरक्रिया ।

# आयोगको कार्यसम्पादन र कार्यप्रगति विवरण

## ६.१ पृष्ठभूमि

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (ङ) र (थ) अनुसार आदिवासी जनजाति समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम र आदिवासी जनजातिको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले संचालन गरेका कार्यक्रमको कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ। नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिले आदिवासी जनजातिको हक अधिकार, पहिचान, संस्कृति, कला, साहित्यको संरक्षण र प्रवर्द्धनमा केन्द्रित रही आयोगले वार्षिक नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएको छ।

## ६.२ वित्तीय प्रगति तथा विवरण

आ. व. २०८१/८२ मा आयोगको विनियोजित कूल वार्षिक बजेट रु. ३,५६,६४,०५९।-रहेको थियो। जसमध्ये चालु तर्फ ब.उ.शि.नं. २२८०००११३ मा २,६२,६९,०५९।- र ब.उ.शि.नं. २२८००००१३ रु. ८२,९५,०००।- र पूँजीगत तर्फ ब.उ.शि. नं.२२८०००११४ मा रु. ११,००,०००।- विनियोजन भएको थियो। विनियोजित बजेट मध्ये चालु तर्फ ब.उ.शि.नं. २२८०००११३ मा रु. २,२६,००,२९९.७२।-ब.उ.शि.नं. २२८००००१३ मा र ७९,९३,१८२.०८।- खर्च भएको थियो भने पूँजीगत तर्फ रु. ९,०९,९२९.११।-रकम खर्च भएको थियो। आयोगको बार्षिक बजेट तथा खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ भने विनियोजित बजेट र खर्चको फाँटवारी अनुसूची २ मा उल्लेख छ।

## ६.३ उजुरी तथा गुनासो व्यवस्थापन

आ.व. २०८१/०८२ मा आयोगमा दर्ता हुन आएका निवेदन, विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारहरु, टेलिफोन लगायतका संचार माध्यमहरु तथा पत्रबाट प्राप्त उजुरी तथा गुनासामा आदिवासी जनजातिको हक, हित र अधिकार हननको सम्बन्धमा आयोगले जानकारी लिने, अध्ययन-अनुसन्धान गर्ने, अनुगमन गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य गर्दै आएको छ।

आ.व. २०८१।०८२ मा प्राप्त उजुरी तथा गुनासाहरुलाई सम्बोधन गर्ने क्रममा आयोगबाट भए गरेका मुख्य कार्यहरु निम्नानुसार छन्:

**तालिका ६.१ : उजुरी तथा गुनासो व्यवस्थापन**

| क्र.सं. | उजुरीको विषय | उजुरीको विवरण | उजुरीको सम्बन्धमा भएको कार्यवाही |
|---|---|---|---|
| १. | नेवाः जातिभित्र पर्ने जुगि उपजातिको आवासलाई सरकारले सार्वजनिक सम्पत्तिमा परिणत गरी आफ्नो समुदायको बस्न पाउने हक हनन सम्बन्धी। | ललितपुर जिल्ला ललितपुर म.न.पा.१६ निवासी रुक्शना कपालीले दिनुभएको उजुरी अनुसार नेवाः जाति भित्र पर्ने जुगि उपजातिको लिच्छवी/मल्लकाल देखि सत्तलघरमा बसोबास गर्दै आएकोमा हाल उक्त सत्तलघरलाई सरकारले सार्वजनिक सम्पत्तिमा परिणत गरी आफ्नो समुदायको बस्न पाउने हक हनन भएको। | आयोगमा परेको उजुरी सम्बन्धमा आयोगले कार्यान्वयन नगरेको भनि उच्च अदालतमा मुद्दा परि यस सम्बन्धमा आयोगको कार्यादेश स्पस्ट नभएको लिखित जवाफ उच्च अदालतमा पेश। |

| | | | |
|---|---|---|---|
| २. | हुम्लो जातिलाई आदिवासी जनजातिमा सूचिकृत गर्ने सम्बन्धमा। | हुम्लो जातिलाई आदिवासी जनजातिको सूचीमा समावेश गरिनु पर्ने विषयमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राय माग गरिएको। | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संचालक परिषद्को बैठकको हुम्लो भन्ने जातिलाई आदिवासी जनजातिमा सूचीकरण गर्न गरेको सिफारिस आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २ (ख) र आदिवासी जनजाति आयोग नियमावली, २०७९ को परिच्छेद २ नियम ७ (१) बमोजिम कानुन सम्मत नरहेको राय परामर्श पठाइएको। |
| ३. | थासाङ थकाली सेवा समाज, मुस्ताङले आदिवासी जनजातिमा सूचीकृत हुन निवेदन पेश गरेको सम्बन्धमा। | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०।०९।०५ को पत्रानुसार श्री पथ बहादुर थकाली, अध्यक्ष, थासाङ थकाली सेवा समाज, केन्द्रीय समिति, टुकुचे, मुस्ताङले मिति २०८०।०७।०१ मा आदिवासी जनजातिमा सूचीकृत हुन निवेदन पेश गरेकोमा आवश्यक कार्यार्थको लागि आयोगमा पत्र प्राप्त भएको। | थासाङ थकाली सेवा समाजले मिति २०८१।०५।११ गते आयोगमा पुनः निवेदन पेश गरेको आयोगमा मा.सदस्य रीना रानाको संयोजकत्वमा मा.सदस्य शरण राई समेतको समिति गठन गरी स्थलगत अध्ययन गरि प्रतिवेदन पेश गरेको। |
| ४. | आदिवासी जनजाति सूचीकृत हुन बाँकी रहेको भन्ने जनजाति महासंघको उजुरी। | हाल ४० भन्दा बढी आदिवासी जनजाति सूचीकृत हुन बाँकी रहेको भन्ने जनजाति महासंघको उजुरी राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त भई जानकारी माग गरिएको। | राष्ट्रिय मानव अधिकार आयोगलाई ६० आदिवासी जनजाति भित्रका थरहरु सूचीकरण गरी नेपाल सरकारमा सिफारिस गरिसकिएको र बाँकी आदिवासी जनजाति समुदायको सूचीकरणको अध्ययन बारे आयोगमा छलफल भै रहेको। |
| ६. | लामा संस्कृतिक मञ्च | सिमिकोट हुम्लाको हुम्लो जातिलाई आदिवासी जनजातिमा सूचीकृत गर्ने सम्बन्धमा आयोगमा निवेदन प्राप्त भएको। | यस सम्बन्धमा अध्ययन भै रहेको। |
| ५. | नेपाल निषाद महासंगठन, जनकपुरधाम | मुखिया विन लगायतका जातिले आदिवासी जनजातिमा सूचीकृत हुन पाउँ भनी उजुरी प्राप्त। | यस सम्बन्धमा अध्ययन भै रहेको। |
| ६. | तमू ह्युल छोज धी गुरुङ राष्ट्रिय परिषद | तमू (गुरुङ) जातिको थर विवरणमा सच्चाइ अद्यावधिक गर्ने उजुरी प्राप्त। | यस सम्बन्धमा अध्ययन भै रहेको। |
| ७. | साल्पा सिलोछो गाउँ कार्यपालिकाको कार्यालय | घले जातिलाई छुट्टै जातिमा सूचीकृत गर्ने उजुरी प्राप्त। | यस सम्बन्धमा अध्ययन भै रहेको। |
| ८. | कुशवाडिया उत्थान संघ | कुशवाडिया जाति अन्तर्गत सन्तराज थर सूचीकृत गर्ने उजुरी प्राप्त। | यस सम्बन्धमा अध्ययन भै रहेको। |

### ६.४ अन्तरक्रिया, छलफल तथा अन्य मुख्य मुख्य क्रियाकलाप

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा उल्लेख गरिएका काम, कर्तव्य र अधिकार बमोजिम आदिवासी जनजाति समुदायको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरी आएको छ। यस क्रममा आयोगले अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरी आदिवासी जनजाति सम्बद्ध संघ संस्था तथा लक्षित समुदायसँग अन्तरक्रिया गरी उनीहरुको समस्याबारे जानकारी लिने र आयोगले निभाउनु पर्ने भूमिकाको बारेमा सुझावहरु संकलन गर्ने कार्यहरु सम्पन्न गरेको छ। आ.व.०८१/८२ मा आयोगबाट भएका कार्यक्रमको विवरण देहाय बमोजिम छन:-

- मिति २०८१।०३।१६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार काठमाडौं–तराई/मधेश द्रुत मार्ग

परियोजनासंग सम्बन्धी स्थानीय नेवार समुदायको जग्गा विवाद तथा सांस्कृतिक सम्पदा विनाश सम्बन्धमा स्थलगत अनुगमन र स्थानीय वासिन्दा एवं सरोकारवाला संस्था तथा निकायका प्रतिनिधिहरुबीच छलफल गरी विवाद समाधानको सुझाव सहित मिति २०८२।०३।०४ मा प्रधानमन्त्री समक्ष अध्ययन प्रतिवेदन पेश।

- मिति २०८१।०४।२५ गते ३० औ विश्व आदिवासी दिवस विशिष्ट राजनीतिक नेतृत्व ,सरकारी कर्मचारी र आदिवासी जनजाति समुदायको प्रतिनिधिहरुको सहभागितामा सम्पन्न।

  मिति २०८१।०६।२२ गते सार्वजनिक सेवा (निजामती ,स्वास्थ्य ,शिक्षक, नेपाल प्रहरी, नेपाली सेना ,सशस्त्र प्रहरी बल, सरकारी बैंक ,संस्थान ,प्रतिष्ठान ,समिति) लगायतका निकायमा आदिवासी जनजाति समुदायको पँहुच र प्रतिनिधित्वको अवस्थाको बारेमा अध्ययन गरी २०८२ बैशाखमा प्रतिवेदन प्रकाशन र सार्वजनिकिकरण।
- आयोगद्वारा प्रकाशित 'सूचीकृत आदिवासी जनजाति समुदायका थरहरु' पुस्तक सबै जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय लगायतका सम्बन्धित सरकारी निकायमा पठाइएको।
- मिति २०८१ मंसिर २८ र २९ गते 'आदिवासी जनजातिको परम्परागत प्रथाजनित शासन पद्धति' विषयमा आदिवासी जानजाति ज्ञान सम्मेलन गरी **आदिवासी जनजाति अध्ययन** जर्नल प्रकाशित।
- मिति २०८१।०९।०४ गते आदिवासी जनजाति अपाङ्ग महिला महासंघसँगको सहकार्यमा न्यून प्रतिनिधित्व र अपाङ्गता भएका आदिवासी जनजाति व्यक्तिका सवालहरुको समावेशीकरण र मूलप्रवाहीकरण सम्बन्धी छलफल कार्यक्रम सम्पन्न।
- मिति २०८१।०९।२५ गते आदिवासी जनजाति सूची परिमार्जनका विषयमा आदिवासी जनजाति क्षेत्रका विज्ञसँग छलफल सम्पन्न।
- मिति २०८१।१०।०८ गते आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश।
- मिति २०८१।१०।०९ गते आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रतिवेदनमा समाविष्ट सिफारिस तथा भावी कार्यदिशाका बिषयमा पत्रकार सम्मेलन सम्पन्न।
- मिति २०८१।१०।२१ गते आदिवासी जनजाति आयोग गठन भएको दिन आयोगको चौथो बार्षिक उत्सव सम्पन्न।
- मिति २०८१।१२।०५ गते संवैधानिक आयोगहरु, ललितपुर उप-महानगरपालिका, भक्तपुर र कीर्तिपुर नगरपालिका, संस्कृतिविदहरुको सहभागितामा अमूर्त सांस्कृतिक सम्पदा संरक्षणमा स्थानीय तहको भूमिका तथा सूचीकरण र व्यवस्थापन बिषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।
- मिति २०८१।१२।२९ गते आदिवासी जनजातिको अधिकार सम्बन्धी स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी (FPIC) कार्यविधि मस्यौदा तयार
- मिति २०८२।०१।३१ गते ***राज्यव्यवस्था परिवर्तनको दुई दशक र समावेशी लोकतन्त्रको वर्तमान स्थिति*** सम्बन्धी अन्तरक्रिया कार्यक्रम।

### ६.५ अन्तर्राष्ट्रिय सहभागिता र प्रतिनिधित्व

- जनवादी गणतन्त्र चीनको National Ethnic Affairs Commission का महामहिम मन्त्री Pan Yue को निमन्त्रणामा मिति २०८१ असोज १ देखि ६ गतेसम्म आयोगको प्रतिनिधिमण्डल चीन भ्रमणमा सहभागी।
- मिति २०८१।११।११ गते आदिवासी जनजाति आयोगको निमन्त्रणामा जनवादी गणतन्त्र चीनका National Ethnic Affairs Commission का महामहिम मन्त्री Pan Yue को नेतृत्वको टोलीको नेपाल भ्रमण। सो अवसरमा आदिवासी जनजाति आयोग र चीनको National Ethnic Affairs Commission बीच समझदारी पत्रमा हस्ताक्षर (समझदारी पत्र अनुसूची- ४ मा राखिएको)।
- मिति २०८२।०२।०७ गते संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा २०८२ बैशाख ८ गतेदेखि १९ गते सम्म भएको UN-PFII को २४ औं बैठकमा आयोगका माननीय सदस्य रीना राना मगरको सहभागिता।

- आयोगका माननीय सदस्य डा.मीन बहादुर श्रीस र सचिव नूरहरि खतिवडा जनवादी गणतन्त्र चीनको बेजिङ्गमा मे १३ देखि २६, २०२५ सम्म आयोजित Ethnic Policies and Practices For BRI Partner Countries सेमिनारमा सहभागिता।
- मिति २०८२।०३।१८ गते आयोगमा संयुक्त राष्ट्रसंघको Special Rapporteur On The Rights Of Indigenous Peoples, Albert K. Barume सँग अन्तरक्रिया।

### ६.६ आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु

आदिवासी जनजाति ऐन २०७४ को परिच्छेद ४ को दफा १३ मा भएको प्रावधान अनुसार आ.व.०८१/८२ मा आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु:-

- मिति २०८१।१०।२३: आयोगले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ (क) सँग सम्बन्धित अनुसूचीमा सूचीकृत ६० आदिवासी जनजातिभित्रका थरहरु सूचीकरण गरी नेपाल सरकारलाई सिफारिस गरेकोले नेपाल सरकार गृह मन्त्रालयले जारी गर्ने राष्ट्रिय परिचय पत्र फारममा पनि आदिवासी जनजाति समुदायको रुपमा सूचीकृत ६० जातीय समुदायलाई आदिवासी जनजातिको कानुनी मान्यता हुने व्यवस्था गर्न गृह मन्त्रालयलाई आवश्यक नीतिगत निर्देशनका लागि लेखि पठाउने।
- मिति २०८१।१०।२८: ताप्लेजुङ्गस्थित मुकुम्लुङ/पाथीभरा केवलकार निर्माणको विषयमा कोशी प्रदेशबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सांसदहरु, अन्य आदिवासी जनजाति सांसदहरु, विज्ञ तथा सरोकारवालासंग बृहत छलफल तथा अन्तरक्रिया गर्ने।
- मिति २०८१।१२।२७: आयोगमा प्राप्त प्रतिवेदनको गहन अध्ययन गरी आदिवासी जनजाति समुदायको हालको सूचीमा थपघट र परिमार्जनका लागि सुझाव सहित पेश गर्न आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङको संयोजकत्वमा मा.रीना राना र मा. शरण राई रहने गरी ३ सदस्यीय समिति गठन गर्ने र उक्त समितिले १ महिनाभित्र प्रतिवेदन कार्यान्वयन ढाँचा सहितको सुझाव पेश गर्ने।
- मिति २०८२।०१।११: गृह मन्त्रालयबाट प्रस्ताव गरिएको जग्गा प्राप्ति सम्बन्धी ऐनमा स्वतन्त्र, अग्रिम जानकारी सहितको सहमति (Free, Prior and Informed Consent-FPIC) कार्यान्वयन अनिवार्य गर्ने व्यवस्थाको लागि दफा थप गर्न गृह मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सुझाव दिने।
- मिति २०८२।०२।०६ आयोगमा प्राप्त निवेदनको गहन अध्ययन गरी आदिवासी जनजाति समुदायको सूचीकरणका लागि सुझाव सहित पेश गर्न आयोगका मा.सदस्य रीना रानाको संयोजकत्वमा मा. सदस्य शरण राई सदस्य रहने गरी दुई सदस्यीय समिति गठन गरी अध्ययन कार्य गर्ने।
- मिति २०८२।०२।२८ आयोगमा प्राप्त काठमाडौ-तराई मधेस द्रुतमार्ग सम्बन्धी सुझाव सहितको अध्ययन प्रतिवेदन आवश्यक कार्यार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

### ६.७ आयोगका प्रकाशनहरु

- आदिवासी जनजाति अध्ययन विज्ञ समीक्षित शोधपत्रिका, वर्ष ३, पूर्णाङ्क ३, २०८१,
- सूचीकृत आदिवासी समुदायको थर, २०८१,
- आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१,
- आदिवासी जनजातिको अधिकार र दिगो विकास राष्ट्रिय कार्ययोजना, २०८२,
- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन प्रतिवेदन, २०८२,
- नेपालको सार्वजनिक निकायहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व अध्ययन प्रतिवदेन, २०८२,
- आयोगको परिचय पुस्तिका (अंग्रेजी र नेपाली भाषामा)।

# आयोगले गरेका सिफारिस र कार्यान्वयनको अवस्था

## ७.१ पृष्ठभूमि

आयोगले हालसम्म ५ वटा वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ । आयोगमा पदाधिकारी नियुक्तिपश्चात सम्मानीय राष्ट्रपतिसमक्ष ४ वटा प्रतिवेदनहरु पेश भएका छन् । प्रतिवेदनहरुमा आ.व. ०७७।७८ मा २२, आ.व. ०७८।७९ मा २८, आ.व. ०७९।८०मा २१ र आ.व. ०८०।८१ मा ६ गरी जम्मा ७७ वटा सिफारिस भएका छन् । गरिएका सिफारिस केहि पूर्ण, केही आंशिक र केही कार्यान्वयनको प्रक्रियामा रहे पनि धेरै सिफारिसहरु कार्यान्वयन भएका छैनन् । समग्रमा आयोगले गरेका ९० प्रतिशत सिफारिसहरु कार्यान्वयन भएका छैनन् । आयोगले गरेका सिफारिसहरु कार्यान्वयनप्रति सरकार गम्भीर हुन सकेको छैन । आयोगका सिफारिसको प्रभावकारी कार्यान्वयनबाट मात्र आदिवासी जनजाति समुदायको हक, हित र अधिकारको संरक्षण र संवर्धन भए मात्र समुन्नत र समावेशी समाज निर्माण हुने भएकोले आयोगका सिफारिस कार्यान्वयनप्रति सरकार जिम्मेवार हुन आवश्यक छ । आयोगले विगतका वार्षिक प्रतिवेदन मार्फत गरेका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था निम्नानुसार छ:

## ७.२ आयोगका विगतका सिफारिस र कार्यान्वयनको अवस्था

### ७.२. १ आ.व. ०७७।७८ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिस | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | समावेशी चरित्रको राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित नगरिएकोले संविधान तथा सम्बन्धित कानुनको संशोधन गरी प्रतिनिधित्व सुनिश्चित गराउने । | संघीय संसद र निर्वाचन आयोग | हालसम्म कार्यान्वयन नभएको । |
| २. | व्यवस्थापिकामा सांसदको निर्वाचन तथा छनौट (कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र राजदूतहरुको सिफारिस) मा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन संविधानको संशोधन र कानुनको निर्माण गर्ने । | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको । |
| ३ | प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक उम्मेदवारको बन्द सूचीमा आदिवासी जनजाति प्रतिनिधि अनिवार्यताको साथै उम्मेदवारहरुको प्राथमिकताक्रम निर्धारणमा नै आदिवासी जनजाति जनसंख्या अनुपातको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्राथमिकताक्रम निर्धारण गर्ने कानुनी प्रबन्ध मिलाउने । | संसद्, कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग | आंशिक कार्यान्वयन भएको । |
| ४. | संविधानको धारा २२२ र २२३ अनुसार गठन हुने गाउँसभा र नगरसभामा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न हरेक वडामा महिला सहित २ सदस्य आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न र जिल्ला समन्वय समितिमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गरी कानुन निर्माण गर्नुपर्ने । | संसद्, कानुन, न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग | हालसम्म कार्यान्वयन नभएको । |
| ५ | संविधानको धारा ३२ अनुसार मातृभाषामा शिक्षा, सरकारी कामकाजको माध्यम भाषा र सूचना प्राप्त गर्ने आदिवासी जनजातिको अधिकार कार्यान्वयन गरी आदिवासी जनजातिलाई मातृभाषाको हक दिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | निरन्तर कार्यान्वयन भइरहेको । |
| ६ | संविधानको धारा ५६(६) ले व्यवस्था गरेको संघीय कानुन बमोजिम आदिवासी जनजातिको सामाजिक सांस्कृतिक संरक्षण, विशेष, संरक्षित, स्वायत्त क्षेत्र हालसम्म व्यवस्था नभएकोले यथाशिघ्र कानुन निर्माण गरी कार्यान्वयन गराउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको । |

| | | | |
|---|---|---|---|
| ७. | आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा व्यवस्था भएको आयोगको काम, कर्तव्य र अधिकार संवैधानिक आयोगको जस्तो नभई सरकारी निकायको जस्तो भएकोले अधिकार सम्पन्न गराउन आदिवासी जनजातिको अधिकार संरक्षणको लागि उजुरी लिने, अनुसन्धान गर्ने र सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने आयोगलाई अधिकार हुने गरी हालको कानुनमा भएको व्यवस्था संशोधन गर्ने। | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको। |
| ८. | आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा १८ अनुसार आयोगको संगठनात्मक संरचना आयोगले तयार तथा संशोधन गरे अनुसार हुने गरी आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी सरकारले पठाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संशोधन गर्ने। | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आयोग | O &M तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको र हाल सम्म कार्यान्वयन नभएको। |
| ९. | अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, जैविक विविधता सम्बन्धी महासन्धि लगायतले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानुन र कार्ययोजना निर्माण गर्ने। | नेपाल सरकार | आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना, २०७९ तर्जुमा भई कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गरेको। |
| १० | उदयपुर, धनकुटा, खोटाङ, सुनसरी र भोजपुरको सिमानामा अवस्थित किराँती समुदायको धार्मिक तथा सांस्कृतिक प्रतीक खुवालुङ लगायतका आदिवासी जनजातिका सांस्कृतिक सम्पदालाई अवरोध होइन विकासको रुपमा लिई सांस्कृतिक, धार्मिक तथा पर्यटकीय विकास गर्न कानुनको निर्माण गर्ने। | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय | कोशी प्रदेशको नीति तथा कार्यक्रममा समावेश। |
| ११ | पुस्तौं पुस्तादेखि अर्काको भनिएको ऐलानी जग्गामा वस्दै आएका र जग्गा धनीबाट विभिन्न प्रकारको यातना खेपिरहेका रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं २ मा अवस्थित दनुवारहरु जस्ता देशभरका भूमिहीन आदिवासी जनजाति समुदायलाई आवासको लागि भूमिको व्यवस्था गर्ने। | भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय, भूमि आयोग | सुकुम्बासी आयोग मार्फत कार्यान्वयनको चरणमा रहेको। |
| १२ | उदयपुर जिल्लाको बेलका नगरपालिकाको कोशी टप्पुका आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग गर्दै आएको जग्गा सरकारले उनीहरुको मञ्जुरी विना व्यापारिक संस्थालाई लामो समयको लागि भाडामा दिने निर्णयले आदिवासी जनजातिको "स्वतन्त्र, पूर्व सुसूचित र सहमतिको अधिकार "हनन् भएकोले सम्झौता रद्ध गरी समुदायको सहमति अनुसार गर्ने। | नेपाल सरकार | आदिवासी जनजाति आयोगको सिफारिस अनुसार भाडामा दिने निर्णय वदर भएको। |
| १३ | आदिवासी जनजातिको परम्परागत संस्था (गुठी, बड्घर, भेजा आदि) लाई मान्यता नदिँदा परम्परागत संस्थाको लोप भई आदिवासी जनजातिको पहिचान संकटमा परेकोले यी संस्थाको संरक्षण र प्रवर्धन गर्न कानुन बनाउने। | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय | स्थानीय पालिका मार्फत आंशिक कार्यान्वयन भएको। |
| १४ | घरेलु मदिरा जस्ता आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपबाट गरिएको उत्पादनलाई व्यवसायिक बनाई बजारीकरण गर्न सम्बन्धित कानुनको संसोधन र आवश्यक कानुनको तर्जुमा गर्ने। | संघीय संसद् र कानुन न्याय तथा, संसदीय मामिला मन्त्रालय | स्थानीय पालिकाहरुले प्रवर्द्धन गर्न कानुन निर्माणको प्रयास गरिरहेको। |

| | | | |
|---|---|---|---|
| १५ | विकास र उद्योगको नाममा आदिवासी जनजातिको ऐतिहासिक भूमिलाई स्वतन्त्र पूर्वसूचित सहमति बिना राज्यले लोकमार्ग, हाइड्रोपावर र सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण गरी आदिवासी जनजातिलाई विस्थापित गरेकोले यस्तो कार्यलाई तुरुन्तै रोकी उनीहरुको अधिकार सुनिश्चित गर्न आवश्यक कानुन निर्माण गर्ने। | | हालसम्म कार्यान्वयन नभएको। |
| १६ | राउटे, कुसुण्डा लगायत लोपोन्मुख आदिवासी जनजातिलाई निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको व्यवस्था सुनिश्चित गरी उनीहरुलाई संरक्षण गर्ने। | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको। |
| १७ | आदिवासी जनजाति आयोगको पदाधिकारीको नियुक्ति, कार्यबाही र आवश्यक कार्य संवैधानिक परिषद्बाट हुने र परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने संवैधानिक व्यवस्था भएकोले आयोगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुने व्यवस्था गर्ने। | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको। |
| १८ | आदिवासी जनजाति सम्बन्धी अध्ययनको लागि विद्यालयदेखि विश्वविद्यालयसम्म पाठ्क्रम तयार गरी लागू गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विभिन्न विश्वविद्यालय | शैक्षिकसत्र २०७९ देखि काठमाडौ विश्वविद्यालयमा स्नाकोत्तर तहमा "Indigenous-led research and education in Nepal" अध्ययन शुरु भएको। |
| १९ | विगतमा सबै तहका सरकारले कूल वजेटको ३५ प्रतिशत बजेट लक्षित समुदायलाई छुट्याउने व्यवस्था हाल कार्यान्वयनमा नभएको र उक्त वजेट लक्षित समुदायको उत्थानका लागि आवश्यक हुने भएकोले त्यसलाई निरन्तरता दिने। | अर्थ मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको। |
| २० | चाड पर्वको विदा सबै समुदायलाई समान बनाउन आफ्नो आफ्नो पर्वमा मात्रै विदा दिने। | गृह मन्त्रालय | कार्यान्वयन नभएको। |
| २१ | आदिवासी जनजाति पहिचानको प्रमाणीकरण आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मात्रै गर्न पाउने गरी आवश्यक व्यवस्था गर्ने। | | हालसम्म कार्यान्वयन नभएको। |
| २२ | आदिवासी जनजाति पहिचान र संरक्षणको लागि केन्द्र, प्रदेश र स्थानीय तहमा संग्रहालयको व्यवस्था गर्ने। | केन्द्र, प्रदेश र स्थानीय तह | केही स्थानमा जातिगत संग्रहालयको स्थापना भएको। |

### ७.२.२ आ.व. ०७८।७९ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिस | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | सिन्धुली र रामेछाप जिल्लामा सञ्चालित सुनकोशी-मरिण डाइभर्सन बहुउद्धेश्यीय परियोजना र सुनकोशी-२ जल विद्युत परियोजना प्रभावित रामेछाप जिल्लाका माझी लगायतका स्थानीय समुदायको गुनासो सम्बन्धमा स्थलगत अध्ययन गर्दा उनीहरुको सामाजिक, सांस्कृतिक र धार्मिक स्थलको संरक्षण र उचित मुआब्जा लगायतका मागहरु सम्बोधन भएको नपाइएकोले सरकारले सरोकारवालाहरुसँग छलफल गरी जायज मागहरु पूरा गर्नु पर्ने र यस प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा परियोजना प्रभावित स्थानीय समुदायको स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मन्जुरी" लिने व्यवस्था गर्ने। | गृह मन्त्रालय,<br>उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,<br>भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय,<br>विद्युत प्राधिकरण | केही मुआब्जा दिइएको, आंशिक रुपमा कार्यान्वयन भएको। |

| | | | |
|---|---|---|---|
| २ | चितवन राष्ट्रिय निकुञ्जको कुसुमखोला क्षेत्रका चेपाङ बस्ती लगायत आदिवासी जनजातिको घर, टहरा जलाएकोमा आयोगबाट अनुगमन गरी प्रतिवेदन तयार गरी विस्थापित परिवारलाई तत्कालीन एवं दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएकोमा सिफारिस कार्यान्वयन गर्नु पर्ने र यस्ता निकुञ्जभित्र परेका बस्तीमा बसोबास गर्ने जनताको सर्वपक्षीय समस्याहरुको दीर्घकालीन समाधान गर्न आवश्यक व्यवस्था गर्ने। | गृह मन्त्रालय,<br>वन तथा वातावरण मन्त्रालय,<br>राष्ट्रिय निकुञ्ज | आंशिक कार्यान्वयन भएको। |
| ३ | आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण एवं सम्वर्द्धनका लागि संघीय स्तरको १ र प्रादेशिक स्तरका ७ वटा खुल्ला जीवन्त सङ्ग्रहालय (Open Air Living Museum) स्थापना तथा सञ्चालन गर्ने र सम्भाव्य जिल्ला एवं पालिकामा परम्परागत मौलिक गाउँलाई नमूना सांस्कृतिक सम्पदा गाउँ (Model Cultural Heritage Village) को रुपमा संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित निकायले तत्काल कार्यक्रम प्रारम्भ गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश र स्थानीय सरकार | नमूना कार्यविधि तयार गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाइएको र केही प्रदेश र पालिकामा अध्ययन भइरहेको। |
| ४ | नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि (२००३) कार्यान्वयन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत आदिवासी जनजाति समुदायका अमूर्त (अभौतिक) सांस्कृतिक सम्पदाहरु युनेस्कोमा सूचीकरण गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मन्त्रालयबाट मूर्त तथा अमूर्त संस्कृतिको पहिचान र संकलन गरी अभिलेखिकरण गर्ने कार्य भइरहेको। |
| ५ | आदिवासी जनजातिको परम्परागत संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति र कानुन निर्माण गरी कार्यान्वयन गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मन्त्रालयबाट संस्कृति ऐन निर्माणको कार्य भइरहेको। |
| ६ | सम्माननीय राष्ट्रपति मार्फत सरकारलाई दिइएको आयोगको प्रतिवेदन उपर ढिलो गरी छलफल तथा निर्देशन हुँदा सिफारिस कार्यान्वयनमा ढिलाइ भएर यसको औचित्य समेत समाप्त हुने देखिएकोले सिफारिसलाई समयमै कार्यान्वयनमा लैजान आयोगको प्रतिवेदन प्रतिनिधि सभामा प्राप्त भएको ३ महिनाभित्र महिला तथा सामाजिक समितिबाट छलफल गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिई सक्नुपर्ने र सम्बन्धित निकायले निर्देशन प्राप्त भएको बढीमा ६ महिनाभित्र सिफारिस कार्यान्वयनको प्रारम्भिक कारवाही शुरु गरिसक्नु पर्ने। | प्रतिनिधि सभा | हाल सम्म कार्यान्वयन नभएको। |
| ७ | संघ, प्रदेश र स्थानीय तहबाट आदिवासी जनजाति लक्षित कार्यक्रम सम्पादन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा आदिवासी जनजाति समन्वय शाखा रहने गरी संगठन संरचना पुनर्गठन गरी आवश्यक निर्देशिका बनाउनु पर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको। |
| ८ | आयोगको संगठन संरचना O & M स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। आयोगको सिफारिस बमोजिम संविधान र कानुनले निर्दिष्ट गरेको कार्य सम्पादन गर्न आयोगलाई कार्यमुखी बनाउनु पर्ने भएकाले प्रदेशस्तरीय कार्यालय समेत खोल्ने गरी नयाँ संगठन संरचना स्वीकृत गरी कार्यान्वयन गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय | हाल सम्म कार्यान्वयन नभएको। |

| | | | |
|---|---|---|---|
| ९ | समावेशीकरण एवं आरक्षणको अवसर पहुँचवाला, निश्चित वर्ग, लिङ्ग, जातजाति र समुदाय विशेषले मात्र उपभोग गरिरहेको वर्तमान अवस्थामा यसलाई प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र निकायमा सूचीकृत सबै आदिवासी जनजाति समुदाय एवं त्यसभित्रका सबै समूह (लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत, सुविधा वन्चित र उन्नत समूह) का सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी समावेशीकरण एवं आरक्षण सम्बन्धी वर्तमान नीतिको पुनरावलोकन हुनुपर्ने। एकै व्यक्तिले पटक-पटक आरक्षणको सुविधा उपभोग गर्ने अवस्थाको अन्त्य गरी एक पटक तथा महिलाले जन्म र विवाह दुवै आधारमा दोहोरो सुविधा पाउने अवस्थाको अन्त्य गर्ने। | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय राज्य व्यवस्था समिति, संसद, | संघीय निजामती सेवा विधेयकमा आंशिक रुपमा सम्बोधन गर्ने प्रयास भएको |
| १० | नेपाल सरकारले आदिवासी जनजातिको सरोकार रहने नीति तर्जुमा गर्दा आदिवासी जनजाति आयोगको संलग्नता अनिवार्य गराउने व्यवस्था गर्ने। | नेपाल सरकार | क्रमश: कार्यान्वयन भइरहेको। |
| ११ | आदिवासी जनजाति आयोगले तयार गरेको "**आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९**" नेपाल सरकारले स्वीकृत गरी तत्काल कार्यान्वयन गरिनु पर्ने। | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, र अर्थ मन्त्रालय | नेपाल सरकारलाई सिफारिस गरेको तर हाल सम्म कार्यान्वयन नभएको। |
| १२ | आदिवासी जनजातिको स्वायत्तता र स्वशासनको अधिकार सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आवश्यक संशोधन गरी विशेष, संरक्षित र स्वायत्त क्षेत्र निर्धारण गरी उनीहरुको पुर्ख्यौली थातथलोमा गरिने विकास कार्यक्रम कार्यान्वयन गर्दा स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मञ्जुरी" लिने व्यवस्था कार्यान्वयन गर्ने। | नेपाल सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हालसम्म कार्यान्वयन नभएको। |
| १३ | आदिवासी जनजाति लक्षित आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक एवं धार्मिक क्रियाकलाप तथा विकास आयोजना सम्बन्धी कार्यहरुमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | नेपाल सरकार | आंशिक रुपमा कार्यान्वयन भएको। |
| १४ | समन्यायिक प्रणाली र न्यायको अधिकार सुनिश्चित गर्न प्रथाजनित कानुन, संस्था तथा न्याय प्रणालीको अध्ययन गरी प्रचलित कानुनमा समायोजन गर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसद | हालसम्म कार्यान्वयन नभएको। |
| १५ | आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न सरकारका सबै तहका निर्णय प्रक्रियामा सम्बन्धित आदिवासी जनजातिको परम्परागत संस्थाको प्रतिनिधित्व गराउन मौजुदा कानुनको संशोधन गर्ने र परम्परागत संस्थाको सुदृढीकरण गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसद | हालसम्म कार्यान्वयन नभएको। |
| १६ | आदिवासी जनजातिको अस्तित्व, पहिचान र सर्वाङ्गिण विकासको लागि उनीहरुले परम्परागत रुपले भोगी चर्ची आएको भूमि माथिको स्वामित्व प्रत्याभूत गर्न भूमिको पहिचान, भूमिसम्बन्धी कानुनको पुनरावलोकन, वर्तमान भूमिसम्बन्धी कानुनहरुमा संशोधन (भूमिसम्बन्धी ऐन, २०२१, भू-उपयोग ऐन, २०७६, भू तथा जलाधार संरक्षण ऐन, २०३९), स्वामित्व छुटेका भूमिहरुको नापी नक्सा र स्वामित्व प्रदान गर्ने।भूमि एवं प्रकृतिसँगको धार्मिक र सांस्कृतिक सम्बन्धलाई प्रबर्धन गर्न उनीहरुको सहकार्य र सहभागितामा सम्वन्धित क्षेत्रको प्राकृतिक स्रोतको व्यवस्थापन, संरक्षण, दिगो विकास र लाभांशको समन्यायिक वितरण हुने व्यवस्था गर्ने। | भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हालसम्म कार्यान्वयन नभएको। |

| | | | |
|---|---|---|---|
| १७ | आदिवासी जनजातिका परम्परागत ज्ञान, सीपमा आधारित आर्थिक क्रियाकलापलाई कानुनी तथा नीतिगत रुपमा संरक्षण गर्दै उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आयमूलक कार्यक्रम संचालन गरी परम्परागत पेशा–व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्न संस्थागत व्यवस्था गर्ने। परम्परागत पेशा व्यवसाय र उद्यमशीलताको संरक्षण एवं प्रवर्द्धन तथा परम्परागत व्यवसायिक समूह गठन र सञ्चालनको व्यवस्था गर्ने । | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्थानीय पालिका, | पालिका स्तरमा कार्य भइरहेको । |
| १८ | आदिवासी जनजातिको पेशा र रोजगारीलाई सुनिश्चित र मर्यादित बनाउन कानुनी र नीतिगत सुधार गर्नुका साथै आवश्यक संयन्त्र निर्माण तथा आदिवासी जनजाति समुदाय लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्ने । | श्रम तथा रोजगार मन्त्रालय | आंशिक रुपमा कार्यान्वयन भएको । |
| १९ | आदिवासी जनजातिलाई मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा प्रदान गर्न संस्कृतिमैत्री पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी आधारभूत तहमा मातृभाषा शिक्षक दरबन्दीको व्यवस्था गर्ने र उच्च तथा प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति, कोटा वृद्धि, प्रोत्साहन भत्ता, छात्रबास सुविधा, शैक्षिक ऋण आदि कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय पालिकामा आं शि क रु प मा कार्यान्वयन भइरहेको । |
| २० | आदिवासी जनजाति समुदायको भाषा, संस्कृति र परम्परागत ज्ञान-सीपको संरक्षण एवं प्रवर्धनको लागि 'आदिवासी जनजाति विश्वविद्यालय' (Indigenous Nationalities University) स्थापनाको तयारी स्वरुप तत्काल त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'आदिवासी जनजाति अध्ययन संस्थान' ( Institute of Indigenous Peoples Studies) संचालनमा ल्याउनु पर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय | हालसम्म कार्यान्वयन नभएको । |
| २१ | आदिवासी जनजातिलाई आधारभूत स्वास्थ्य सेवा प्रत्याभूत गर्न नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम र परम्परागत उपचार विधिको प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य मन्त्रालय | हालसम्म कार्यान्वयन नभएका । |
| २२ | विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न विशिष्ट आवश्यकता पहिचान गरी प्रगतिशील सामाजिक सुरक्षाको व्यवस्था विस्तार गर्ने। | श्रम तथा रोजगार मन्त्रालय र अर्थ मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको । |
| २३ | सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति समुदायलाई सीमा आवागमनमा परेको समस्याको विषयमा अध्ययन गरी सहजरुपमा आवत जावतको लागि कुटनीतिक पहल गर्ने। | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको। |
| 24 | आदिवासी जनजाति महिलाको पहिचानलाई सम्मान गर्दै सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गर्ने तथा आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको वातावरण सुनिश्चित गर्ने र अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान र सम्मानलाई प्रत्याभूत गर्दै आवश्यकता अनुसार सामाजिक संरक्षण गर्न नीति तथा कानुन तर्जुमा र संशोधन गरी विशेष कार्यक्रम सञ्चालन गर्ने। सार्वजनिक तथा निजी सेवाप्रवाहलाई अपाङ्ग मैत्री बनाउने। | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको । |

| | | | |
|---|---|---|---|
| २५ | राष्ट्रिय विकासमा आदिवासी जनजातिको योगदान जुटाउन उनीहरुको उत्पादन, ज्ञान, सीप आदिको संरक्षण तथा प्रवर्द्धन गरी सशक्तीकरण गर्न आ.व. २०७९/०८० को वजेट, नीति र कार्यक्रमको व्यवस्थाको लागि संघीय अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेश र सबै पालिकामा सिफारिस गरिएका कार्यक्रम र क्रियाकलापहरु शीघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। (अनुसूची-११) | नेपाल सरकार | स्थानीय पालिकावाट केही मात्रामा पहल भएको। |
| २६ | आदिवासी जनजातिका परम्परागत ज्ञान सीप समेतमा आधारित रोजगारमूलक उत्पादन कार्य गर्ने गरी संघ, प्रदेश र स्थानीय तहमा विकास खर्चमा विनियोजित रकमको आदिवासी जनजातिको जनसंख्याको प्रतिशतको अनुपातमा कम्तीमा एक तिहाई रकम उत्पादनमा आधारित (Output Based) अनुदान दिने र एक तिहाई रकम उत्पादनशील रोजगारी प्रदान गर्ने कार्यमा अनिवार्य रुपमा विनियोजन गर्ने व्यवस्था मिलाउने। | संघ प्रदेश र स्थानीय सरकार | केही स्थानीय पालिकाले शुरुवात गरेको। |
| २७ | आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान, सीप र कच्चा पदार्थमा आधारित स्थानीय तथा घरेलु वस्तुको व्यावसायिक उत्पादन र प्रवर्द्धन गर्न स्थानीय सामूदायिक सहकारी मार्फत सामुहिक ट्रेडमार्क र व्रान्डिङ्गको व्यवस्था गर्ने। स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न संघ, प्रदेश र स्थानीय सरकार मार्फत आवश्यक कार्यक्रम र पर्याप्त बजेट व्यवस्था गर्दै उत्पादित वस्तुहरुलाई आवद्ध केन्द्रीय सहकारी संस्था मार्फत बजारीकरण गरी विक्री गर्ने व्यवस्था मिलाउने। | उद्योग विभाग, सहकारी विभाग र स्थानीय पालिका | केही स्थानीय पालिकाले उत्पादन र प्रवर्द्धनको कार्य शुरुवात गरेको तर सामुहिक ट्रेडमार्कको कार्य हालसम्म नभएको। |
| २८ | स्थानीय तहको अधिकांश बजेट, आधुनिक यन्त्र र औजारको प्रयोग गरी सार्वजनिक निर्माणमा खर्च हुँदा स्थानीय आदिवासी जनजाति लगायतका विपन्न जनताको जीविकोपार्जनका लागि खर्च हुनुपर्ने रकम सदुपयोग हुन नसकी उनीहरुको रोजगारीको अवसर गुमेको, व्यापक मात्रामा वातावरण विनास भएको, खेत बारीको उर्वर माटो पुरिएर उत्पादनमा ह्रास भई उनीहरु वसाँइ सर्न वा विदेशिन बाध्य हुनु परेकोले विकासको ढाँचा परिवर्तन गरी स्थानीय स्तरमा अनावश्यक यान्त्रिक प्रविधिको प्रयोगमा सङ्कुचन गरी परम्परागत श्रममूलक विधिबाट स्थानीय साधन श्रोतको उपयोग गरी सार्वजनिक निर्माण कार्य सम्पन्न हुने व्यवस्था मिलाई विकासमा स्थानीय साधन श्रोतको परिचालन गर्न स्थानीय तहले आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन गर्ने। | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको। |

### ७.२.३ आ.व. ७९।८० को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिस | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | राष्ट्रिय जनगणना २०७८ को त्रुटिपूर्ण तथ्याङ्क सच्याउने। | राष्ट्रिय तथ्याङ्क कार्यालय | हालसम्म कार्यान्वयन नभएको । |
| २ | आदिवासी जनजाति विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने। | शिक्षा मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको । |
| ३ | आदिवासी जनजाति महिलाको समानुपातिक राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद | आंशिक कार्यान्वयन भएको। |

| | | | |
|---|---|---|---|
| ४ | आदिवासी जनजाति मन्त्रालय गठन गर्ने । | नेपाल सरकार. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको । |
| ५ | आदिवासी जनजातिको भाषालाई सरकारी कामकाजको भाषा बनाउने र प्रदेश लोकसेवा आयोगमा लागु गर्ने । | प्रदेश संसद, प्रदेश मन्त्रिपरिषद् र प्रदेश लोकसेवा आयोग | आंशिक कार्यान्वयन भएको । |
| ६ | आदिवासी जनजाति पहिचानसँग जोडिएका परम्परागत स्थान नामलाई पुनःस्थापना गर्ने । | स्थानीय सरकार | हालसम्म कार्यान्वयन नभएको । |
| ७ | विश्व आदिवासी जनजाति भाषा दशक (सन् २०२२-२०३२) कार्यक्रम कार्यान्वयन गर्ने । | संस्कृति पर्यटन तथा नागरिक उड्यनयन मन्त्रालय | कार्यान्वयन भैरहेको । |
| ८ | आदिवासी जनजाति समुदायको प्राकृतिक स्रोत (जल,जमिन र जंगल) माथिको अधिकार स्थापित गर्ने । | नेपाल सरकार, संघीय संसद | कार्यान्वयन भईरहेको । |
| ९ | धर्म निरपेक्षताको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न कानुन संशोधन गर्ने । | नेपाल सरकार, सघीय संसद | कार्यान्वयन भईरहेको । |
| १० | समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने । | नेपाल सरकार, सघीय ससद | कार्यान्वयन भईरहेको |
| ११ | अपाङ्गता भएका आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्ने । | तीनै तहका सरकार | सशक्तीकरणका कार्यक्रमहरु भइरहेका । |
| १२ | आदिवासी जनजातिको पहिचानको हक सुनिश्चित गर्ने । | नेपाल सरकार | कार्यान्वयन भइरहेको । |
| १३ | आदिवासी जनजातिको स्व-पहिचानको अधिकार कार्यान्वयन गराउने । | नेपाल सरकार, सम्वन्धित समुदाय | कार्यान्विनय भइरहेको |
| १४ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई सुदृढिकरण गर्ने । | नेपाल सरकार | कार्यान्विनय भइरहेको । |
| १५ | आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना २०७९ कार्यान्वयन गर्ने । | नेपाल सरकार | लागू नभएको । |
| १६ | प्रदेश स्तरमा आदिवासी जनजाति प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने । | प्रदेश सरकार | केही प्रदेशमा लागू भएको । |
| १७ | आदिवासी जनजाति विषयलाई प्रचारप्रसार गर्ने सञ्चार माध्यमलाई संरक्षण र सम्वर्द्धन गर्ने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | लागू भएको । |
| १८ | लोपोन्मुख राउटे समुदायका संरक्षित क्षेत्र कायम गर्ने | नेपाल सरकार | कार्यान्वयन नभएको |
| १९ | विद्यालय शिक्षाको कक्षा ११ को पाठ्यक्रममा 'नेपाली समाज र संस्कृति' विषय समावेश गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | आंशिक रुपमा कार्यान्वयन भएको । |
| २० | आदिवासी जनजाति पहिचानको लागि स्वघोषणा कार्यान्वयन गर्ने । | आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | कार्यान्वयन भएको । |
| २१ | आदिवासी जनजातिका हक, अधिकार र संविधानसँग तादम्यता नभएका कानुनहरु संशोधन, खारेज र आवश्यकता अनुसार नयाँ कानुन निर्माण गर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय संसद र नेपाल सरकार | निरन्तर भैरहेको । |

### ७.२.४ आ.व. ०८०।८१ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिस | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | राज्यको नीति निर्माण र कार्यान्वयन गर्ने निकायमा अहिलेसम्म सहभागी हुन नसकेका अल्पसङ्ख्यक र लोपोन्मुख आदिवासी जनजाति समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने । | प्रदेश सरकार | कार्यान्वयन नभएको । |
| २. | गरिबीको रेखामुनी रहेका आदिवासी जनजाति समुदायको पहिचान गरी तीनै तहका सरकारले विशेष गरिबी उन्मूलन कार्यक्रमहरु तयार गरी गरिबी निवारण गर्ने। | संघ, प्रदेश र स्थानीय सरकार | आंशिक रुपमा कार्यान्वयन भएको । |
| ३. | लोपोन्मुख तथा सीमान्तकृत आदिवासी जनजाति समुदायलाई शिक्षा र स्वास्थ्य सेवा निःशुल्क गर्ने। | प्रदेश सरकार | आंशिक रुपमा कार्यान्वयन भएको । |
| ४. | आदिवासी जनजातिको सांस्कृतिक सम्पदाको संरक्षण, अभ्यास र निरन्तरताका लागि उपयुक्त संरचना तयार गरी कार्यान्वयन गर्ने । | प्रदेश सरकार | आंशिक रुपमा कार्यान्वयन भएको । |
| ५. | हरेक स्थानीय तहले आफ्नो विकास बजेटबाट आदिवासी जनजातिको जनसंख्याको एक तिहाइ बजेट आदिवासी जनजाति लक्षित कार्यक्रमको लागि विनियोजन गर्ने । | स्थानीय सरकार | कार्यान्वयन नभएको । |
| ६. | संविधान, कानुन तथा अन्तर्राष्ट्रिय अनुबन्ध घोषणा, सम्झौता लगायतका अन्तर्राष्ट्रिय कानुनप्रदत्त आदिवासी जनजाति अधिकारका कार्यान्वयनको लागि आदिवासी जनजाति समुदाय र प्रदेश तथा पालिका कर्मचारी र जन प्रतिनिधिलाई प्रशिक्षण दिने कार्ययोजना तयार गरी लागू गर्ने । | संघ, प्रदेश र स्थानीय सरकार | आंशिक रुपमा कार्यान्वयन भएको । |

# आयोगका समस्या तथा चुनौती र सिफारिस

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी तथा सहभागितामूलक शासन प्रणालीको परिकल्पना गरेको छ। नीति निर्माण र कार्यान्वयनको निकायमा आदिवासी जनजातिको सहभागिताको अवस्था विगतको तुलनामा केही सुधारोन्मुख देखिए तापनि राज्यको कार्यकारी तहमा उनीहरुको प्रतिनिधित्व अत्यन्त न्यून रहेको तथ्य आयोगको अध्ययनले पुष्टी गरेको छ। यस्तो अवस्थामा सारभूत समावेशीकरण र सहभागिता केवल नारामा मात्र सीमित हुन गई आर्थिक, राजनीति, तथा सामाजिकरुपमा वञ्चितीकरणमा परेका आदिवासी जनजातिको अवस्थामा केही सुधार भए पनि अपेक्षित प्रगति हासिल हुन सकेको छैन।

आदिवासी जनजातिको हक, अधिकारको संरक्षण, सम्वर्धन र सशक्तीकरणको अभिभारा बोकेको अभिभावक संस्था आदिवासी जनजाति आयोग विभिन्न नीतिगत, कानुनी र संस्थागत जटिलताका कारण पूर्णरुपमा चलायमान हुन नसकेको अवस्था छ। आयोगले कार्यसम्पादनको क्रममा सामना गरेका समस्या, चुनौती र समस्या समाधानार्थ चाल्नुपर्ने कदमहरु सहितको सिफारिस तल प्रस्तुत गरिएको छ।

## ८.२ आयोगका समस्या तथा चुनौती

- आयोगलाई प्राप्त सीमित कानुनी अधिकारबाट आयोगको स्वायत्ततामा असर गरेकोले आदिवासी जनजातिको हक अधिकारको संरक्षणलाई पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन। आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(ड) मा आदिवासी जनजाति समुदायको हक अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी लिई सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था छ। आयोगलाई उजुरी संकलन गर्ने र संकलित उजुरीलाई सिफारिस गर्ने समान्य अधिकार मात्र भएकोले सिफारिस कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार बनाउन चुनौतीपूर्ण रहेको छ।
- आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई सरकारले पूर्णरूपमा कानुनी रुपमा आन्तरिकीकरण गर्न सकेको छैन। अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९ (ILO-169) आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधता सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरेकोले आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आदिवासी जनजाति आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०७८-०८३) र आयोगले तर्जुमा गरेको आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९ कार्यान्वयन गर्न सरकार गम्भीर नभएकोले आदिवासी जनजातिको अधिकार संरक्षणमा समस्या रहेको छ।
- संविधानले परिकल्पना गरेको समानुपातिक सहभागिता सुनिश्चित गर्न समावेशीकरण सम्बन्धी एकीकृत नीति वन्न सकेको छैन, जसले गर्दा समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सशक्तीकरणसम्बन्धी नीति स्पष्ट र प्रभावकारी बन्न सकेको छैन।
- आदिवासी जनजातिका भाषा, लिपि ,शिक्षा, धर्म, संस्कृति, प्रथा र परम्परा सम्बन्धी एकीकृत राष्ट्रिय नीति निर्माण गरी कार्यान्वयन गर्नु गराउनु अर्को चुनौती रहेको छ।
- आदिवासी जनजाति समुदायको समाज वैज्ञानिक अध्ययन गरी सूचीकरण अद्यावधिक हुन सकेको छैन। आदिवासी जनजाति समुदायको परिचय, पहिचान र परिभाषाको सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा भएको व्यवस्थालाई वर्तमान सन्दर्भमा परिमार्जन गरी आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार पुन परिभाषित गरी मौजुदा सूचीमा परिमार्जन र सूचीकरण हुन आवेदन गरेका समुदायको विस्तृत रुपमा समाज वैज्ञानिक अध्ययन गर्न आवश्यक स्रोत साधनको अभाव रहेकोले सूची परिमार्जन हुन सकेको छैन।

- आयोगले वार्षिक प्रतिवेदनहरुमार्फत संघ प्रदेश र स्थानीय सरकारलाई आदिवासी जनजातिको हक, अधिकारको संरक्षण र सम्बर्धन तथा उक्त समुदायको सशक्तीकरणसँग सम्बन्धित विषयहरुमा सिफारिस गर्दै आएको छ । विभिन्न अध्ययन, अनुसन्धान तथा अनुगमनमार्फत पनि आयोगले सम्बन्धित निकायलाई सुझाव कार्यान्वयनका लागि सिफारिस गर्दै आएको छ । यद्यपि सम्बन्धित निकायले आयोगका सिफारिसलाई प्राथमिकता दिई कार्यान्वियन गर्ने तत्परता नदेखाउँदा आयोगको कार्यसम्पादन नतिजामा प्रतिकूल असर परेको र आदिवासी जनजातिका हक अधिकारको संरक्षण, संवर्धन, उपभोग र सशक्तीकरणलाई कमजोर बनाएको छ ।
- आयोगमा मानव संसाधन, बजेट र प्रविधिगत क्षमताको अपर्याप्तता जस्ता समस्याहरु भोग्नु परेको अवस्थाले गर्दा आदिवासी जनजाति समुदायको विविधताको मर्म अनुसार कार्यसम्पादन गर्न आयोगलाई समस्या र चुनौती छ ।
- कानूनमा भएको व्यवस्था अनुसार आयोगको प्रदेश कार्यालय स्थापना हुन नसक्दा प्रदेशहरुमा आयोगको कार्य सम्पादन गर्न बाधा पुगेको र प्रादेशिक तहमा आदिवासी जनजातिका हक अधिकार तथा सशक्तीकरणका सवालहरुलाई संस्थागत गर्न चुनौतीपूर्ण देखिएको छ ।
- आदिवासी जनजातिसँग सम्बन्धित महत्वपूर्ण तथ्यांक संकलन, वर्गीकरण र उपयोगमा एकरूपता तथा अद्यावधिक प्रणालीको कमी छ । आयोगको आफ्नै भवन तथा पर्याप्त भौतिक पूर्वाधार नहुँदा दैनिक प्रशासनिक कामकाज र अभिलेख व्यवस्थापन गर्न समस्या छ ।
- आयोगको वार्षिक बजेटको कार्यक्रम खर्च शीर्षकमा पर्याप्त बजेटको व्यवस्था नहुंदा आदिवासी जनजाति समुदायको अपेक्षानुसार लक्ष्य तथा उद्देश्य पूरा गर्ने गरी कार्यक्रम संचालन गर्न तथा आदिवासी जनजातिसम्बद्ध नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्न चुनौती रहेको छ ।
- आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरू पर्याप्त छैनन् । भएका सिमित कार्यक्रमहरु पनि सबै आदिवासी जनजातिसम्म समानरूपमा पुग्न नसकेकोले आदिवासी जनजाति समुदायको हक हित र अधिकारको संरक्षण तथा संवर्द्धनका कार्यक्रमलाई सरकारका तीनै तहमा संस्थागत र आन्तरिकीकरण गर्न समस्या रहेको छ ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट हुने आदिवासी जनजाति समुदाय लक्षित कार्यक्रममा एकरुपता ल्याउने नीति नभएकोले प्रभावकारी समन्वय र अनुगमन गर्न चुनौती छ ।

### ८.३ नेपाल सरकारलाई आयोगको सिफारिस

१. आयोगको अध्ययन(२०८१) ले नेपालको सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व ज्यादै न्यून देखाएको छ । शिक्षक सेवामा ११.३ र निजामति सेवामा १६.९ प्रतिशत मात्र प्रतिनिधित्व छ । जनगणना (२०७८) को तथ्याङ्क अनुसार ३४.८७ प्रतिशत आदिवासी जनजातिको लागि संविधानको प्रावधान अनुसार समानुपातिक समावेशीता सुनिश्चित गर्न विशेष नीति ल्याउने ।

२ आयोगको कार्यसम्पादन नतिजा सरकारको कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्धित भएकोले आयोगले गरेको सिफारिस सरकारले कार्यान्वयन नगरेसम्म आयोगको कार्यसम्पादनले सार्थक नतिजा दिन सक्दैन । आयोगले गरेको सिफारिस कार्यान्वयन नहुँदा आदिवासी जनजाति समुदायको राज्य र सरकारप्रतिको विश्वास र अपनत्व नहुने भएकोले आयोगको सिफारिस कार्यान्वयनलाई सरकारी निकाय र पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउन आवश्यक कानुनी व्यवस्था गर्ने ।

३. नेपाल सरकारले आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणा पत्र (२००७) र अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि नं. १६९ (ILO169) को हस्ताक्षर र अनुमोदन गरेकोले कार्यान्वयनको लागि आवश्यक पर्ने कानुन निर्माण गर्न सर्वोच्च अदालतको मिति २०८२ जेष्ठ २२ को फैसलाले समेत निर्देशन गरेकोले

आदिवासी जनजातिको अधिकार र पहिचानसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप आन्तरिक कानुन निर्माण गरी लागू गर्ने ।

४. देशमा बेरोजगारीको समस्या बढ्दै गएको र वैदेशिक रोजगारीमा जाने अधिकांश युवाहरु आदिवासी जनजाति समुदायको रहेकोले उनीहरुलाई शिक्षा, रोजगारी, स्वास्थ्य र उद्यमशीलतालाई प्राथमिकता दिई स्वदेशमै रोजगार तथा स्वरोजगारका अवसरहरु सृजना गर्न तीनै तहका सरकारहरुले लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

५. आदिवासी जनजाति समुदायको समग्र विकासको लागि लक्षित नीति तथा कार्यक्रम संचालन गर्न उनीहरुको भाषिक, साँस्कृतिक, सामाजिक र आर्थिक सूचकाङ्कको छुट्टै तथ्यांक प्रणाली विकास गरी लागू गर्ने ।

६. आदिवासी जनजाति नीति तथा कार्यक्रम कार्यान्वयनको लागि संविधान कानुन तथा अन्तर्राष्ट्रिय अनुवन्ध घोषणा, सम्झौता लगायतका अन्तर्राष्ट्रिय कानुनसँग सम्बन्धित आदिवासी जनजाति अधिकार नीति निर्माता जनप्रतिनिधि र कार्यान्वयन गर्ने कर्मचारीलाई अवगत हुन आवश्यक भएकोले उनीहरुको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७. आदिवासी जनजाति समुदायका जातीय संघ संस्थाहरुको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनको लागि विद्यमान कानुनी व्यवस्था अपर्याप्त भएकोले हालको जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने प्रावधानको सट्टा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा आदिवासी जनजातिसँग सम्बन्धित उपयुक्त निकाय स्थापना गरी उक्त संस्थालाई जिम्मेवारी दिने ।

परिच्छेद - नौ

# आयोगको आगामी कार्यदिशा

## ९.१ पृष्ठभूमि

नेपालमा आदिवासी जनजातिको हक अधिकार संवैधानिक रूपमा सुनिश्चित गरिए तापनि यसको कार्यान्वयनबाट प्राप्त उपलब्धि अझै कमजोर रहेको छ। उनीहरूको सार्थक सहभागिता, नीति निर्माणमा प्रभावकारी भूमिका तथा नेतृत्व विकासका अवसरहरू सुनिश्चित गर्नु अहिलेको प्रमुख आवश्यकता हो। समावेशीकरणलाई केवल संख्यात्मक उपलब्धिमा सीमित नराखी गुणात्मक रूपमा प्रभावकारी बनाउन राजनीतिक प्रतिबद्धता, नीतिगत सुधार तथा संस्थागत पुनर्संरचनाका प्रयास आवश्यक छन्। आदिवासी जनजातिको सशक्त प्रतिनिधित्व सुनिश्चित गरिएन भने संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणको लक्ष्य अपूर्ण रहन्छ। आदिवासी जनजातिको सार्थक सहभागिता सुनिश्चित गर्नु केवल संवैधानिक दायित्व मात्र होइन, लोकतन्त्रको सुदृढीकरण, सामाजिक न्याय तथा दिगो विकासका लागि पनि अपरिहार्य छ। नीति निर्माता, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूले समावेशीकरणलाई केवल सांकेतिक उपलब्धिको रूपमा मात्र नभई व्यवहारिक र प्रभावकारी रणनीतिका रूपमा स्थापित गर्न दीर्घकालीन सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक छ। संविधान तथा ऐन कानुन प्रदत्त जिम्मेवारीको परिधिभित्र रही आदिवासी जनजाति समुदायको हक, अधिकारको संरक्षण, सम्वर्धन र सशक्तीकरणको लागि आयोगले कार्यान्वयन गर्ने आगामी कार्यक्रम तथा क्रियाकलापहरु तल प्रस्तुत गरिएको छ। आयोगको आ.ब. ०८१–८२ को स्वीकृत कार्यक्रम अनुसूची–३ मा राखिएको छ।

## ९.१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन र राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्ने

- आदिवासी जनजातिसँग सम्बन्धित विवरण सङ्कलन गरी अभिलेख निर्माण गर्ने
- आदिवासी जनजाति सम्बन्धी प्रकाशित सामग्रीहरु सङ्कलन गरी सङ्कलित सामग्रीको विधागत रुपमा समीक्षा गर्ने। समीक्षा प्रतिवेदनका आधारमा विधागत र विषयगत रुपमा अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको अधिकारका लागि भएका प्रयासको अध्ययन गरी अभिलेखीकरण गर्ने,
- आदिवासी जनजाति राष्ट्रिय नीति तर्जुमा गर्ने र
- आदिवासी जनजातिको सूची तथा वर्गीकरण परिमार्जन सम्बन्धमा अध्ययन गर्ने।

## ९.२ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धनका लागि नीति तथा कानुनको अध्ययन र कार्यान्वयनको अनुगमन

- आदिवासी जनजातिसँग सरोकार राख्ने कानुनको पहिचान गर्ने,
- विद्यमान कानुनको अध्ययन गरी सुधारको क्षेत्र र सम्बोधन हुन नसकेका विषय पहिचान गर्ने,
- कानुनमा गर्नुपर्ने सुधारका विषय र थप नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषय नेपाल सरकारलाई सिफारिस गर्ने,
- पहिचान भएका कार्यक्रमको कार्यान्वयन पक्षको अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने,
- आदिवासी जनजातिसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक संरचनाको अवस्था अध्ययन गर्ने,
- कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने र
- आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गर्ने।

### ९.३ आर्थिक, सामाजिक विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा सम्बन्धमा

- परम्परागत प्रथा, ज्ञान, कला, सीपलाई संरक्षण संवर्द्धन गर्ने तथा सामाजिक, आर्थिक र भाषिक लगायतका विषयमा विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी छलफल, गोष्ठी तथा अन्तक्रिया सञ्चालन गर्ने,
- आदिवासी जनजातिको सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गर्ने,
- प्रादेशिक तथा स्थानीय तहका कार्यालयमा आदिवासी जनजातिका भाषामा नागरिक वडापत्र तयार गरी लागू गर्न सम्बन्धित पक्षसँग कार्यान्वयनको अवस्थाको विषयमा समन्वय गर्ने,
- आदिवासी जनजातिले परापूर्वकालदेखि वैयक्तिक र सामूहिक रुपमा भोगचलन गर्दै आएको भूमि, भू-क्षेत्रको स्वामित्व र नियन्त्रण स्थापित गर्ने सम्बन्धमा अध्ययन गर्ने,
- आदिवासी जनजातिको भूमिमा सञ्चालन हुने परियोजनामा उनीहरूको हिस्सेदारी एवं स्वतन्त्र र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) को कार्यविधिको मस्यौदा तयार गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,
- आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि विशेष, स्वायत्त र संरक्षित क्षेत्र निर्धारणका लागि अध्ययन गर्ने ।

### ९.४ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति जगेर्ना र प्रवर्द्धन सम्बन्धमा

- आदिवासी जनजाति समुदायको भौतिक र अभौतिक संस्कृतिको पहिचान गरी वर्गीकरण गर्ने,
- आदिवासी जनजातिको पुर्ख्यौली उद्गमस्थलको पहिचान गर्ने,
- आदिवासी जनजातिको जीवित सङ्ग्रहालय स्थापनाको लागि अध्ययन गर्ने,
- सांस्कृतिक सम्पदा संरक्षण महासन्धी कार्यान्वयन सम्बन्धमा अनुगमन तथा सम्बन्धित निकायसँग छलफल गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा आदिवासी जनजाति समुदायको सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका कार्यक्रम अघि बढाउने र
